# आर्थिक गतिविधि अध्ययन

(एकीकृत)

## वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०७८/७९)




नेपाल राष्ट्र बैंक

आर्थिक अनुसन्धान विभाग

पुस २०७९

# भूमीका

नेपाल राष्ट्र बैंकले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, मुद्रा प्रदाय तथा विदेशी विनिमय जस्ता विषयमा नियमित अध्ययन गरी नीति निर्माण गर्ने कार्य गर्दछ। बैंकले नेपाल सरकार, सार्वजनिक निकाय तथा निजी क्षेत्रबाट आर्थिक तथा वित्तीय विषयमा आवश्यक सूचना एवं तथ्याङ्क संकलन गरी सोको प्रशोधन तथा विश्लेषण गरी अध्ययन कार्य गर्ने गरेको छ। वास्तविक क्षेत्रसँग सम्बन्धित तथ्याङ्कको विश्लेषणमार्फत् मौद्रिक एवं वित्तीय नीतिको तर्जुमा, कार्यान्वयन र समीक्षा गर्नुपर्ने भएकाले बैंकले आर्थिक अनुसन्धान विभाग तथा प्रदेशस्थित कार्यालयहरुमार्फत् वार्षिक तथा अर्धवार्षिक रुपमा आर्थिक गतिविधि अध्ययन गरी प्रतिवेदन प्रकाशन गर्दै आएको छ।

समयमै प्राप्त हुने विश्वसनीय तथ्याङ्क तथा सूचना नै आर्थिक गतिविधि विश्लेषण तथा प्रक्षेपणका मूल आधार हुन्। आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा सूचनाको विश्लेषणबाट मुलुकको आर्थिक विकासको अवस्थाको जानकारी भई आवश्यक नीति तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्न सहयोग पुग्दछ। साथै, तथ्याङ्क तथा सूचनाको माध्यमबाट अर्थतन्त्रका विविध क्षेत्रमा हुने परिवर्तनलाई समयमै पहिचान गरी उपयुक्त सुझावमार्फत् सरकारका नीति तथा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नमा नेपाल राष्ट्र बैंकले सहयोग पुऱ्याउँदै आएको छ।

संघीय संरचना कार्यान्वयन भएपश्चात् प्रशासनिक विभाजनको स्वरुप परिवर्तन भई तीन तहको सरकार रहने संवैधानिक व्यवस्थाबमोजिम प्रादेशिक संरचनाअनुसार आर्थिक गतिविधि अध्ययन गर्ने गरिएको छ। आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित) मा व्यवस्था भएबमोजिम नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयबाट प्राप्त प्रतिवेदन, स्थलगत सर्वेक्षण, सरोकारवालासँगको अन्तरक्रिया र विभिन्न स्रोतबाट संकलन गरिएको द्वितीय तथ्याङ्कका आधारमा देशका सम्पूर्ण जिल्ला समेटी यो एकीकृत प्रतिवेदन तयार पारिएको छ। एकिकृत प्रतिवेदन प्रकाशनअगाडि नै प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरी प्रकाशन गरिएको छ। संघीय संरचनाको परिवेशमा पर्याप्त तथ्याङ्क लक्षित समयमा नै उपलब्ध हुन नसकिरहेको कारण यस अध्ययन प्रतिवेदनका केही सीमाहरु रहेका छन्।

यो प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी कार्यालयहरु, निजी क्षेत्रका संस्थाहरु तथा तथ्याङ्क संकलन गर्न सहयोग पुऱ्याउनु हुने यस बैंकका प्रदेशस्थित कार्यालयप्रति आभार प्रकट गर्दछु। यस प्रतिवेदन तयार पार्न संयोजन गर्नुहुने निर्देशक श्री लक्ष्मी प्रसाद प्रसाईलाई विशेष धन्यवाद दिन चाहन्छु। यसैगरी, यो प्रतिवेदन तयार पार्न संलग्न हुनुहुने आर्थिक विकास शाखाका उप-निर्देशकद्वय श्री प्रेम प्रसाद आचार्य र श्री जय नारायण प्रधान, सहायक निर्देशकत्रय श्री टिकाराम तिमिल्सिना, श्री प्रतिभा थापा र श्री निरज घिमिरे, अधिकृत श्री राम कुमार थापा तथा सहायक श्री कुशल ढकाललाई धन्यवाद दिन चाहन्छु।

**डा. प्रकाश कुमार श्रेष्ठ**
कार्यकारी निर्देशक

# विषय-सूची


| | | | पेज नं. |
|---|---|---|---|
| **सारांश** | | | |
| **परिच्छेद १ :** | **अध्ययन परिचय** | | १ |
| **परिच्छेद २ :** | **अन्तर्राष्ट्रिय आर्थिक स्थिति** | | ३ |
| **परिच्छेद ३ :** | **कृषि क्षेत्र** | | ७–२१ |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| | ३.२ | कृषि उत्पादन | ८ |
| | ३.३ | पशुपन्छी, माछा तथा वनजन्य उत्पादन | १० |
| | ३.४ | सिँचाइ | १२ |
| | ३.५ | क्षेत्रगत कृषि कर्जा | १३ |
| | ३.६ | सहुलियतपूर्ण कृषि कर्जा | १४ |
| | ३.७ | कृषि क्षेत्रका चुनौती र सम्भावना | १७ |
| **परिच्छेद ४ :** | **उद्योग क्षेत्र** | | २२–२९ |
| | ४.१ | उद्योगको विवरण | २२ |
| | ४.२ | उद्योगको क्षमता उपयोग र उत्पादन | २३ |
| | ४.३ | क्षेत्रगत औद्योगिक कर्जा | २५ |
| | ४.४ | औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | २६ |
| **परिच्छेद ५ :** | **सेवा क्षेत्र** | | ३०–४३ |
| | ५.१ | पर्यटन | ३० |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | ३२ |
| | ५.३ | वित्तीय सेवा | ३४ |
| | ५.४ | सेवा क्षेत्र कर्जा | ३५ |
| | ५.५ | यातायात तथा सञ्चार | ३६ |
| | ५.६ | सहुलियतपूर्ण कर्जा | ३७ |
| | ५.७ | विपन्न वर्ग कर्जा | ३८ |
| | ५.८ | पुनरकर्जा | ३९ |
| | ५.९ | सहकारी क्षेत्र | ३९ |
| | ५.१० | सेवा क्षेत्रको चुनौती र सम्भावना | ४० |
| **परिच्छेद ६ :** | **पूर्वाधार क्षेत्र** | | ४४–५२ |
| | ६.१ | पूर्वाधार स्थिति | ४४ |
| | ६.२ | राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति | ४७ |
| | ६.३ | पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | ४९ |
| **परिच्छेद ७ :** | **वाह्य क्षेत्र र रोजगारी** | | ५३–५९ |
| | ७.१ | वैदेशिक व्यापार | ५३ |
| | ७.२ | रोजगारी | ५७ |
| | ७.३ | बाह्य क्षेत्रका चुनौती र सम्भावना | ५९ |
| **परिच्छेद ८ :** | **संघीय एवं प्रादेशिक कार्यक्रम तथा योजना** | | ६०–६८ |
| | ८.१ | संघीय र प्रदेशगत बजेटको वार्षिक प्रगति | ६० |
| | ८.२ | आर्थिक वर्ष २०७९/८० को प्रदेशगत बजेट र कार्यक्रमहरुको संक्षिप्त विवरण | ६१ |
| | ८.३ | नेपालको सार्वजनिक ऋणको अवस्था | ६६ |
| | ८.४ | अन्य कार्यक्रमको कार्यान्वयन | ६७ |
| **परिच्छेद ९ :** | **आर्थिक परिदृष्य** | | ६९ |

# तालिकाहरुको सूची


| तालिका नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| तालिका २.१ | विश्वको आर्थिक वृद्धिदर | ३ |
| तालिका २.२ | जी ७ देशहरुको आर्थिक वृद्धिदर र बेरोजगारीको स्थिति | ३ |
| तालिका २.३ | नेपालीको वैदेशिक रोजगारको प्रमुख गन्तव्य मुलुकहरुको आर्थिक वृद्धिदर | ४ |
| तालिका २.४ | दक्षिण एशियाली देशहरुको आर्थिक वृद्धिदर | ४ |
| तालिका २.५ | सन् २०२१/२२ मा नेपाल, भारत र चीनको क्षेत्रगत वृद्धिदर तथा हिस्सा (प्रतिशतमा) | ५ |
| तालिका २.६ | विश्वको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत) | ५ |
| तालिका २.७ | विश्वको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत) | ५ |
| तालिका २.८ | दक्षिण एशियाली मुलुक तथा चीनको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत) | ६ |
| तालिका ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ८ |
| तालिका ३.२ | धान बालीको उत्पादन | ९ |
| तालिका ३.३ | कृषि बालीको उत्पादन (मे.टन) | १० |
| तालिका ३.४ | प्रमुख पशुपन्छी, माछा तथा वनजन्य उत्पादन | ११ |
| तालिका ३.५ | सिञ्चित क्षेत्रफलमा प्रदेशगत हिस्सा | १३ |
| तालिका ३.६ | सहुलियतपूर्ण कर्जाको विवरण | १४ |
| तालिका ३.७ | कृषि क्षेत्रको प्रदेशगत चुनौती | १७ |
| तालिका ३.८ | कृषि क्षेत्रको प्रदेशगत सम्भावना | १९ |
| तालिका ४.१ | आ.व. २०७८/७९ मा उद्योग विभागमा दर्ता भएका उद्योगको विवरण | २२ |
| तालिका ४.२ | उद्योग दर्ताको प्रदेशगत विवरण | २२ |
| तालिका ४.३ | प्रदेशगत औद्योगिक कर्जा | २५ |
| तालिका ४.४ | उद्योग क्षेत्रका प्रदेशगत चुनौती | २७ |
| तालिका ४.५ | उद्योग क्षेत्रका प्रदेशगत सम्भावना | २८ |
| तालिका ५.१ | स्तर वर्गीकरण भएका होटल तथा रिसोर्टहरुको विवरण | ३१ |
| तालिका ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | ३३ |
| तालिका ५.३ | प्रदेशगत सेवा क्षेत्र कर्जा | ३६ |
| तालिका ५.४ | सवारी साधन दर्ताको प्रदेशगत विवरण | ३७ |
| तालिका ५.५ | सेवा क्षेत्रका प्रदेशगत चुनौती | ४१ |
| तालिका ५.६ | सेवा क्षेत्रका प्रदेशगत सम्भावना | ४३ |
| तालिका ६.१ | सडकको हालसम्को प्रगति विवरण | ४५ |
| तालिका ६.२ | राष्ट्रिय गौरवका आयोजनाको विवरण | ४८ |
| तालिका ६.३ | पूर्वाधार क्षेत्रका प्रदेशगत चुनौती | ५१ |
| तालिका ६.४ | पूर्वाधार क्षेत्रका प्रदेशगत सम्भावना | ५२ |

| | | |
|---|---|---|
| तालिका ७.१ | आर्थिक वर्ष २०७८/२०७९ मा नेपालको आयात निर्यात स्थिति | ५४ |
| तालिका ७.२ | आर्थिक वर्ष २०७८/७९ को आयात र निर्यातको संरचना | ५५ |
| तालिका ७.३ | कृषिजन्य वस्तु आयात निर्यातको अवस्था | ५५ |
| तालिका ७.४ | भन्सार विन्दुको आधारमा वैदेशिक व्यापारको प्रदेशगत स्थिति | ५६ |
| तालिका ७.५ | भन्सार विन्दुको आधारमा आयात निर्यात गरिएका मुख्य वस्तुहरु | ५७ |
| तालिका ७.६ | प्रदेशगत आधारमा निर्यात सम्भावना भएका वस्तु | ५८ |
| तालिका ७.७ | २०७९ असार मसान्तसम्मको प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धी विवरण | ५८ |
| तालिका ७.७ | २०७९ असार मसान्तसम्मको प्रधानमन्त्री रोजगार कार्यक्रमसम्बन्धी विवरण | ५८ |
| तालिका ७.८ | आर्थिक वर्ष २०७८/७९ मा जारी श्रम स्वीकृतिको प्रदेशगत विवरण | ५९ |
| तालिका ७.९ | दक्षताको आधारमा आ.व. २०७८/७९ मा जारी श्रम स्वीकृति संख्या | ५९ |
| तालिका ८.१ | आर्थिक वर्ष २०७८/७९ को संघीय बजेटको वार्षिक प्रगति विवरण | ६१ |
| तलिका ८.२ | आर्थिक वर्ष २०७८/७९ को प्रदेशगत बजेटको वार्षिक प्रगति विवरण | ६१ |
| तलिका ८.३ | आर्थिक वर्ष २०७९/८० को प्रदेशगत बजेट विवरण | ६३ |
| तलिका ८.४ | आर्थिक वर्ष २०७९/८० को प्रदेशगत बजेटको विवरण | ६३ |
| तलिका ८.५ | नेपालको सार्वजनिक ऋणको अवस्था | ६८ |
| तलिका ८.६ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको लक्ष्य तथा कार्यान्वयन अवस्था | ६९ |

## चार्टहरुको सूची


| चार्ट नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| चार्ट ३.१ | प्रमुख खाद्यन्न बालीले ढाकेको क्षेत्रफल | ७ |
| चार्ट ३.२ | प्रमुख कृषि बालीको उत्पादन | ९ |
| चार्ट ३.३ | प्रदेशगत दूध, मासु, अण्डा र माछा उत्पादन हिस्सा | १२ |
| चार्ट ३.४ | सिँचाई क्षेत्रफलमा भएको विस्तार | १३ |
| चार्ट ३.५ | कृषि कर्जाको प्रदेशगत हिस्सा | १४ |
| चार्ट ४.१ | प्रमुख उद्योगको क्षमता उपयोग | २३ |
| चार्ट ४.२ | औद्योगिक कर्जा लगानी स्थिति | २५ |
| चार्ट ४.३ | औद्योगिक कर्जामा प्रदेशगत कर्जाको हिस्सा | २६ |
| चार्ट ५.१ | पर्यटन आगमन संख्या (हवाई मार्गबाट) | ३० |
| चार्ट ५.२ | घरजग्गा रजिष्ट्रेशनको प्रदेशगत हिस्सा | ३३ |
| चार्ट ५.३ | बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | ३४ |
| चार्ट ५.४ | निक्षेप तथा कर्जा स्थिति | ३५ |
| चार्ट ५.५ | प्रदेशगत कुल कर्जा कुल निक्षेप अनुपात | ३५ |
| चार्ट ५.६ | सेवा क्षेत्रमा प्रदेशगत हिस्सा | ३८ |
| चार्ट ५.७ | प्रदेशगत सहुलियतपूर्ण कर्जाको हिस्सा | ३७ |
| चार्ट ५.८ | प्रदेशगत विपन्न कर्जाको हिस्सा | ३९ |
| चार्ट ५.९ | प्रदेशगत पुर्नकर्जाको हिस्सा | ३९ |
| चार्ट ५.१० | नमूना छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाको विवरण | ४० |
| चार्ट ८.१ | आर्थिक वर्ष २०७८/७९ को संघीय बजेटको वार्षिक प्रगति विवरण | ६२ |
| चार्ट ८.२ | प्रदेशको एकिकृत बजेटको वार्षिक प्रगति प्रवृति | ६३ |
| चार्ट ८.३ | प्रदेशगत कुल बजेटमा खर्चको प्रवृति | ६४ |
| चार्ट ८.४ | नेपालको सार्वजनिक ऋण | ६८ |

# सारांश

## अन्तर्राष्ट्रिय स्थिति

१. अन्तर्राष्ट्रिय मुद्रा कोषको तथ्याङ्क अनुसार सन् २०२१ मा ६.० प्रतिशत रहेको विश्वको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर सन् २०२२ मा ३.२ प्रतिशत रहने प्रक्षेपण रहेको छ ।

२. सन् २०२० मा ऋणात्मक रहेको जी ७ अन्तर्गत रहेका विकसित देशहरुको आर्थिक वृद्धि सन् २०२१ मा सुधार भई ५.२ प्रतिशतले वृद्धि भएको छ भने २०२२ मा आर्थिक वृद्धिदर तथा बेरोजगारीका दरहरुमा गिरावट आउने प्रक्षेपण गरिएको छ ।

३. सन् २०२२ मा भारतको आर्थिक वृद्धिदर ९.२ प्रतिशत रह्यो भने चीनको आर्थिक वृद्धिदर ८.१ प्रतिशत रहन गयो ।

## कृषि

४. समीक्षा वर्षमा प्रमुख कृषि बालीको उत्पादन ०.३ प्रतिशतले घटेको छ । यस्ता बालीले ढाकेको भू-क्षेत्र भने ०.९ प्रतिशतले घटेको छ ।

५. तरकारी उत्पादनमा ७.० प्रतिशतले वृद्धि भएको छ । फलफूल र मसलाको उत्पादन क्रमशः ४.९ प्रतिशत र ५.४ प्रतिशतले बढेको छ ।

६. पशुजन्य उत्पादन अन्तर्गत दूध उत्पादन ३.९ प्रतिशत, मासु उत्पादन ४.५ प्रतिशत र अण्डा उत्पादन ३.५ प्रतिशतले वृद्धि भएको छ । वनजन्य उत्पादन अन्तर्गत काठ उत्पादन १३.१ प्रतिशत, दाउरा उत्पादन ५८.८ प्रतिशत, औषधिजन्य वस्तुको उत्पादन २३.६ प्रतिशतले बढेको छ ।

## उद्योग

७. समीक्षा वर्षमा उद्योगको क्षमता उपयोग औसतमा ५२.८ प्रतिशत रहेको छ ।

८. २०७९ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामा औद्योगिक क्षेत्रमा प्रवाह भएको कर्जाको अंश २६.७ प्रतिशत रहेको छ ।

## सेवा

९. सन् २०२२ मा हवाई मार्गबाट पर्यटक आगमन संख्या ४७९.६ प्रतिशतले वृद्धि भई ६ लाख १४ हजार १ सय ४८ जना पुगेको छ । समीक्षा वर्षको अन्तसम्ममा पर्यटकस्तरीय होटल तथा रिसोर्टको संख्या २७७ र शैया संख्या २० हजार ६ सय ८६ रहेको छ ।

१०. घरजग्गा रजिष्ट्रेशन संख्या १२.८ प्रतिशतले बढेको तथा रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व १६.२ प्रतिशतले घटेको छ । घर भवन स्थायी नक्शा पास संख्या भने ०.२ प्रतिशतले घटेको छ ।

११. २०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाको निक्षेप ८.५ प्रतिशतले र कर्जा प्रवाह १२.५ प्रतिशतले वृद्धि भएको छ । २०७९ असार मसान्तमा औसत कर्जा-निक्षेप अनुपात ९१.३ प्रतिशत रहेको छ ।

१२. बैंक तथा वित्तीय संस्थाको कुल निक्षेपमा बागमती प्रदेशको अंश ६८.३ प्रतिशत र कुल कर्जामा यस प्रदेशको अंश ५५.९ प्रतिशत रहेको छ ।

१३. समीक्षा अवधिमा यातायात साधनको संख्या १२.६ प्रतिशतले वृद्धि भएको छ ।

## पूर्वाधार

१४. २०७९ असार मसान्तसम्म विद्युत जडित क्षमता २ हजार १ सय ८९ मेगावाट पुगेको छ ।

१५. नेपालमा उडान भर्ने अन्तर्राष्ट्रिय वायुसेवाको संख्या २९ रहेको छ भने पक्की धावन मार्गसहित सबै मौसममा सञ्चालनमा रहेका विमानस्थलको संख्या ३३ रहेको छ ।

# परिच्छेद १
# अध्ययन परिचय

## १.१ पृष्ठभूमी

मौद्रिक नीति तथा विदेशी विनिमय नीतिमार्फत् मूल्य स्थायित्व, वाह्य क्षेत्र स्थायित्व, समग्र वित्तीय क्षेत्र स्थायित्व तथा आर्थिक वृद्धिको लागि साधन सुनिश्चित गर्नु नेपाल राष्ट्र बैंकको उद्देश्यहरु रहेका छन् । बैंकले देशको आर्थिक गतिविधिसम्बन्धी अध्ययन गरी सोहीबमोजिम आर्थिक नीति निर्माण गर्दै आएको छ । बैंकले यस्ता अध्ययनमार्फत् सरोकारवालाहरुलाई नीति निर्माण र आर्थिक निर्णयहरु गर्न समेत सहयोग पु¥याउँदै आएको छ ।

नेपाल राष्ट्र बैंङ्कले वि.सं. २०२५ देखि उपत्यका बाहिर रहेका शाखा तथा उपशाखा कार्यालयमा सम्वाददाता फाँटको व्यवस्था गरी आर्थिक गतिविधिसँग सम्बन्धित सूचना एवं तथ्याङ्क संकलन गर्ने गरेको थियो । उक्त फाँटले स्थानीय आर्थिक गतिविधिको जानकारी तोकिएको ढाँचामा समय-समयमा अनुसन्धान विभागमा पठाउने गर्दथ्यो । वि.सं. २०३२ मा कार्य निर्देशिका जारी गरी सम्वाददाता फाँटलाई क्षेत्रीय अनुसन्धान केन्द्रमा परिणत गरियो । क्षेत्रीय अनुसन्धान केन्द्रबाट आर्थिक गतिविधि सम्बन्धी अध्ययन हुने गरेकोमा वि.सं. २०४९ देखि उपत्यका बाहिरका कार्यालयमा बैंकिङ्ग विकास तथा अनुसन्धान ईकाइको व्यवस्था गरी क्षेत्रीय स्तरमा सोही ईकाइ तथा आर्थिक अनुसन्धान विभाग, आर्थिक विकास महाशाखामार्फत् काठमाडौं उपत्यका एवं आसपासका क्षेत्रका आर्थिक गतिविधिको अध्ययन कार्य नियमित रुपमा हुँदै आएको थियो ।

आर्थिक वर्ष २०६७/६८ देखि "नेपाल राष्ट्र बैङ्कका उपत्यका बाहिरका कार्यालयद्वारा सम्पादन गरिने अध्ययन-अनुसन्धान कार्यसम्बन्धी मार्गदर्शन, २०६७" अनुरुप देशका ४१ जिल्ला समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरेको थियो । आर्थिक वर्ष २०७०/७१ देखि देशका ४७ जिल्ला समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्न थालियो । आर्थिक वर्ष २०७३/७४ देखि १० जिल्ला थप गरी ५७ जिल्लाको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरिएको थियो ।

देश संघीय संरचनामा गएपश्चात् आर्थिक गतिविधि अध्ययन प्रतिवेदनलाई संघीय संरचनाअनुरुप प्रकाशन गर्ने उद्देश्यले आर्थिक वर्ष २०७६/७७ देखि देशका ७ वटै प्रदेशका ७७ जिल्लालाई समावेश गरी एकीकृत र प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनहरु तयार गर्ने गरिएको छ ।

यस प्रतिवेदनले आर्थिक वर्ष २०७८/७९ मा भएका आर्थिक गतिविधिहरुलाई समेटेको छ । खासगरी कृषि, उद्योग, सेवा, पूर्वाधार र रोजगारी क्षेत्रमा आएका परिवर्तनलाई समेट्ने प्रयास गरेको छ । साथै, संघीय र प्रादेशिक वित्त स्थितिलाई समेटेको छ ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य संघीय संरचना अनुसार तीन तहको सरकार रहने संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचनाअनुसार आर्थिक गतिविधि अध्ययन/विश्लेषण गर्ने र आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एवं तथ्याङ्कको दायरा विस्तार गर्ने रहेको छ । साथै, विभिन्न आर्थिक क्षेत्रहरुको स्थिति र यसमा भइरहेको परिवर्तनहरुलाई विश्लेषण गर्ने समेत यस अध्ययनको उद्देश्य रहेको छ ।

## १.३ अध्ययन विधि

आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्नका लागि आवश्यक पर्ने अधिकांश तथ्याङ्क तथा सूचना स्थलगत भ्रमण गरी संकलन गरिएको छ । कृषिसम्बन्धी तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास

मन्त्रालय, प्रादेशिक भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय एवं मातहतका निर्देशनालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट संकलन गरिएको छ। औद्योगिक उत्पादनसम्बन्धी तथ्याङ्क नमूना छनौटमा परेका उद्योगबाट स्थलगत भ्रमण गरी संकलन गरिएको छ भने बैंकिङ्ग तथ्याङ्क बैंक तथा वित्तीय संस्थाबाट संकलन गरिएको छ।

यसैगरी, पर्यटनसँग सम्बन्धित तथ्याङ्क पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, होटल व्यवसायी संघ एवं नमूना छनौटमा परेका होटलबाट, घरजग्गा नक्शापास तथ्याङ्क नगरपालिकाबाट, पूर्वाधारसम्बन्धी तथ्याङ्क अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा पूर्वाधार विकास कार्यालयहरुबाट संकलन गरिएको छ। स्थानीय सरकार, बैंक तथा वित्तीय संस्था एवं अन्य निजी/सार्वजनिक निकायबाट द्वितीय तथ्याङ्क संकलन गरिएको छ।

तथ्याङ्क तथा सूचना संकलनको लागि इमेल, फ्याक्स, वेवसाइट, EMAP तथा टेलिफोनलगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ। पूर्वाधार, संघीय आयोजना, परियोजना तथा कार्यक्रम लगायतका केही तथ्याङ्क आर्थिक सर्वेक्षणबाट समेत लिइएको छ। समीक्षा वर्ष, गत वर्ष र दुई वर्ष अघिको तथ्याङ्क संकलन गरी समीक्षा वर्ष र गत वर्षको प्रतिशत परिवर्तनको आधारमा तथ्याङ्क विश्लेषण गरिएको छ।

## १.४ अध्ययनको सीमा

प्रत्येक जिल्लाबाट तथ्याङ्क संकलन गरी एकीकृत गरिएकोले कृषि उत्पादन, सिँचाई, पूर्वाधार लगायतका तथ्याङ्क देशको समग्र तथ्याङ्कसँग केही फरक पर्न गएका छन्। देश संघीय संरचनामा गएपश्चात् कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्य एवं सञ्चार लगायतका तथ्याङ्कलाई व्यवस्थित गर्ने कार्य जारी रहेकाले यससम्वन्धी तथ्याङ्क पूर्ण रुपमा संकलन गर्न कठिनाई रहेको स्थिति छ। यसर्थ, तीनै तहका सरकारी कार्यालयहरुले तथ्याङ्क संकलन र व्यवस्थापनलाई प्राथमिकतामा राख्नु पर्ने आवश्यकता छ। कतिपय निजी उद्योग तथा प्रतिष्ठानहरुले तथ्याङ्क उपलव्ध गराउन हिच्किचाउने, समयमा नै उपलव्ध नगराउने र अपूर्ण तथ्याङ्क दिने गरेकोले यथार्थ आर्थिक स्थिति समयमा नै उजागर गर्न कठिनाई हुने गरेको स्थिति छ।

## १.५ अध्ययन प्रतिवेदनको ढाँचा

अध्ययनलाई ९ वटा परिच्छेदमा प्रस्तुत गरिएको छ। परिच्छेद १ मा अध्ययनको परिचय, परिच्छेद २ मा कृषि, उद्योग र सेवा क्षेत्रको अन्तर्राष्ट्रिय स्थिति, परिच्छेद ३ मा कृषि, परिच्छेद ४ मा उद्योग, परिच्छेद ५ मा सेवा, परिच्छेद ६ मा पूर्वाधार र परिच्छेद ७ मा वाह्य क्षेत्र तथा रोजगारीसँग सम्बन्धित तथ्याङ्क प्रस्तुत गरिएको छ। यसैगरी, परिच्छेद ८ मा संघीय एवं प्रादेशिक योजना तथा कार्यक्रम र परिच्छेद-९ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ।

# परिच्छेद २
# अन्तर्राष्ट्रिय आर्थिक स्थिति

## २.१ विश्व आर्थिक स्थिति

विकसित मुलुकहरुले अवलम्वन गरेको प्रारम्भिक नीतिगत प्रयासहरु र कोभिड-१९ विरुद्ध खोपको उपलब्धताका कारण गत वर्षदेखि पुनरुत्थान हुन थालेको विश्व अर्थतन्त्रमा अझ केही चुनौतीहरु विद्यमान छन् । रुस युक्रेन युद्ध, अधिकांश देशमा कसिलो मौद्रिक नीति, बढ्दो ब्याजदर तथा मुद्रास्फीतिका कारण अधिकांश मुलुकहरुको आीर्थक गतिविधिमा कमी आई आर्थिक वृद्धिदर घट्ने आंकलन रहेको छ । रुस युक्रेन युद्धका कारण विश्व आपूर्ति तथा उत्पादन प्रणाली अवरुद्ध भई खाद्य तथा गैर खाद्य वस्तु र पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धि र अमेरिकी डलरको अधिमूल्यनका कारण विश्वव्यापी रुपमा मुद्रास्फीति बढेको छ । मुद्रास्फीति नियन्त्रण गर्न अधिकांश मुलुकहरुमा ब्याजदर बढाइएको छ ।

अन्तर्राष्ट्रिय मुद्रा कोषको तथ्याङ्क अनुसार सन् २०२१ मा ६.० प्रतिशत रहेको विश्वको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर सन् २०२२ मा ३.२ प्रतिशत र २०२३ मा २.७ प्रतिशत रहने प्रक्षेपण रहेको छ । यो आर्थिक वृद्धि विश्व आर्थिक मन्दी र कोभिड १९ महामारीको उच्च चरण (प्रभाव) बाहेक २००१ पछिको सबैभन्दा कमजोर वृद्धि रहेको अन्तर्राष्ट्रिय मुद्रा कोषले जनाएको छ ।

**तालिका २.१ : विश्वको आर्थिक वृद्धिदर**

| अर्थतन्त्र | २०२१ | २०२२प्र |
|---|---|---|
| विश्व अर्थतन्त्र | ६.० | ३.२ |
| विकसित अर्थतन्त्र | ५.२ | २.४ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | ६.६ | ३.७ |
| उदीयमान तथा विकासशील एशिया | ७.२ | ४.४ |
| उदीयमान तथा विकासशील युरोप | ६.८ | ० |
| मध्यपूर्व तथा मध्य एसिया | ४.५ | ५ |
| न्यून आय भएका विकासशील अर्थतन्त्र | ४.१ | ४.८ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, २०२२ अक्टोबर*

सन् २०२० मा ऋणात्मक रहेको जी ७ अन्तर्गत रहेका विकसित देशहरुको आर्थिक वृद्धि सन् २०२१ मा सुधार भई ५.२ प्रतिशतले वृद्धि भएको छ भने २०२२ मा आर्थिक वृद्धिदर तथा बेरोजगारीका दरहरुमा गिरावट आउने प्रक्षेपण गरिएको छ ।

**तालिका २.२ : विश्वको आर्थिक वृद्धिदर र बेरोजगारीको स्थिति**

| मुलुक | आर्थिक वृद्धिदर | | बेरोजगारी दर | |
|---|---|---|---|---|
| | २०२१ | २०२२प्र | २०२१ | २०२२प्र |
| क्यानडा | ४.५ | ३.३ | ७.४ | ५.३ |
| फ्रान्स | ६.८ | २.५ | ७.९ | ७.५ |
| जर्मनी | २.६ | १.५ | ३.६ | २.९ |
| इटाली | ६.७ | ३.२ | ९.५ | ८.८ |

| मुलुक | आर्थिक वृद्धिदर | | बेरोजगारी दर | |
|---|---|---|---|---|
| | २०२१ | २०२२प्र | २०२१ | २०२२प्र |
| जापान | १.७ | १.७ | २.८ | २.६ |
| बेलायत | ७.४ | ३.६ | ४.५ | ३.८ |
| अमेरिका | ५.७ | १.६ | ५.४ | ३.७ |

*स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, २०२२ अक्टोबर*

*प्र : प्रक्षेपण*

सन् २०२१ को तुलनामा सन् २०२२ मा नेपालीको प्रमुख वैदेशिक रोजगार गन्तव्य मुलुकहरुको अर्थतन्त्रमा सुधार हुँदै जाने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण रहेको छ। कोभिड महामारीका कारण सन् २०२० मा दक्षिण कोरिया, कतार, साउदी अरेबिया र मलेसिया लगायतका देशहरुको आर्थिक वृद्धिदर ऋणात्मक रहेको थियो जसले वैदेशिक रोजगारमा समेत नकारात्मक असर परेको थियो। सन् २०२१ मा यी श्रम गन्तव्य मुलुकहरुको आर्थिक वृद्धि केही सुधार भएको थियो भने २०२२ मा यस्ता मुलुकहरुको आर्थिक वृद्धिमा थप सुधार हुने प्रक्षेपण रहेको छ।

**तालिका २.३ : नेपालीको वैदेशिक रोजगारको प्रमुख गन्तव्य मुलुकहरुको आर्थिक वृद्धिदर**

| मुलुक | आर्थिक वृद्धिदर | |
|---|---|---|
| | २०२१ | २०२२प्र |
| अफगानिस्तान | - | - |
| बहराईन | २.२ | ३.४ |
| जापान | १.७ | १.७ |
| कुवेत | १.३ | ८.७ |
| मलेसिया | ३.१ | ५.४ |
| ओमान | ३.० | ४.४ |
| कतार | १.६ | ३.४ |
| साउदी अरेबिया | ३.२ | ७.६ |
| दक्षिण कोरिया | ४.१ | २.६ |
| यूएई | ३.८ | ५.१ |

*स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, २०२२ अक्टोबर*

कोभिड-१९ का कारण ऋणात्मक रहेको नेपालका छिमेकी मुलुकहरुको आर्थिक गतिविधि सन् २०२१ मा सुधार भएको थियो। सन् २०२२ मा छिमेकी मुलुकहरुमध्ये माल्दिभ्स, र श्रीलङ्का आर्थिक वृद्धि घट्ने र अन्य छिमेकी मुलुकको आर्थिक वृद्धिमा केही सुधार आउने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण रहेको छ। सन् २०२१ मा ३७.० प्रतिशत रहेको पर्यटनमा निर्भर माल्दिभ्सको आर्थिक वृद्धि सन् २०२२ मा ८.७ प्रतिशत रहने प्रक्षेपण रहेको छ।

**तालिका २.४ : दक्षिण एशियाली देशहरुको आर्थिक वृद्धिदर**

| मुलुक | २०२१ | २०२२प्र |
|---|---|---|
| बंगलादेश | ६.९ | ७.२ |
| भुटान | -३.३ | ४.० |
| भारत | ८.७ | ६.८ |
| माल्दिभ्स | ३७.० | ८.७ |
| नेपाल | ४.२ | ४.२ |
| पाकिस्तान | ५.७ | ६.० |
| श्रीलङ्का | ३.३ | -८.७ |

*स्रोत : अन्तर्राष्ट्रिय मुद्रा कोष, २०२२ अक्टोबर*

सन् २०२१/२२ मा भारतको आर्थिक वृद्धिदर ९.२ प्रतिशत र चीनको आर्थिक वृद्धिदर ८.१ प्रतिशत रहन गयो । सन् २०२१/२२ मा नेपाल, भारत तथा चीनको कुल गार्हस्थ्य उत्पादनमा तृतीय क्षेत्रको योगदान सबैभन्दा बढी रहेको छ। सन् २०२१/२२ मा भारतको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः २१.१ प्रतिशत, २५.९ प्रतिशत र ५३ प्रतिशत रहेको छ भने सोही अवधिमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको वृद्धिदर क्रमश : ३.९ प्रतिशत, ११.८ प्रतिशत र ८.२ प्रतिशत रहेको छ । साथै, चीनको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः ७.३ प्रतिशत, ३९.४ प्रतिशत र ५३.३ प्रतिशत रहेको छ भने प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको वृद्धिदर क्रमशः ७.१ प्रतिशत, ८.२ प्रतिशत र ८.२ प्रतिशत रहेको छ ।

**तालिका २.५ : सन् २०२१ /२२ मा नेपाल, भारत र चीनको क्षेत्रगत वृद्धिदर तथा हिस्सा (प्रतिशतमा)**

| क्षेत्र | भारत | | चीन | | नेपाल | |
|---|---|---|---|---|---|---|
| | हिस्सा | वृद्धिदर | हिस्सा | वृद्धिदर | हिस्सा | वृद्धिदर |
| प्राथमिक क्षेत्र | २१.१ | ३.९ | ७.३ | ७.१ | ३०.१ | २.४ |
| द्वितीय क्षेत्र | २५.९ | ११.८ | ३९.४ | ८.२ | १५.५ | १०.३ |
| तृतीय क्षेत्र | ५३.० | ८.२ | ५३.३ | ८.२ | ५४.४ | ६.० |
| **कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर** | **९.२** | | **८.१** | | **५.८** | |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०२२, आर्थिक सर्वेक्षण, भारत २०२१/२२*
*नेशनल ब्युरो अफ स्ट्याटिस्टिक्स, चीन २०२२*

## २.२ मूल्य स्थिति

अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२२ मा विश्वका अधिकांश अर्थतन्त्रको मूल्यवृद्धि दर सन् २०२१ को तुलनामा उच्च रहने प्रक्षेपण रहेको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२१ मा ४.७ प्रतिशत रहेको विश्व अर्थतन्त्रको मूल्यवृद्धि दर सन् २०२२ मा ८.८ प्रतिशत रहने प्रक्षेपण गरिएको छ।

**तालिका २.६ : विश्वको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)**

| अर्थतन्त्र | २०२१ | २०२२प्र |
|---|---|---|
| विश्व अर्थतन्त्र | ४.७ | ८.८ |
| विकसित अर्थतन्त्र | ३.१ | ७.२ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | ५.९ | ९.९ |
| उदीयमान तथा विकासशील एशिया | २.२ | ४.१ |
| उदीयमान तथा विकासशील युरोप | ९.५ | २७.८ |
| मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुकहरू | १४.२ | १४.२ |
| न्यून आय भएका विकासशील अर्थतन्त्र | १३.० | १४.२ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, २०२२ अक्टोबर*

सन् २०२१ को तुलनामा सन् २०२२ मा भारत र चीनको उपभोक्ता मुद्रास्फीतिदर बढ्ने प्रक्षेपण गरिएको छ। सन् २०२१ मा भारत र चीनको उपभोक्ता मुद्रास्फीति क्रमशः ५.५ प्रतिशत र ०.९ प्रतिशत रहेकोमा सन् २०२२ मा ६.९ प्रतिशत र २.२ प्रतिशत रहने प्रक्षेपण गरिएको छ। सन् २०२२ मा दक्षिण एसियाली मुलुकहरुमध्ये श्रीलङ्काको मुद्रास्फीति सबैभन्दा बढी र माल्दिभ्सको मुद्रास्फीति सबैभन्दा कम रहने देखिएको छ। विगत दुई वर्षदेखि नेपालको मुद्रस्फीति भारतको भन्दा कम रहन गएको छ।

**तालिका २.७ : दक्षिण एशियाली मुलुक तथा चीनको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)**

| मुलुक | २०२१ | २०२२[प्र] |
|---|---|---|
| बंगलादेश | ५.६ | ६.१ |
| भुटान | १२.६ | ७.७ |
| भारत | ५.५ | ६.९ |
| माल्दिभ्स | ०.२ | ४.३ |
| नेपाल | ३.६ | ६.३ |
| पाकिस्तान | ८.९ | १२.१ |
| श्रीलङ्का | ६.० | ४८.२ |
| चीन | ०.९ | २.२ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष २०२२, नेपाल राष्ट्र बैंक, २०७८*

अन्तर्राष्ट्रिय बजारमा २०७८ असार मसान्तमा प्रति ब्यारल ७४.५३ अमेरिकी डलर रहेको कच्चा पेट्रोलियमको मूल्य २०७९ असार मसान्तमा ५०.६ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ११२.२६ पुगेको छ। कोभिड-१९ को कारण संकुचनमा आएको विश्वको आर्थिक गतिविधि चलायमान भई तेलको माग बढ्दै गएको तथा रुस-युक्रेन युद्धका कारण विश्व आपूर्ति प्रणाली अवरुद्ध भएको कारणले कच्चा तेलको मूल्य अत्याधिक वृद्धि हुन गएको छ।


# परिच्छेद ३
# कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७८/७९ मा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवं फलफूल तथा मसला) ले ढाकेको कुल क्षेत्रफल नगन्य मात्राले घटेको छ । गत वर्ष यस्तो क्षेत्रफल १.१ प्रतिशतले बढेको थियो ।

**खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल १.७ प्रतिशतले घटेको छ । गत वर्ष यस्तो क्षेत्रफल ०.९ प्रतिशतले बढेको थियो । समग्र कृषि बालीको क्षेत्रफलमा धान बालीको क्षेत्रफल सबैभन्दा धेरै २९.२ प्रतिशत रहेको छ । प्रमुख खाद्य बालीमध्ये मकै बालीको क्षेत्रफल १९.३ प्रतिशत र गहुँ बालीको क्षेत्रफल १४.० प्रतिशत रहेको छ । कोदो बालीको क्षेत्रफल ५.३ प्रतिशत र जौ बालीको क्षेत्रफल ०.५ प्रतिशत मात्र रहेको छ ।

**चार्ट ३.१ : प्रमुख खाद्यन्न बालीले ढाकेको क्षेत्रफल (लाख हेक्टरमा)**




*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु*

**तरकारी :** समीक्षा वर्षमा तरकारी बालीले ढाकेको क्षेत्रफल ३.३ प्रतिशतले बढेको छ भने बागवानीले ढाकेको क्षेत्रफल १८.२ प्रतिशतले घटेको छ । गत वर्ष उक्त क्षेत्रफलहरु क्रमशः २.० प्रतिशत र ०.५ प्रतिशतले बढेका थिए ।

**फलफूल :** समीक्षा वर्षमा फलफूल बालीले ढाकेको क्षेत्रफल ३.० प्रतिशतले बढेको छ । गत वर्ष यस्ता बालीले ढाकेको क्षेत्रफल ६.४ प्रतिशतले बढेको थियो ।

**मसला :** समीक्षा वर्षमा मसला बालीले ढाकेको क्षेत्रफल ८.५ प्रतिशतले बढेको छ । गत वर्ष यस्ता बालीले ढाकेको क्षेत्रफल १.७ प्रतिशतले बढेको थियो ।

**प्रदेशगत स्थिति :** समीक्षा वर्षमा प्रदेश नं. १, मधेश प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदूरपश्चिम प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल घटेको छ भने बागमती प्रदेशमा मात्र खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल बढेको छ। तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफल बागमती प्रदेशमा घटेको छ भने बाँकी सबै प्रदेशमा वृद्धि भएको छ। समीक्षा वर्षमा प्रदेश नं. १ बाहेक अरू सबै प्रदेशमा फलफूल बालीले ढाकेको क्षेत्रफल वृद्धि भएको छ भने सबै प्रदेशमा मसला बालीले ढाकेको क्षेत्रफल वृद्धि भएको छ। धान बालीले ढाकेको कुल क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी (२५.८ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (२.६ प्रतिशत) रहेको छ। यस सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १(क-ख) मा प्रस्तुत गरिएको छ।

**तालिका ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र**

| प्रदेश | क्षेत्रफल (हेक्टर) | | | | प्रदेशगत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला |
| प्रदेश नं. १ | ९१२१७३.५ | ५६१३५.८ | २९९४१.७ | २८३३९.० | २१.१ | १२.१ | १५.७ | ३९.४ |
| मधेश प्रदेश | ८४३७४१.० | २४५२३९.० | ६५६९७.५ | ७५२७.७ | १९.५ | ५२.७ | ३४.५ | १०.५ |
| बागमती प्रदेश | ५६९३४३.० | ५४८६२.० | २२११५.५ | ७२२७.० | १३.२ | ११.८ | ११.६ | १०.० |
| गण्डकी प्रदेश | ४४८२७६.३ | २४००१.७ | १७६३१.५ | ५१४१.० | १०.४ | ५.२ | ९.३ | ७.१ |
| लुम्बिनी प्रदेश | ८००५५७.० | ४०८७९.० | २११००.० | ९७४१.२ | १८.५ | ८.८ | ११.१ | १३.५ |
| कर्णाली प्रदेश | २७१६१२.० | २१०६०.७ | २३०८४.० | ५८३१.० | ६.३ | ४.५ | १२.१ | ८.१ |
| सुदूर पश्चिम प्रदेश | ४७४१६६.८ | २३२२९.० | १०८३४.६ | ८१३३.५ | ११.० | ५.० | ५.७ | ११.३ |
| **जम्मा** | **४३१९८६९.५** | **४६५४०७.३** | **१९०४०४.८** | **७१९४०.४** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु*


खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा बढी २१.१ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ६.३ प्रतिशत रहेको छ (तालिका ३.१)। तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी ५२.७ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.५ प्रतिशत रहेको छ। फलफूल बालीले ढाकेको क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी ३४.५ प्रतिशत र सुदूर पश्चिम प्रदेशको हिस्सा सबैभन्दा कम ५.७ प्रतिशत रहेको छ। यसैगरी, मसला बालीले ढाकेको क्षेत्रफलमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा बढी ३९.४ प्रतिशत र गण्डकी प्रदेशको हिस्सा सबैभन्दा कम ७.१ प्रतिशत रहेको छ।

## ३.२ कृषि उत्पादन

समीक्षा वर्षमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी र फलफूल तथा मसला) को कुल उत्पादन ०.३ प्रतिशतले घटेको छ। गत वर्ष यस्ता बालीको उत्पादन २.२ प्रतिशतले बढेको थियो।

**खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन २.४ प्रतिशतले घटेको छ भने गत वर्ष यस्तो उत्पादन १.९ प्रतिशतले बढेको थियो। समग्र कृषि बालीको उत्पादनमा धान बालीको उत्पादन हिस्सा सबैभन्दा बढी २१.८ प्रतिशत रहेको छ। यसैगरी मकै र गहुँ बालीको उत्पादनको समग्र कृषि उत्पादनमा क्रमशः १३.१ र ८.९ प्रतिशत रहेको छ।

**चार्ट ३.२ : प्रमुख कृषि बालीको उत्पादन (मे. टनमा)**




*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु*

### धान बालीको उत्पादनको प्रवृत्ति

विगत दश वर्षमा समग्र देशको धान बाली उत्पादनको तथ्याङ्क देहाय बमोजिम रहेको छ। दश वर्षको तथ्याङ्क विश्लेषण गर्दा समग्रमा धान बालीको उत्पादकत्वमा सामान्य वृद्धि भएको देखिन्छ। आधुनिक कृषि खेती तथा उन्नत विउको प्रयोग र मौसमी वर्षाले धान बालीको उत्पादकत्वमा केही वृद्धि भएको हो।

**तालिका ३.२ धान बालीको उत्पादन**

| आर्थिक वर्ष | क्षेत्रफल (हजार हेक्टरमा) | उत्पादन (हजार मेट्रिक टनमा) | उत्पादकत्व (मे.टन प्रति हेक्टर) |
|---|---|---|---|
| २०६९/७० | १४२० | ४५०४ | ३.२ |
| २०७०/७१ | १४८७ | ५०४७ | ३.४ |
| २०७१/७२ | १४२६ | ४७८९ | ३.४ |
| २०७२/७३ | १३६३ | ४२९९ | ३.२ |
| २०७३/७४ | १५५२ | ५२३० | ३.४ |
| २०७४/७५ | १४६९ | ५१५२ | ३.५ |
| २०७५/७६ | १४९२ | ५६१० | ३.८ |
| २०७६/७७ | १४५९ | ५५५१ | ३.८ |
| २०७७/७८ | १४७३ | ५६२२ | ३.८ |
| २०७८/७९ | १४७७ | ५१३० | ३.५ |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय*

**तरकारी :** समीक्षा वर्षमा तरकारी उत्पादन ७.० प्रतिशतले बढेको छ। गत वर्ष तरकारी उत्पादन १.५ प्रतिशतले बढेको थियो।

**फलफूल :** समीक्षा वर्षमा फलफूल बालीको समग्र उत्पादन ४.९ प्रतिशतले बढेको छ। गत वर्ष यस्तो उत्पादन ८.७ प्रतिशतले बढेको थियो।

**मसला :** समीक्षा वर्षमा मसला बालीको समग्र उत्पादन ५.४ प्रतिशतले बढेको छ। गत वर्ष यस्तो उत्पादन २.१ प्रतिशतले बढेको थियो।

**प्रदेशगत स्थिति :** समीक्षा वर्षमा गण्डकी प्रदेश र कर्णाली प्रदेशमा खाद्य तथा अन्य बालीको उत्पादन बढेको छ भने प्रदेश नं. १, मधेश प्रदेश, बागमती प्रदेश, लुम्बिनी तथा सुदूरपश्चिम प्रदेशमा घटेको छ। तरकारी उत्पादन बागमती प्रदेश बाहेकका प्रदेशहरुमा उत्पादन बढेको छ। फलफूल बालीको उत्पादन गण्डकी प्रदेशमा घटेको छ भने बाँकी सबै प्रदेशमा बढेको छ। धान बालीको कुल उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २७ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम २.४ प्रतिशत रहेको छ।

**तालिका ३.३ कृषि बालीको उत्पादन (मे.टन)**

| प्रदेश | उत्पादन (मेट्रिक टन) | | | | प्रदेशगत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला |
| प्रदेश नं. १ | ३७२९६८४.६ | ८१०३९९.३ | २३८२३९.२ | १७१९१५.५ | २१.४ | १९.८ | १७.८ | २७.५ |
| मधेश प्रदेश | ४६९५८०४.७ | ११५७४७४.० | ४३४९७७.५ | ७८७६२.० | २७.० | २८.२ | ३२.५ | १२.६ |
| बागमती प्रदेश | २१९९५३४.२ | ७५९७७५.६ | २०४७२९.८ | ७१५५५.६ | १२.६ | १८.५ | १५.३ | ११.५ |
| गण्डकी प्रदेश | १४२७५४१.८ | ३१०२७१.५ | ९९७२९.५ | ५९६४४.४ | ८.२ | ७.६ | ७.४ | ९.५ |
| लुम्बिनी प्रदेश | २९२३८४५.८ | ५९४२१२.३ | १६१७२९.२ | ८८०७८.४ | १६.८ | १४.५ | १२.१ | १४.१ |
| कर्णाली प्रदेश | ८१८२९१.२ | १८५०३१.७ | ११५०३६.५ | ७२८८५.९ | ४.७ | ४.५ | ८.६ | ११.७ |
| सुदूर पश्चिम प्रदेश | १६०३७२९.६ | २८३९७४.५ | ८४५२१.६ | ८२०९६.६ | ९.२ | ६.९ | ६.३ | १३.१ |
| **जम्मा** | **१७३९८४३२.०** | **४१०११३८.०** | **१३३८९६३.०** | **६२४९३८.४** | **१००** | **१००** | **१००** | **१००** |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु*

खाद्य तथा अन्य बालीको उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २७.० प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.७ प्रतिशत रहेको छ (तालिका ३.३)। तरकारी तथा बागवानी उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २८.२ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.५ प्रतिशत रहेको छ। त्यस्तै, फलफूल बालीको उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी ३२.५ प्रतिशत रहेको छ भने सुदूर पश्चिम प्रदेशको हिस्सा सबैभन्दा कम ६.३ प्रतिशत रहेको छ। तर, मसला बालीको उत्पादनमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा बढी २७.५ प्रतिशत रहेको छ भने गण्डकी प्रदेशको हिस्सा सबैभन्दा कम ९.५ प्रतिशत रहेको छ।

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

**पशुजन्य उत्पादन :** समीक्षा वर्षमा दूध उत्पादन ३.९ प्रतिशतले बढेको छ। गत वर्ष दूध उत्पादन ४.४ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा मासु उत्पादन ४.५ प्रतिशतले बढेको छ भने गत वर्ष मासु उत्पादन ५.१ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा अण्डा उत्पादन ३.५ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा अण्डा उत्पादन ९ प्रतिशतले बढेको थियो। यसैगरी, ऊन तथा छाला उत्पादन क्रमशः ६.२ प्रतिशत र ३.७ प्रतिशतले घटेको छ।

**माछा उत्पादन :** समीक्षा वर्षमा माछा उत्पादन ७.१ प्रतिशतले बढेको छ। गत वर्ष माछा उत्पादन १० प्रतिशतले बढेको थियो।

**वनजन्य उत्पादन :** समीक्षा वर्षमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन १३.१ प्रतिशत, दाउरा उत्पादन ५८.८ प्रतिशत र औषधिजन्य वस्तुको उत्पादन २३.६ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा काठ उत्पादन ३३.६ प्रतिशत, दाउरा १०.५ प्रतिशत र औषधिजन्य वस्तुको उत्पादन ३४.३ प्रतिशतले बढेको थियो

भने अन्य उत्पादन १५.१ प्रतिशतले घटेको थियो । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ४ (क-ख) मा दिइएको छ ।


**तालिका ३.४ प्रमुख पशुपन्छी, माछा तथा वनजन्य उत्पादन**

| प्रदेश | उत्पादन | | | | हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दूध (हजार लिटर) | मासु (मे.टन) | अण्डा (हजार गोटा) | माछा (मे.टन) | दूध | मासु | अण्डा | माछा |
| प्रदेश नं. १ | ६२९१६०.५६ | ८७९००.८९ | २१३०६२.३२ | १०१८२.४३ | १९.७ | १४.८ | १५.५ | १२.३ |
| मधेश प्रदेश | ६००५९५.१८ | १३७६३५.९४ | १०२१११.८४ | ४१२१४.८७ | १८.८ | २३.२ | ७.४ | ४९.७ |
| बागमती प्रदेश | ७६२८३०.९८ | १३१३०७.३३७ | ४६२७१९.६७ | ६०८२.५३ | २३.९ | २२.१ | ३३.७ | ७.३ |
| गण्डकी प्रदेश | ३४३५६९.७० | ६७१९७.५६ | २९५१६३.३२ | १५३२.३४ | १०.८ | ११.३ | २१.५ | १.८ |
| लुम्बिनी प्रदेश | ५३४६०३.२० | १०१५२९.८३ | १६६२३७.५२ | १४०८०.३० | १६.८ | १७.१ | १२.१ | १७.० |
| कर्णाली प्रदेश | ७४७८५.११ | २३७५७.०० | ६३१८३.०० | ४६.६२ | २.३ | ४.० | ४.६ | ०.१ |
| सुदूर पश्चिम प्रदेश | २४०८७७.८२ | ४४६५१.३२ | ७१९०२.९५ | ९८१९.६३ | ७.६ | ७.५ | ५.२ | ११.८ |
| **जम्मा** | **३१८६४२२.६** | **५९३९७९.९** | **१३७४३८०.६** | **८२९५८.७** | **१००** | **१००** | **१००** | **१००** |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु, २०७८*

बागमती प्रदेशमा सबैभन्दा बढी (२३.९ प्रतिशत) दूध उत्पादनको हिस्सा रहेको छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम हिस्सा (२.३ प्रतिशत) दूध उत्पादन भएको छ (तालिका ३.४) । मासु उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी (२३.२ प्रतिशत) र सुदूर पश्चिम प्रदेशको हिस्सा सबैभन्दा कम (४.० प्रतिशत) रहेको छ । अण्डा उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (३३.७ प्रतिशत) र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.६ प्रतिशत) रहेको छ । यसैगरी, माछा उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी (४९.७ प्रतिशत) र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (०.१ प्रतिशत) रहेको छ ।

**चार्ट ३.३ : प्रदेशगत दूध, मासु, अण्डा र माछा उत्पादन हिस्सा**





*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु*

## ३.४ सिँचाइ

समीक्षा वर्षमा कुल सिँचित क्षेत्रफलमा २.५ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष कुल सिँचित क्षेत्रफल ३.४ प्रतिशतले बढेको थियो। कुल खेती गरिएको भू-भागमध्ये ४२ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ। देशको कुल खेतीयोग्य क्षेत्रफलमा प्रदेश नं.१ को हिस्सा सबैभन्दा बढी २२.५ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ६.१ प्रतिशत रहेको छ।

यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ५ (क-ख) मा प्रस्तुत गरिएको छ।

**चार्ट ३.४ : सिँचाई क्षेत्रफलमा भएको विस्तार**




*स्रोत : उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु*

देशको कुल सिँचित क्षेत्रफलमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा बढी २४.८ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.४ प्रतिशत रहेको छ (तालिका ३.५) ।

**तालिका ३.५ : सिँचित क्षेत्रफलमा प्रदेशगत हिस्सा**


| **प्रदेश** | **क्षेत्रफल** (हेक्टरमा) | **हिस्सा** (प्रतिशतमा) |
|---|---|---|
| प्रदेश नं. १ | ३०२८२१.५ | २४.७ |
| मधेश प्रदेश | २३४४१३.४ | १९.१ |
| बागमती प्रदेश | १२२६१५.० | १०.० |
| गण्डकी प्रदेश | १७२८७६.० | १४.१ |
| लुम्बिनी प्रदेश | २३२३४५.५ | १८.९ |
| कर्णाली प्रदेश | ५३५०३.८ | ४.४ |
| सुदूर पश्चिम प्रदेश | १०७९८१.० | ८.८ |
| **जम्मा** | **१२२६५५६.२** | **१००** |

*स्रोत : उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु*

## ३.५ क्षेत्रगत कृषि कर्जा

२०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कृषिमा प्रवाहित कर्जा १४.२ प्रतिशतले वृद्धि भई रु.३ खर्ब १५ अर्ब ६१ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा ४२.० प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी रु.६९ अर्ब ४४ करोड कर्जा अन्य कृषि तथा कृषिजन्य सेवा शीर्षकमा प्रवाह भएको छ भने सबैभन्दा कम सिँचाईमा रु.१३ करोड १ लाख प्रवाह भएको छ। कृषि क्षेत्रमा प्रवाहित कर्जामा प्रदेश नं. १ को अंश १७.३ प्रतिशत, मधेश प्रदेशको अंश १७.१ प्रतिशत, बागमती प्रदेशको अंश ३४.४ प्रतिशत, गण्डकी प्रदेशको अंश ८.९ प्रतिशत, लुम्बिनी प्रदेशको अंश १५.९ प्रतिशत, कर्णाली प्रदेशको अंश १.६ प्रतिशत र सुदूर पश्चिम प्रदेशको अंश ४.८ प्रतिशत रहेको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ६ (क-ख) मा प्रस्तुत गरिएको छ।

**चार्ट ३.५ : कृषि कर्जाको प्रदेशगत हिस्सा**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०७९*

## ३.६ सहुलियतपूर्ण कृषि कर्जा

२०७९ असार मसान्तसम्म सहुलियतपूर्ण कर्जातर्फ १ लाख ४७ हजार ३९३ ऋणीलाई रु.२ खर्ब १३ अर्ब ८९ करोड ऋण लगानी रहेको छ । सो अवधिमा प्रवाहित सहुलियतपूर्ण कर्जामध्ये सबैभन्दा बढी व्यावसायिक कृषि तथा पशुपन्छी व्यवसायतर्फ ६० हजार ५ सय ४५ ऋणीलाई रु.१ खर्ब ३९ अर्ब २३ करोड कर्जा बक्यौता रहेको छ भने अन्य बाँकी शीर्षक अन्तर्गत ८६ हजार ८ सय ४८ ऋणीको रु.७४ अर्ब ६५ करोड कर्जा बक्यौता रहेको छ ।

**तालिका ३.६ : सहुलियतपूर्ण कर्जाको विवरण**

| कर्जा प्रकार | ऋणी संख्या | | | कर्जा रकम (रु.दश लाखमा) | | |
|---|---|---|---|---|---|---|
| | २०७७ असार | २०७८ असार | २०७९ असार | २०७७ असार | २०७८ असार | २०७९ असार |
| व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा | २४,७६३ | ४६,०५७ | ६०,५४५ | ५४,११४.१ | १०६,९७८.४ | १३९,२३४.१ |
| शिक्षित युवा स्वरोजगार कर्जा | ६५ | १४० | १५७ | ३५.२ | ६३.७ | ७६.१ |
| विदेशबाट फर्केका युवा परियोजना कर्जा | २२१ | ८३९ | ९५२ | १५१.७ | ५९८.० | ५६४.२ |
| महिला उद्यमशील कर्जा | ६,६८२ | ५५,५५१ | ८४,००१ | ४,३५३.५ | ५०,९८४.४ | ७०,९९६.१ |
| दलित समुदाय व्यवसाय विकास कर्जा | ३५१ | ९६५ | १,०९७ | १८५.३ | ५७२.९ | ५८२.३ |
| उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा | ८४ | १११ | १४८ | २०.० | २५.३ | ३६.५ |
| भूकम्प पिडितहरुको निजी आवास निर्माण कर्जा | २२१ | २३१ | २०८ | ५४.७ | ४९.४ | ३२.३ |
| कपडा उद्योग सञ्चालन | ६१ | २१० | २५५ | ६४८.५ | २,१६२.५ | २,३५८.५ |
| प्राविधिक तथा व्यावसायिक तालिम परिषदबाट मान्यता प्राप्त सदस्यबाट लिइने तालिम | - | २ | २ | - | ०.४ | ०.३ |
| युवा स्वरोजगार कर्जा | - | ३ | २८ | - | १.१ | ८.९ |
| **जम्मा** | ३२,४४८ | १०४,१०९ | १४७,३९३ | ५९,५६३.० | १६१,४३६.२ | २१३,८८९.३ |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०७९*

## बक्स ३.१: प्रदेश नं. १ को व्यवसायिक तरकारी उत्पादनकर्ता : मामा भान्जा कृषि फर्म

**परिचय**

प्रदेश नं. १ मा व्यक्तिगत पहलमा स्थापना भएका कृषि फर्महरु मध्ये सबैभन्दा ठूलो व्यवसायिक कृषि फर्म "मामा भान्जा कृषि फर्म तथा अनुसन्धान केन्द्र" झापा जिल्लाको भद्रपुर नगरपालिका वार्ड नं. १० कलवलगुडीमा सञ्चालनमा रहेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद, प्रदेश प्रशिक्षण केन्द्रको स्वामित्वमा रहेको करिब १७.५ बिगाह जग्गा भाडामा लिएर झापा जिल्लाका निर्मल अधिकारीले वि.सं. २०७८ सालदेखि व्यवसायिक तरकारी उत्पादन गर्दै आएका छन्। शुरुका वर्षमा तीन जना मिलेर व्यावसायिक खेती शुरु गरे पनि हाल एकल स्वामित्वमा नै फर्म सञ्चालन गर्दै आएका छन्। उक्त फर्मले खुर्सानी, काँक्रा, लौका, फर्सी, करेला, चिचिण्डा, बोडी, सिमी, भण्टा, मुला आदि मुख्य मौसमका प्रमुख हरियो तरकारीहरु, बेमौसमी तरकारीहरुका साथै खर्बुजा समेत गरी करिब मासिक औसतमा ५० टन तरकारी उत्पादन गर्दै आएको छ। वैदेशिक रोजगारीमा जानु अघि नै व्यावसायिक खेती गर्ने ईच्छा रहेको साथै वैदेशिक रोजगारीमा रहँदा धेरै संख्याका कामदारहरुलाई एकै जनाले नेतृत्व गरी व्यवस्थापन गरेको देखेर आफ्नै देशको माटोमा स्वरोजगार भई अरुलाई पनि रोजगारी दिन सकिन्छ भन्ने विश्वासले उनी व्यावसायिक कृषि पेशामा लागेको बताउँछन्।

कृषि पेशाबाट नै व्यवसायिक मुनाफा हाँसिल गर्नु, स्थानीय स्तरमा रोजगारी सिर्जना गर्नु र व्यावसायिक ज्ञान आदानप्रदान गर्नु फर्मको मुख्य उद्देश्य रहेको छ भने **"पारिको होइन, आफ्नै बारीको तरकारी"** र **"रोजगारीको विकल्प खाडीको बालुवा होइन, आफ्नै देशको माटो रोजौं"** भन्ने नारा समेत फर्मले लिएको छ।

**वित्तीय अवस्था**

कृषि फर्म सञ्चालनका लागि आवश्यक मेसिन तथा उपकरण खरिद गर्न, जग्गा भाडामा लिन तथा अन्य प्रयोजनका लागि हालसम्म फर्मले कुल रु.१ करोड लगानी गरिसकेको छ। यसमध्ये, फर्म सञ्चालक स्वयम्ले रु.५० लाख र बैंकबाट रु.५० लाख ऋण लिई लगानी गरेको छ। फर्मको मासिक आम्दानी रु ५ लाख देखि १५ लाख (बार्षिक रु. १ करोड) रहेको छ। फर्मले बिचौलीयालाई ८ देखि १० प्रतिशत कमिशन छुट्याएर पनि तरकारी खेतीबाट लगानीको ३० प्रतिशतको हाराहारीमा औसत बार्षिक रु. ३० लाख नाफा आर्जन गर्ने गरेको देखिन्छ।

**रोजगारीको अवस्था**

फर्मले नियमित कार्यका लागि ज्यालादारीमा १६ जना कामदारलाई रोजगारी प्रदान गरेको छ भने तरकारी टिप्ने समयमा ८० जनासम्म मौसमी रोजगारी दिने गरेको छ, जसमा अधिकांश महिला हुने गरेका छन्। ताप्लेजुङ, इलाम, झापा, मोरङ, दोलखा, कैलाली जिल्लाका कृषि शिक्षालयहरुबाट १०-१२ जना प्रशिक्षार्थी समेत नियमित रुपमा इन्टर्नसीपका लागि आउने गरेका छन्।

**तरकारी बजारीकरणको अवस्था**

कोभिड-१९ महामारीको समयमा बाहेक अन्य समयमा तरकारी नियमित रुपमा नै बिक्री भइरहेको कृषकको अनुभव छ। तरकारी ढुवानी गर्ने गाडी आफ्नो नभएको तथा तरकारी स्टल नभएको कारण उत्पादित तरकारी कृषक आफैंले बजारसम्म पुऱ्याएर खुद्रा बिक्रेतालाई बिक्री गर्न नसक्दा बिचौलीया मार्फत् सस्तोमा तरकारी बिक्री गर्नुपर्ने बाध्यता रहेको छ।

**कृषकका समस्याहरु**

- प्रदर्शन तथा थोक बिक्रीका लागि तरकारी स्टल र भण्डारण गृहको अभाव रहेको कारण प्रतिस्पर्धात्मक रुपमा खुद्रा बिक्रेतालाई तरकारी बेच्न नसकेको।
- बिचौलीया मार्फत् तरकारी बेच्नु पर्दा कमिसन खर्चका कारण लागत बढेको र प्रतिस्पर्धात्मक रुपमा बिक्री गर्न सकिने अवस्था नरहेको।
- सरकारी निकायबाट तरकारीको न्यूनतम मूल्य निर्धारण नहुँदा व्यवसायबाट उत्पादन लागत बराबरको प्रतिफल समेत अनिश्चित रहेको।
- तरकारीजन्य बालीको बीमा गर्ने व्यवस्था नभएको कारण प्राकृतिक विपत्तिको समयमा ठुलो नोक्सानी व्यहोर्नुपर्ने सम्भावना रहेको।
- समय समयमा भारतबाट आउने हात्ती लगायत अन्य जंगली जनावरले बालीको विनास गर्नाले ठुलो व्यावसायिक नोक्सानी व्यहोर्नु परेको।
- भाडामा लिएको सरकारी जग्गाको बार्षिक रुपमा नवीकरण गर्नुपर्ने व्यवस्था रहेका कारण दीर्घकालीन सोचका साथ कृषि पेशामा लगानी गरी आधुनिकीकरण र व्यवसायिकरण गर्न द्विविधा रहेको।

- आवश्यक मात्रामा रासायनिक मल उपलब्ध नहुँदा क्षमता अनुरुप तरकारी उत्पादन गर्न नसकेको ।
- अनुदान पाउनका लागि झन्झटिलो र लामो प्रक्रिया पूरा गर्नुपर्ने वाध्यता रहेको ।
- भारतीय बजारबाट तरकारीको साथ अबैधरुपमा अन्य सामानहरु समेत आउने र त्यसरी आउने तरकारी खरिद मूल्यभन्दा कम मूल्यमा उपलब्ध हुने भएको कारण प्रतिस्पर्धा गर्न सकिने अवस्था नरहेको ।

**तरकारी खेती प्रवर्द्धनका लागि कृषकको अपेक्षा**

- तरकारीको उत्पादन परिमाण तथा गुणस्तरमा सुधार गरी भारतीय तरकारीलाई प्रतिस्थापन गर्न पिकअप, ग्रेडिङ मेशिन, बिषादी छर्नका लागि ड्रोन लगायत अन्य कृषि सामग्री आदिमा सरकार भन्सार छुट गरी कम मूल्यमा उपलव्ध गराउनुपर्ने ।
- व्यावसायिक घाटा न्युनीकरण गर्न तथा कृषि पेशामा विश्वासको वातावरण सिर्जना गरी व्यवसायलाई निरन्तरता दिन सरकारी निकायबाट तरकारीको न्यूनतम समर्थन मूल्य निर्धारण हुनुपर्ने ।
- तरकारी खेतीबाट आम्दानी प्राप्त गर्न औसतमा ३ महिना लाग्ने तथा कृषि उत्पादन मौसमी हुने भएकोले बैंकबाट प्राप्त गर्ने कर्जाको किस्ता बुझाउने समय र बाली भित्र्याउने समय बीच तादम्यता हुनुपर्ने ।
- योगदानमा आधारित अनुदानको व्यवस्था गरी ठुलो स्तरमा कृषि उत्पादन गर्न प्रोत्साहान गर्नुपर्ने ।
- कृषि आधुनिकीकरण तथा प्राविधिक परामर्श समेत नियमित रुपमा निशुल्क प्रदान गरिनु पर्ने व्यवस्थाको अपेक्षा समेत गरिएको पाइयो ।

**निश्कर्ष**

भारतीय बजारबाट वार्षिक अबौं रुपैयाँको तरकारी आयात भइरहेको अवस्था तथा लाखौं युवाहरु रोजगारीको सिलसिलामा विदेशिएको परिप्रेक्ष्यमा स्वदेशमा नै उद्यमशील बन्नुपर्दछ भन्ने कृषकको प्रयास सराहनीय रहेको छ। सरोकारवाला निकायबाट यस्ता कृषकहरुलाई प्रोत्साहन, प्राविधिक तथा योगदानमा आधारित अनुदान सहयोग, मार्गनिर्देशन प्रदान तथा नाकाबाट हुने अबैध तरकारी पैठारीको नियन्त्रण भएमा स्थानीयस्तरमा ठुलो संख्यामा रोजगारीका अवसरहरु सिर्जना गर्न सकिने, भारतीय तरकारीलाई प्रतिस्थापन गरी विदेशी मुद्राको बचतका साथै तरकारीमा आत्मनिर्भर हुन सकिने प्रशस्त सम्भावना रहेको छ ।

*स्रोतः प्रादेशिक आर्थिक गतिविधि अध्ययन (प्रदेश नं १), वार्षिक प्रतिवेदन (आ.व. २०७८/७९)*

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.७.१ चुनौती

कृषि क्षेत्रमा रहेका केही चुनौतीहरु प्रदेशगत रुपमा फरक-फरक प्रकृतिका भएपनि अधिकांश चुनौतीहरु समान प्रकृतिका छन् । राष्ट्रियस्तरमा नै अपेक्षित उन्नत बीउवीजनको ५ प्रतिशत मात्र औपचारिक क्षेत्रबाट आपूर्ति भएको अवस्थामा कृषकहरुलाई समयमै गुणस्तरीय बीउवीजन उपलब्ध गराउनु तथा बीउको बढ्दो मागको आपूर्ति गर्नु, उत्पादन वृद्धि गर्नु, बीउ सम्बन्धी पूर्वाधार सुदृढीकरण गर्नु, विचौलियाको प्रभुत्व हटाउनु, कृषि उपजको बजार तथा न्यूनतम मूल्य सुनिश्चित गर्नु, कृषि उपजको सहज बजारीकरणको व्यवस्था गर्नु, भोकमरीको अवस्था न्युनीकरण गर्दै खाद्य सुरक्षा सुनिश्चित गर्नु, वर्षैभरी भरपर्दो र दिगो सिँचाइ सुविधाको सुनिश्चितता गर्नु, शीत भण्डारको उचित व्यवस्था एवं व्यवस्थापन गर्नु, कृषि जमीन खण्डीकरण रोक्नु, प्रमुख कृषि भूमीको गैर कृषि उपयोग कम गर्नु, जलवायु परिवर्तनका कारण सिर्जित भू-क्षय, बाढीपहिरो, खडेरी, शीत-लहर तथा गर्मी-लहर जस्ता वातावरणीय चुनौतीहरु व्यवस्थापन गर्नु, परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई प्रतिस्थापन गर्दै कृषिको व्यावसायीकरण, आधुनिकीकरण, औद्योगीकरण र विविधिकरण गर्नु, कृषिमा अनुसन्धान र कृषिको विविधिकरण गरी कृषिको उत्पादकत्व बढाउनु, व्यावसायिक कृषिको विकास र विस्तार गर्नु, विदेशबाट खाद्यान्न आयात कम गर्नु, कृषि उपजको उत्पादन बढाई निर्यात वृद्धि गर्नु, युवालाई कृषि क्षेत्रतर्फ आकर्षित गर्नु, कृषि बीमा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नु आदि जस्ता समान प्रकृतिका चुनौतीहरु विगतदेखि नै कृषि क्षेत्रमा विद्यमान रहेका छन् । यसैगरी, वैदेशिक रोजगारबाट फर्किएका युवालाई तथा नयाँ पुस्ताका युवाहरुलाई पनि दिगो रुपमा कृषि क्षेत्रमा आकर्षित गर्नु लगायत समग्र कृषि क्षेत्रको विकास तथा विस्तार गर्नु थप चुनौतीको रुपमा रहेका छन् । यी बाहेक प्रदेशगत रुपमा रहेका चुनौतीहरु देहायबमोजिम तालिका ३.७ मा दिइएको छ ।

**तालिका ३.७ : कृषि क्षेत्रको प्रदेशगत चुनौती**

| प्रदेश | कृषि क्षेत्रका चुनौती |
|---|---|
| प्रदेश नं. १ | • खुला सिमानाको कारण कृषिजन्य उपजहरुको अत्याधिक चोरी, अवैध पैठारी हुने हुँदा उत्पादित कृषि उपजहरुको न्यूनतम समर्थन मूल्य तोक्नु र सोको कार्यान्वयन गर्नु ।<br>• वैज्ञानिक तवरले रासायनिक मलको प्रयोग गर्ने वातावरण सिर्जना गर्नु तथा प्राङ्गारिक मलको उत्पादन तथा प्रयोग बढाउँदै लैजानु ।<br>• कृषि उपज तथा तरकारीको उत्पादनदेखि अन्तिम उपभोक्तासम्म हाल कायम रहेको मध्यस्थकर्ताहरुको तहगत श्रृङ्खला तोडी कृषकहरुलाई उत्पादित कृषि उपजको उचित मूल्य दिलाउनु ।<br>• माटोको गुणस्तर/उर्वराशक्ति परीक्षण गरी उपयुक्त बाली छनोटका साथै बीउबीजन तथा उत्पादनको परीक्षण गर्ने प्रयोगशाला प्रत्येक स्थानीय तहसम्म विस्तार गर्नु । |
| मधेश प्रदेश | • प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम अनुसार मधेश प्रदेशका सिराहा, धनुषा र सर्लाही जिल्लाहरू धानको जोन, महोत्तरी, रौतहट र पर्सा जिल्ला तरकारीको जोन तथा धनुषा तथा बारा जिल्ला माछापालनका लागि सुपर जोनको रुपमा रहे पनि बजार क्षेत्रमा भारतबाट आयातित अन्न, माछा तथा तरकारीकै दवदवा रहेकाले सो उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न विशेष कार्यक्रम लागु गर्नु तथा अनुसन्धानमा जोड तथा सहुलियत उपलब्ध गराउनु । धान वालीमा SRI (System of Rice Intensification) प्रविधिको प्रयोग गरी उत्पादन बढाउन पहल गर्नु ।<br>• समयमा नै कृषकहरूलाई आवश्यक परिमाणमा मलखाद तथा बिउबीजन उपलब्ध हुने सुनिश्चितता गर्नु । |

| | |
|---|---|
| बागमती प्रदेश | • प्रदेशको सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक र ललितपुर जिल्लालाई गाई/भैंसीको जोनको रुपमा घोषणा गरिए पनि घाँस, पराल र पिठोको उत्पादन तथा उन्नत जातको नस्ल उत्पादनमा उल्लेख्य वृद्धि हुन नसकेको स्थितिमा सुधार ल्याउनु ।<br>• बढ्दो तापक्रम, अनिश्चित वर्षा, पहिरो, बाढी, असिना जस्ता हावापानी प्रकोपहरुले गर्दा कृषि उत्पादनमा परेका नकारात्मक असरलाई कम गर्नु तथा अव्यवस्थित सहरीकरण, जलवायु परिवर्तनको प्रतिकूल प्रभावका कारण पानीको स्रोतहरु सुक्दै गरेको परिस्थितिमा कृषिजन्य उत्पादनका लागि आवश्यक पर्ने पानीको उपलब्धता सुनिश्चित गर्दै खाद्य सुरक्षाको सुनिश्चित गर्नु ।<br>• विभिन्न जिल्लामा जग्गा लिजमा लिएर व्यावसायिक खेती गर्ने प्रचलन विस्तारै बढ्दो क्रममा रहेकोले प्रमुख कृषि भूमीको गैर कृषिजन्य उपयोग कम गर्नु । |
| गण्डकी प्रदेश | • यस प्रदेशमा उत्पादनको सम्भावना राम्रो भएको स्याऊ, सुन्तला, कफी लगायतका कृषि उत्पादनमा न्यूनतम आधार मूल्य कायम गरी बिचौलियाहरुको उपस्थिति कम गर्नु र कृषकलाई उचित प्रतिफल पाउने व्यवस्था सुनिश्चित गर्नु,<br>• कृषि तथा पशुसँग सम्बन्धित तथ्याङ्क संकलन गर्ने निकायको रुपमा रहेका कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लगायतलाई आवश्यक स्रोत र साधनको व्यवस्था गरी एकद्वार प्रणालीमार्फत् तथ्याङ्क संकलन गर्नु ।<br>• प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तगत गण्डकी प्रदेशको स्याङजा, पर्वत, गोरखा लगायतका जिल्लामा सञ्चालनमा रहेका कृषि पकेट, ब्लक, जोन र सुपर जोन कार्यक्रमहरुबाट खर्चको तुलनामा अपेक्षित प्रतिफल प्राप्त गर्नु । |
| लुम्बिनी प्रदेश | • कृषि, पशुजन्य एवं विभिन्न उत्पादनहरुसँग सम्बन्धित सरोकारवाला व्यावसायिक कृषक, समूह, कृषि सहकारी, गैरसरकारी संघसंस्थाहरुसँगको समन्वय तथा उपलब्ध हुन सक्ने प्राविधिक सम्भाव्यताको आधारमा कार्यक्रमहरुको छनौट, कार्यान्वयन र प्रवर्द्धन गर्नु ।<br>• मल, बीउ, बेर्ना, विषादी तथा मेशिनरी इत्यादि जस्ता कृषि उत्पादन सामाग्रीको भरपर्दो स्रोत सुनिश्चित गर्नु ।<br>• माटो सुहाउँदो एवं जलवायु परिवर्तन अनुकुलन प्रविधि विकास तथा विस्तार गरी कृषिको प्रतिस्पर्धी क्षमता बढाउनु । |
| कर्णाली प्रदेश | • स्थानीय उत्पादनको प्रवर्द्धन र संरक्षणका लागि आवश्यक स्थानीय बिउबिजनको संरक्षण गर्नु ।<br>• प्राङ्गारिक कृषि, जडिबुटी लगायतका प्रतिस्पर्धात्मक लाभ भएका कृषिजन्य वस्तुहरुको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी व्यावसायिक खेतीतर्फ कृषकहरुलाई आकर्षित गर्नु । |
| सुदूरपश्चिम प्रदेश | • बसाईसराईका कारण बाँझो हुँदै गएको पहाडी जिल्लाहरुको खेतीयोग्य जमिनहरुलाई लिज एवम् करार खेतीमार्फत् प्रयोगमा ल्याई कृषि उत्पादन बढाउनु ।<br>• सिँचाइको अथाह सम्भावना भएकाले सो सम्वन्धित परियोजनाहरु निर्धारित समयमै सम्पन्न गर्नु ।<br>• धानवालीले ढाकेको क्षेत्रफल क्रमश घट्दै गइरहेको देखिएकाले तराईको समथर कृषियोग्य जमिन अन्य प्रयोजनमा प्रयोग हुनसक्ने अवस्थालाई न्यूनीकरण गर्नु । |

### ३.७.२ सम्भावना

नेपाल कृषि प्रधान मुलुक भएकाले कृषिका विभिन्न सम्भावनाहरु रहेका छन् । कृषिको आधुनिकीकरण, सुशासन सुधार, कृषिमा लगानी वृद्धि र सार्वजनिक-निजी साझेदारी गरी साना किसानहरुको खेतीको उत्पादकत्व तथा नाफा बढाउन सक्ने सम्भावना रहेको छ । प्रदेशगत रुपमा भौगोलिक तथा मौसमी

विविधताले गर्दा विभिन्न प्रकारका कृषि वस्तुहरु उत्पादन गर्न सकिने सम्भावना रहेको छ। यसका साथै, हरेक प्रदेशले भौगोलिक विविधताअनुरुप एवं तुलनात्मक लाभ भएका कृषि उपज उत्पादन गरी अन्तर-प्रदेश कृषि व्यापार प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ। यातायात, सञ्चार, र डिजिटल प्रविधिको प्रयोग गरी कृषि उपजको प्रभावकारी बजारीकरण गर्न सकिने सम्भावना रहेको छ। युवाहरुको जनसंख्यामा ठूलो हिस्सा रहेको सन्दर्भमा युवाहरुलाई व्यावसायिक ढंगबाट कृषिमा परिचालन गरी कृषि क्षेत्रको विकास तथा विस्तारको ठूलो सम्भावना रहेको छ। कृषिसँग सम्बन्धित विश्वविद्यालय तथा विभिन्न कृषिसँग सम्बन्धित विद्यालयलाई प्रोत्साहन गरी अध्ययन अनुसन्धान तथा प्रविधि विकास गर्न सकेमा कृषि प्रणालीको रुपान्तरण गर्न सकिने सम्भावना रहेको छ।

कृषि क्षेत्रमा कर्जाको प्रयोग बढेको, वित्तीय पहुँच बढ्दै गएको, स्थानीय तहले कृषिसँग सम्बन्धित क्षेत्रहरुमा अनुदान विस्तार गर्दै लगेको, कृषिसँग सम्वन्धित शैक्षिक जनशक्ति बढ्दे गएको, प्रोत्साहनमूलक कार्यक्रमहरुका कारण कृषि क्षेत्रतर्फ शिक्षित युवाहरुको आकर्षण बढ्दै गएको, प्रतिव्यक्ति आयमा सुधार हुँदै गएको कारण आन्तरिक माग बढेको, सञ्चार तथा यातायातका सञ्जाल बढ्दै गएको, ग्रामीण सडक सुधार भई ग्रामीण क्षेत्र सहरीकृत हुँदै जान थालेको, विद्युत उत्पादनमा वृद्धि र सहज आपूर्तिको अवस्था रहेको, आदि जस्ता कारणहरुले गर्दा कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायिकीकरण, यान्त्रिकीकरण, र कृषिको विविधिकरण गरी कृषि उपजको उत्पादन र उत्पादकत्व बढाउने तथा कृषकको आय बढाउने सम्भावना सबै प्रदेशहरुमा रहेका छन्। यसबाहेक प्रदेशगत रुपमा रहेका सम्भावनाहरुलाई तालिका ३.८ मा दिइएको छ।

**तालिका ३.८ : कृषि क्षेत्रको प्रदेशगत सम्भावना**

| प्रदेश | कृषि क्षेत्रका सम्भावना |
|---|---|
| प्रदेश नं. १ | • विश्व बजारमा अर्गानिक हरियो चिया (Green Tea) को माग अत्यधिक रहेको सन्दर्भमा हरियो चियाको नेपाली ब्राण्ड नै स्थापना गरी तेस्रो मुलुकमा निर्यात गर्न सकेमा चिया खेती विस्तार भई व्यापार सन्तुलनमा समेत टेवा पुग्ने।<br>• संघीय सरकारबाट सञ्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना एवम् प्रदेश नं. १ सरकारबाट सञ्चालित प्रदेश प्रमुख नवप्रवर्तन कृषि कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन सके यस प्रदेशमा कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण तथा व्यवसायीकरण भई उत्पादन तथा उत्पादकत्व वृद्धि हुने।<br>• पूर्व-पश्चिम लोकमार्ग र हुलाकी मार्गको स्तरोन्नती, मध्य पहाडी लोकमार्ग, तराई–पहाड जोड्ने मार्गका साथै मुख्य राजमार्गसँग जोडने अन्य सहायक मार्गहरुको तीव्र गतिमा भइरहेको निर्माणले सडक सञ्जालको विस्तार भई यस प्रदेशमा उत्पादन भएका कृषिजन्य उपज तथा तरकारी छिमेकी मुलुकमा निर्यात गर्न सकिने।<br>• कोदो, फापर तथा मकैको पिठो, जौ तथा मकैको सातु, वेसार, अलैची, गेडागुडीको दाल, घिउ, सिस्नोको धुलो, कफी, तरकारी, फलफूल, खसीबोका र लोकल कुखुरा जस्ता अर्गानिक कृषिजन्य उपज र सुपारी तथा नरीवल उत्पादनका लागि उपयुक्त क्षेत्र भई आन्तरिक तथा संसारका विभिन्न मुलुकमा बसोवास गर्ने नेपालीको समेत अत्यधिक माग रहेकोले यस प्रदेशको मध्य पहाडी क्षेत्रलाई उक्त उपजहरुको उत्पादन हबको रुपमा विकास गर्न सकिने।<br>• अन्न भण्डारको रुपमा रहेका प्रदेश नं. १ का झापा, मोरङ र सुनसरी जिल्लाहरुमा प्रदेश गौरवका ठूला सिँचाई परियोजना सञ्चालन तथा पहाडी जिल्लाहरुमा साना/लघु सिँचाई कार्यक्रम सञ्चालन गर्ने प्रदेश नं. १ सरकारको नीतिको परिणाम स्वरुप कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन सकिने। |
| मधेश प्रदेश | • मधेश प्रदेशमा सबै भन्दा बढी जनसंख्या रहेको र यहाँ श्रम आपूर्ति सहज हुने हुँदा तरकारी, फलफूल, माछा, मासु जस्ता कृषिजन्य वस्तुको व्यावसायिक उत्पादनका |

| | |
|---|---|
| | साथै खपत बजारको पनि उच्च सम्भावना रहेको । <br>• यो प्रदेशमा वैदेशिक रोजगारीको लागि विदेश जाने युवाहरूको संख्या धेरै रहेकोले पूँजी, प्रेरणा, आत्मविश्वास र उन्नत प्रविधि सम्बन्धी ज्ञान सहित विदेशबाट फर्किएका युवालाई कृषि व्यवसायमा आकर्षित गरी उत्पादकत्व वृद्धि गर्न सक्ने सम्भावना रहेको । <br>• माछापालनमा मुलुककै प्रमुख १० वटा जिल्लाहरू मध्ये मधेश प्रदेशका प्राय सबै जिल्लाहरू अग्रस्थानमा रहेकोले आधुनिक प्रविधि प्रयोग गरी माछाको उत्पादन बढाउन सके यहाँ उत्पादित माछाले मुलुकलाई आत्मनिर्भर बनाउनको साथै विदेश निकासी गरी वैदेशिक व्यापार र विदेशी मुद्रा आर्जनमा समेत सघाउ पुऱ्याउन सक्ने सम्भावना रहेको । |
| बागमती प्रदेश | • यस प्रदेशमा मकै उत्पादनको हिस्सा सबैभन्दा बढी रहेको र मकैको आयातमा निर्भर रहेको दाना उद्योगको संख्या पनि उल्लेख्य रहेकोले समयमै स्थानीय कच्चा पदार्थ उपलब्ध गराउन उत्पादन र आपूर्ति करार (Production and Supply Contract) लाई प्रभावकारी गर्नसकेमा मकैको आयात न्यूनीकरण हुने सम्भावना रहेको । <br>• पहाडी तथा हिमाली भेगमा उत्पादन हुने कोदो, जौ, फापर तथा मसलाजन्य रैथाने बालीहरु अर्न्तराष्ट्रिय जगतमा Nutri Cereal /Superfood लगायतका नामबाट प्रचलित रहेकाले रैथाने बालीका उपजमा आधारित विभिन्न परम्परागत तथा आधुनिक परिकारको विकास गर्न सकिएमा सहज बजारीकरणको सम्भावना रहेको । <br>• हेटौंडामा निर्माणाधिन पाउडर प्लान्ट र काभ्रेपलाञ्चोक जिल्लामा निर्माणाधिन मिनी पाउडर प्लान्ट शीघ्र सञ्चालनमा ल्याउनुका साथै डेरी एक्सिलेन्सी सेन्टर स्थापना गर्न सकेमा आगामी वर्षमा दूधको उत्पादनमा उल्लेख्य वृद्धि हुने । |
| गण्डकी प्रदेश | • होटल व्यवसायीहरुलाई स्थानीय कृषि उत्पादन खपत गर्न थप प्रोत्साहन गर्न सकिए कृषि र पर्यटन सेवा बीचको अन्तर आबद्धता बढ्न गई दुवै क्षेत्रको विस्तारमा सहयोग पुग्ने सम्भावना रहेको । <br>• गण्डकी प्रदेशमा विभिन्न कृषि उत्पादनको सम्भावना भएका चेपेटार, हाँडीटार, राइनसटार तथा अन्य टारहरुमा लिफ्ट सिँचाईमार्फत् सिँचाईको पहुँच पुऱ्याउन सकिएमा कृषि उत्पादनमा वृद्धि हुने सम्भावना रहेको । <br>• उच्च पहाडी क्षेत्रहरुमा भेडा, च्याङ्ग्रा र चौंरीपालन व्यवसाय प्रवर्द्धन गर्न सकिने उच्च सम्भावना रहेको छ । यस्ता क्षेत्रमा पशुपालन व्यवसाय प्रवर्द्धन भएमा ऊन, दूध, छुर्पी र मासुको उत्पादन समेत वृद्धि हुने देखिन्छ । अन्य पहाडी जिल्लाहरुमा व्यावसायिक बाखापालन, गाई/भैंसीपालनको सम्भावना रहेको । <br>• गोरखाको उत्तरी भाग, मनाङ र मुस्ताङका हिमाली क्षेत्रहरुमा पाइने यार्सागुम्बाको व्यावसायीकरण गर्न तथा बजार पहुँच सुनिश्चित गर्न समुदाय, सहकारी र स्थानीय तहको समन्वयात्मक कार्यक्रम ल्याउन सकिएमा यार्सागुम्बाको व्यावसायीकरण गर्न सकिने सम्भावना रहेको । |
| लुम्बिनी प्रदेश | • रोल्पा, प्युठान, गुल्मी, अर्घाखाँची, पाल्पा लगायतका पहाडी जिल्लाहरुमा जडीबुटी, तरकारी खेती, पशुजन्य उत्पादनको प्रचुर सम्भावना रहेको तथा रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया लगायतका जिल्लाहरुमा धान, गहुँ तथा मकै खेतीको सम्भावना रहेको । <br>• लुम्बिनी प्रदेश देशको केन्द्रमा अवस्थित रहेको, देशकै सबैभन्दा अत्याधुनिक कृषि थोक बजार निर्माणको आयोजना यसै प्रदेशमा सञ्चालन गर्नका लागि स्वीकृत भएको र गौतमबुद्ध अर्न्तराष्ट्रिय विमानस्थल सञ्चालनमा रहेको कारण कृषि बजारीकरणमा सहजता हुनुको साथै कृषि उपज निर्यात समेतको सम्भावना रहेको । <br>• लुम्बिनी प्रदेश सरकारले वनसँग सम्बन्धित विभिन्न कार्यक्रम सञ्चालन गरेर वन |

| | |
|---|---|
| | क्षेत्रको डढेलो नियन्त्रण, वन अतिक्रमण र चोरी निकासी नियन्त्रण तथा वन तथा वन्यजन्तु संरक्षण जस्ता कार्यक्रम ल्याइने घोषणा गरेकोले यस प्रदेशको वन क्षेत्रमा थप सम्भावना रहेको । |
| कर्णाली प्रदेश | • कर्णाली प्रदेश प्राङ्गारिक कृषिको लागि अति उपयुक्त क्षेत्र भएकोले यसको विकास तथा प्रवर्द्धन गर्दै अर्थोपार्जनको मुख्य स्रोतको रुपमा विकास गरी प्रचुर मात्रामा रोजगारी सिर्जना गर्न सकिने ।<br>• जुम्ला लगायतका हिमाली जिल्लामा व्यावसायिक स्याउ, ओखर खेती तथा अन्य पहाडी जिल्लाहरु दैलेख, सुर्खेत, कालिकोट, सल्यानमा व्यावसायिक सुन्तला, केरा, आँप खेतीको उच्च सम्भावना रहेको ।<br>• यस प्रदेशको हिमाली तथा उच्च पहाडी क्षेत्रहरुमा भेडा, च्याङ्ग्रा र चौंरीपालन व्यवसाय प्रवर्द्धन गर्न सकिने उच्च सम्भावना रहेको छ । यस्ता क्षेत्रमा पशुपालन व्यवसाय प्रवर्द्धन भएमा ऊन, दूध, छुर्पी र मासुको उत्पादन समेत वृद्धि हुने देखिन्छ । अन्य पहाडी जिल्लाहरुमा व्यावसायिक बाख्रापालन, गाई/भैंसीपालनको सम्भावना रहेको । |
| सुदूर पश्चिम प्रदेश | • कैलाली र कञ्चनपुर जिल्लाहरु उखु खेतीका लागि उपयुक्त रहेको एवम् कञ्चनपुर जिल्लामा दुईवटा चिनी मिल सञ्चालनमा रहेकाले उन्नत बीउ, आधुनिक प्रविधि र उखु कृषकहरुको क्षमता अभिवृद्धि गरी उखु खेतीको विस्तारका साथै उत्पादन र उत्पादकत्व बृद्धि गर्न सकिने सम्भावना रहेको ।<br>• प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कैलाली, कञ्चनपुर र डडेलधुरा जिल्लामा क्रमशः धान, गहुँ र आलुको सुपरजोन तथा कैलालीमा तेलहन बाली, डडेलधुरामा भटमास, बैतडीमा मकै, बाजुरामा जैतुन, दार्चुलामा स्याउ/ओखर, अछाम र बझाङमा आलु र डोटीमा अदुवा र बेसार जोनको सञ्चालनले प्रदेश यी प्रमुख बालीहरुमा आत्मनिर्भर भई निर्यात समेत प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको ।<br>• डोटीस्थित कृषि अनुसन्धान केन्द्रलाई सुदूरपश्चिमको क्षेत्रीय कृषि अनुसन्धान केन्द्रमा परिणत गर्ने हालसालैको निर्णयको परिपूरकका रूपमा सुदूरपश्चिम क्षेत्रका विभिन्न कृषि-पर्यावरणीय स्थानहरूमा (उच्च पहाड, मध्य पहाड र तराई) कृषि अनुसन्धान केन्द्रहरू स्थापना भएमा प्रदेश कृषि उत्पादनमा आधुनिकता ल्याउन मद्दत मिल्ने ।<br>• सुदूरपश्चिम प्रदेश भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले बनाएको कृषि अनुसन्धान, प्रसार र शिक्षा कार्यक्रम कार्यविधि, २०७८ बमोजिम यस प्रदेशमा खेतीयोग्य भूमी खण्डीकरण तथा जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषि उत्पादकत्व र उत्पादन वृद्धिलाई जोड दिन राष्ट्रिय आवास कम्पनी लिमिटेड पुनरवास स्थित ७४ बिघा बाँझो जमिनमा चक्लाबन्दीमा कृषि अनुसन्धान, प्रसार र शिक्षा कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गर्ने भएकाले यसले भविष्यमा प्रादेशिक कृषि उत्पादन अभिवृद्धि भई भूमी खण्डीकरण कम गर्ने सम्भावना रहेको । |

## परिच्छेद ४
# उद्योग क्षेत्र

## ४.१ उद्योगको विवरण

उद्योग विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८/७९ को अन्त्यसम्ममा देशभर स्वदेशी र विदेशी लगानीका गरी जम्मा ८ हजार ७ सय ६२ उद्योगहरु दर्ता भएका छन्। यसरी दर्ता भएका उद्योगबाट आर्थिक वर्ष २०७८/७९ को अन्त्यसम्ममा ६ लाख ५७ हजार २ सय ३९ जनाको संख्यामा रोजगारी सृजना भएको छ। अघिल्लो वर्षको अन्त्यसम्ममा उद्योग विभागमा दर्ता रहेका उद्योगको संख्या ८ हजार ४ सय ५३ रहेको थियो।

**तालिका ४.१ : आ.व. २०७८/७९ मा उद्योग विभागमा दर्ता भएका उद्योगको विवरण**

| प्रदेश | उद्योगको संख्या | कुल पूँजी (रु. दश लाखमा) | कुल स्थिर पूँजी (रु. दश लाखमा) | चालु पूँजी (रु. दश लाखमा) | रोजगारी |
|---|---|---|---|---|---|
| प्रदेश नं. १ | ४२ | ५९६९८.७४ | ५५७५९.५३ | ३९३९.२१ | ३९३९ |
| मधेश | ४८ | ३४१११.७० | २४१००.६१ | १००११.०९ | ४८४४ |
| बागमती | १३१ | १०७९५७.४२ | ७३८०५.१० | ३४१५२.३२ | १०१४६ |
| गण्डकी | २४ | ७३२२८.८९ | ७२२९९.२९ | ९२९.६१ | १९२४ |
| लुम्बिनी | ५१ | ३५१०६.२८ | २६६६०.८५ | ८४४५.४२ | ५६०९ |
| कर्णाली | ३ | १८९५३.९० | १५६०९.६३ | ३३४४.२६ | ७०२ |
| सुदुर पश्चिम | १० | १४५०२.२३ | १२८३६.०६ | १६६६.१६ | १३६३ |
| जम्मा | ३०९ | ३४३५५९.१६ | २८१०७१.०७ | ६२४८८.०७ | २८५२७ |

*स्रोत : उद्योग विभाग, २०७९*

आर्थिक वर्ष २०७८/७९ मा कुल ३०९ उद्योग स्वीकृत भई रु.३४३ अर्ब ५६ करोडको कुल पूँजी र २८ हजार ५ सय २७ रोजगारी प्रस्ताव गरिएको छ। आर्थिक वर्ष २०७८/७९ मा प्रदेश नं १ मा तेह्रथुम र खोटाङ, मधेश प्रदेशमा सप्तरी, बागमती प्रदेशमा रामेछाप, रसुवा, सिन्धुली, गण्डकी प्रदेशमा बागलुङ र पर्वत, लुम्बिनी प्रदेशमा अर्घाखाँची, गुल्मी, प्यूठान र रोल्पा, कर्णाली प्रदेशमा दैलेख, डोल्पा, हुम्ला, जाजरकोट, जुम्ला र सल्यान तथा सुदूरपश्चिम प्रदेशमा अछाम, बैतडी, बाजुरा र डोटी जिल्ला गरी कुल २२ जिल्लामा कुनैपनि नयाँ उद्योग दर्ता भएका छैनन्।

आर्थिक वर्ष २०७४/७५ मा ४९८ उद्योग थप भएकोमा आर्थिक वर्ष २०७८/७९ मा ३०९ उद्योग थप भएका छन्। विगत ४ वर्षमा उद्योग दर्ता संख्या थप हुनेको संख्यामा कमी आए पनि आर्थिक वर्ष २०७८/७९ मा उद्योग दर्ता संख्यामा वृद्धि भएको देखिन्छ।

**तालिका ४.२ : उद्योग दर्ताको प्रदेशगत विवरण**

| प्रदेश | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| प्रदेश नं. १ | ३९ | ५८ | ३० | ३२ | ४२ |
| मधेश प्रदेश | २३ | ३० | १८ | २१ | ४८ |
| बागमती | ३३२ | २६३ | १७७ | ८९ | १३१ |
| गण्डकी | ५१ | ४८ | २९ | २९ | २४ |
| लुम्बिनी | ४८ | ३२ | २० | २५ | ५१ |
| कर्णाली | २ | १ | २ | ० | ३ |
| सुदुर पश्चिम | ३ | ७ | १ | ७ | १० |
| **जम्मा** | ४९८ | ४३९ | २७७ | २०३ | ३०९ |

*स्रोत : उद्योग विभाग, २०७९*


आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्म उद्योग विभागमा १ हजार ३ सय ५ ठूला, २ हजार १७ मझौला र ५ हजार ४ सय ४२ साना उद्योग दर्ता भएका छन् । जसमा उत्पादनमूलक उद्योगको हिस्सा ३७.४ प्रतिशत, सेवा उद्योगको हिस्सा २६.४ प्रतिशत, पर्यटनमूलक उद्योगको हिस्सा २१.९ प्रतिशत, कृषिमा तथा वन पैदावरमा आधारित उद्योगको हिस्सा ५.९ प्रतिशत, ऊर्जामूलक उद्योगको हिस्सा ५.७ प्रतिशत, सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योगको हिस्सा १.१ प्रतिशत, खनिज उद्योगको हिस्सा ०.८ प्रतिशत तथा पूर्वाधार उद्योगको हिस्सा ०.७ प्रतिशत रहेको छ ।

## ४.२ उद्योगको क्षमता उपयोग र उत्पादन

समीक्षा वर्षमा सर्वेक्षणमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ५२.७ प्रतिशत रहेको छ, जुन गत आर्थिक वर्षको भन्दा सामान्य वृद्धि भएको हो । सर्वेक्षणमा समेटिएका उद्योगमध्ये कंक्रिट उद्योगको क्षमता उपयोग सबैभन्दा बढी (९३.८ प्रतिशत) रहेको छ भने सबै भन्दा कम औषधी उद्योगमा ड्राइसिरप उत्पादन (९.९ प्रतिशत) को रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ७ (क) मा प्रस्तुत गरिएको छ ।

अध्ययनले समेटेका उद्योगहरुमध्ये वनस्पती घिउ, प्रशोधित दूध, चामल, गहुँको पिठो, चिनी, चकलेट, वियर, हल्का पेय पदार्थ, धागो, जुटका सामान, कच्चा छाला, प्रशोधित छाला, चिरेको काठ, प्लाईउड, कागज, रोजिन, रंग, औषधी, सिमेण्ट, फलामको छड तथा पत्ति, स्टिलजन्य उत्पादन, जि.आई.पाईप, घरेलु धातुका सामान, आल्मुनियम उत्पादन, बिजुलीका तार र केबुल, टायर तथा ट्यूव, जुत्ता, विजुली उत्पादन गर्ने उद्योगको क्षमता उपयोग बढेको छ भने तोरीको तेल, भटमासको तेल, पशुदाना, विस्कुट, चाउचाउ, प्रशोधित चिया, मदिरा, चुरोट, सिन्थेटिक कपडा, साबुन, प्लाष्टिकजन्य उत्पादन, ईंटा, कंक्रिट, जि.आई तार, चप्पल उत्पादन गर्ने उद्योगको क्षमता उपयोग घटेको छ ।

**चार्ट ४.१ : प्रमुख उद्योगको क्षमता उपयोग**




*स्रोत : सर्वेक्षणमा समेटिएका उद्योगहरु*

**बक्स ४.१ : जडिबुटी संकलन तथा प्रशोधनमा वायो कर्णाली एरोमा प्रा.लि. को भुमिका**

कृषि नेपालको आर्थिक विकास तथा सम्वृद्धिको एक महत्वपूर्ण आधार स्तम्भको रुपमा रहेको क्षेत्र हो । यद्यपि कर्णाली प्रदेशको भुगोल तथा मौसमका आधारमा यस प्रदेशको आर्थिक विकास तथा सामाजिक रुपान्तरणको लागि तुलनात्मक रुपमा जडिबुटी क्षेत्रको भुमिका रहने तर्क सहित वायो कर्णाली एरोमा प्रा.लि.को स्थापना गरिएको छ । कर्णाली प्रदेशको राजधानी सुर्खेतको बीरेन्द्रनगर नगरपालिका वडा नं. ३ मा मुख्य उत्पादन केन्द्र रहेको यस उद्योगको स्थापना मिति २०७२ माघ महिनामा भएको हो । साथै, सुर्खेतको भेरीगंगा नगरपालिका तथा चौकुने गाँउपालिकामा समेत उत्पादन तथा प्रशोधन गर्ने केन्द्रहरु रहेको र यस उद्योगबाट उत्पादित वस्तुहरुको विक्री तथा वितरण दिपिका इन्टरनेशनल प्रा. लि. बाट हुने गरेको छ ।

मुख्यगरी हिमाली तथा पहाडी भु-भागले ढाकेको कर्णाली प्रदेशमा विभिन्न प्रकृतिका बहुमुल्य जडिबुटिहरु पाईने भएको र हालसम्म यस क्षेत्रमा व्यावसायीक रुपमा कुनै व्यक्ति, फर्म, कम्पनी अग्रसर भई नसकेको कारणले जडिबुटिको संकलन तथा प्रशोधन मार्फत् स्थानिय उत्पादनको उपयोग गरी कर्णाली प्रदेशकै आर्थिक विकास तथा रोजगारीमा टेवा पुऱ्याउने उद्देश्यले यो संस्था स्थापना गरिएको छ । चुक्ता पूँजी ९ लाख बाट कारोबार थालिएको यस उद्योगले मुख्य गरी फिनाईल, हेन्डवास, ट्वाईलेट क्लिनरको उत्पादन गर्ने गरेको छ भने विभिन्न सुगन्धित तेल तथा धुपहरुको समेत उत्पादन गर्दै आएको छ । Aroma Therapy, Anxiety, Mental Disorder जस्ता संवेदनशील रोग तथा समस्याको समाधान गर्न र अन्य आयुर्वेदिक उपचार, प्राकृतिक चिकित्सा, सुगन्ध चिकित्सा क्षेत्रको विकास गर्न आवश्यक तेल तथा वासनादार पर्फ्युमहरु उत्पादन गरी स्वदेश तथा विदेशमा समेत निर्यात गर्दै आएको छ ।

समीक्षा अवधिसम्म यस उद्योगले आठ प्रकारका विभिन्न वस्तुहरुको उत्पादनलाई निरन्तरता दिदै आएको छ । मुख्यतया सेतो फिनाईन, ट्वाईलेट क्लिनर, ग्लास क्लिनर, कालो फिनाईल, ह्याण्ड वास, लेमन ग्रास तेल, यूकालिप्टस तेल र कपुर तेलको उत्पादन तथा विक्री वितरणमा केन्द्रित रहेको यस उद्योगले कोरोना भाईरसको समयमा सेनिटाईजरको उत्पादन गरी कर्णाली प्रदेशभरी आफ्नो सेवा पुऱ्याएको थियो । उक्त समयमा अन्य उत्पादित वस्तुको व्यापार समेत राम्रो रहेकोमा पछिल्ला वर्षहरुमा बैंक तथा वित्तीय क्षेत्रमा तरलताको अभाव भएको कारण बैंकिग कर्जा खुम्चिएपछि उद्योगलाई आवश्यक पर्ने चालु पूँजीमा पुर्ती गर्न असहज भएकोले गत अवधिको तुलनामा समीक्षा वर्षमा वस्तुहरुको उत्पादन क्षमतामा क्रमशः कमी आएको छ । हेन्डवासको उत्पादनमा सवै भन्दा धेरै करिव ५० प्रतिशतले कमी आएको छ भने सवै भन्दा कम ट्वाईलेट क्लिनरको उत्पादनमा ११.२९ प्रतिशतले कमी आएको छ । त्यस्तै, अन्य उत्पादित वस्तुहरुको उत्पादनमा समेत कमी आएको छ । समीक्षा अवधिमा सेतो फिनाईलको उत्पादन क्षमता ६ हजार ५ सय लि. रहेकोमा ५ हजार लि. उत्पादन भएको छ अर्थात् ७६.९ प्रतिशतले उत्पादन क्षमताको उपयोग भएको छ । त्यसैगरी, ट्वाईलेट क्लिनर ६८.८ प्रतिशत, कालो फिनाईल ७० प्रतिशत र ह्याण्ड वास ५५.६ प्रतिशतले उत्पादन क्षमताको उपयोगको क्षमताको गिरावटमा छन् ।

समीक्षा अवधिमा यस उद्योगमा परिवारका सदस्यहरु वाहेक २ महिला तथा ३ पुरुष गरी जम्मा ५ जनालाई थप रोजगारी प्रदान गरिएको छ । व्यवस्थापक एक जनालाई मासिक रु.१६ हजार र अन्य कर्मचारीलाई मासिक रु. १५ हजार तथा अन्य भत्ता सुविधाहरु प्रदान गर्दा मासिक रु ८५ हजार बराबरको रकम कर्मचारीको तलवमा मात्र खर्च हुने गरेको छ । उत्पादन लागत तथा सम्पूर्ण खर्च घटाउँदा समेत उद्योग मासिक करिव सवालाख बराबरको मुनाफामा रहेको देखिन्छ । उत्पादित वस्तुहरुमा मुख्यतया तेल तथा पर्फ्यूम भएकाले गर्मियाममा उत्पादन गरिन्छ । चिसोयाममा भने जडिबुटीहरुको बृक्षारोपण गर्ने कार्य गरिन्छ । तेलहरुमा प्रयोग भएको कच्चा पदार्थमा मिश्रित Components छुट्याउन सकिने प्रविधिको जडान नहुँदा विदेशमा निर्यात हुने तेलहरुमा उत्पादित वस्तुको गुणस्तरमा प्रश्न चिह्न खडा भएको छ । यी कारणहरुबाट सम्भावित आम्दानी घटेको छ भने बजार विस्तारमा समेत कठिनाई उत्पन्न भएको छ ।

हालको अवस्था हेर्दा जडिबुटी क्षेत्रमा निकै सम्भावना रहेको भएता भनि यसको व्यवसायिक खेती नभएको तथा उत्पादन, प्रशोधन र बजारीकरण समेतका कार्य गर्ने एउटै उद्योग भएका कारण यस क्षेत्रको उल्लेख्य विकास हुन सकेको छैन । माग अनुसारको उत्पादन तथा प्रशोधन गर्न सकेमा यस क्षेत्रमा कम्तिमा पनि ४०० जनालाई रोजगारी दिन सकिने सम्भावना रहेको छ । यस्तै विश्व बजारमा हाल ५ लाख टन बराबरको माग भएको सुगन्धित तेल जम्मा १ लाख २० हजार टन मात्र पुर्ति हुन सकेको छ । यसकारण यस्ता जडिबुटीको उत्पादनलाई ठुलो स्केलमा बढाउन सकेमा यस प्रदेशमा बाँझो रहेको जमिन सदुपयोग हुने, वर्षा समेत नचाहिने हुँदा सिँचाई सुविधा नभएको जमिन समेत उपयोग हुने हुँदा प्रदेशमा थप रोजगारी सिर्जना भई समग्र जिवनस्तर नै माथि उठ्ने तथा विदेशी मुद्रा समेत बढ्ने देखिन्छ । सुगन्धित जडिबुटी लगाउँदा जंगली जनावरले पनि गन्धको कारणले असर पार्न नसक्ने भएको हुँदा उक्त ठाँउहरु समेत उपयोग गर्न सकिन्छ ।

मुख्यतया जडिबुटी क्षेत्रको महत्व तथा आवश्यकताका विषयमा जनचेतनाको अभाव भएको, संघीय सरकार तथा प्रदेश सरकारका योजनामा प्रथामिकतामा पर्न नसकेको, नविनतम प्रविधिको अनुसरण गरी व्यवसायीकरण गर्न नसकिएको, आवश्यकता अनुसार उचित क्षेत्रमा कर्जा, सहुलियतपूर्ण कर्जा तथा अनुदान पुग्न नसकेको, कठिन भौगोलिक बनावटका कारण सहज बजारीकरण हुन नसकेकोले यस क्षेत्रको विकास तथा प्रवर्द्धनमा थप समस्या रहेको देखिन्छ ।


*स्रोतः प्रादेशिक आर्थिक गतिविधि अध्ययन (कर्णाली प्रदेश), वार्षिक प्रतिवेदन (आ.व. २०७८/७९)*

## ४.३ क्षेत्रगत औद्योगिक कर्जा

२०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा ८.५ प्रतिशतले घटी रु.१२ खर्ब ५१ अर्ब ९६ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा २०.९ प्रतिशतले बढेको थियो । कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश २६.७ प्रतिशत रहेको छ ।

औद्योगिक कर्जामध्ये खानीसम्बन्धी उद्योगमा १.२ प्रतिशत, कृषि, वन तथा पेय पदार्थसम्बन्धी उद्योगमा १९.६ प्रतिशत, गैर-खाद्य वस्तु उत्पादनसम्बन्धी उद्योगमा ४०.० प्रतिशत, निर्माणसम्बन्धी उद्योगमा १३.९ प्रतिशत, विद्युत ग्यास तथा पानीसम्बन्धी उद्योगमा १९.७ प्रतिशत र धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक सम्बन्धी उद्योगमा ५.६ प्रतिशत कर्जा प्रवाह भएको छ ।

**चार्ट ४.२ : औद्योगिक कर्जा लगानी स्थिति (रु.दश लाखमा)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

औद्योगिक कर्जामध्ये बागमती प्रदेशमा सबैभन्दा बढी रु.८ खर्ब ४२ अर्ब ६६ करोड कर्जा लगानीमा रहेको छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम रु.३ अर्ब ६७ करोड कर्जा लगानीमा रहेको छ (तालिका ४.३) ।


**तालिका ४.३ : प्रदेशगत औद्योगिक कर्जा**

| प्रदेश | रकम (रु. करोडमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| प्रदेश नं. १ | १२,११३.७९ | ९.७ |
| मधेश प्रदेश | १०,२१३.६० | ८.२ |
| बागमती प्रदेश | ८४,२६५.८४ | ६७.३ |
| गण्डकी प्रदेश | ३,७४७.९२ | ३.० |
| लुम्बिनी प्रदेश | ११,९१९.१५ | ९.५ |
| कर्णाली प्रदेश | ३६७.४८ | ०.३ |
| सुदूर पश्चिम प्रदेश | २,५६८.२५ | २.१ |
| **जम्मा** | **१२५,१९६.०२** | **१००.००** |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०७९*

औद्योगिक कर्जामा प्रदेश नं. १ मा प्रवाहित कर्जाको हिस्सा ९.७ प्रतिशत, मधेश प्रदेशको ८.२ प्रतिशत, बागमती प्रदेशको ६७.३ प्रतिशत, गण्डकी प्रदेशको ३.० प्रतिशत, लुम्बिनी प्रदेशको ९.५ प्रतिशत, कर्णाली प्रदेशको ०.३ प्रतिशत र सुदूर पश्चिम प्रदेशमा प्रवाहित कर्जाको हिस्सा २.१ प्रतिशत रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ८ (क-ख) मा प्रस्तुत गरिएको छ ।

**चार्ट ४.३ : औद्योगिक कर्जामा प्रदेशगत कर्जाको हिस्सा (प्रतिशत)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

## ४.४ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

पछिल्लो समयमा देखिएको तरलताको चाप र ब्याजदरको उतारचढावले गर्दा नयाँ उद्योगहरुको स्थापना गर्न तथा भएका उद्योगहरुको सञ्चालन/क्षमता विस्तारको लागि आवश्यक वित्तीय स्रोत जुटाउन चुनौती सृजना भएको छ । साथै, अन्तर्राष्ट्रिय जगतमा आएको तेल तथा कच्चा पदार्थको मूल्य वृद्धिले परदेशमा निर्भर कच्चा पदार्थमा आधारित उद्योगको लागत बढ्ने तथा उत्पादनलाई बजारमा बिक्री वितरण गरी नाफा कमाउन चुनौती रहेको छ । यसका साथै लगानीमैत्री वातावरण सृजना गर्न सडक, ऊर्जा, सञ्चार जस्ता न्यूनतम आवश्यक भौतिक तथा सामाजिक पूर्वाधारको विकास गर्नु, उद्योग क्षेत्रमा विदेशी लगानी आकर्षण गरी प्रविधि हस्तान्तरण तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्नु, भौगोलिक रुपले औद्योगिक विकासको सम्भावना बोकेको स्थानहरूलाई औद्योगिक जोनको रुपमा विकास गर्नु, बढ्दो जग्गाको मूल्यका कारण उद्योग स्थापनाको लागत बढ्दै जानु, औद्योगिक क्षेत्रमा अभाव हुने अर्ध-दक्ष तथा दक्ष जनशक्तिको पलायन रोकी दक्ष श्रमशक्तिको उपलब्धता सुनिश्चित गर्नु, उद्योग स्थापनामा सहजता कायम गर्नु तथा स्थापनाको लागतमा कमी ल्याउनु, उद्योगी-श्रमिकका बीचमा सम्बन्ध सुधार गरी सुमधुर औद्योगिक वातावरण सृजना गर्नु, सञ्चालनमा रहेका औद्योगिक क्षेत्र/कोरिडोर एवं विशेष आर्थिक क्षेत्रहरुको प्रभावकारी व्यवस्थापन तथा विस्तार गर्नु, स्वदेशी औद्योगिक कच्चा पदार्थको उत्पादन तथा खपत वृद्धि गर्नु, औद्योगिक आपूर्ति श्रृंखला प्रभावकारी बनाउनु, लगानीमैत्री वातावरण सृजना गरी तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताका निर्यातमूलक उद्योगमा लगानी बढाउनु जस्ता चुनौतीहरु औद्योगिक क्षेत्रमा अझै पनि विद्यमान रहेका छन् । यसका साथै, एकल बिन्दु सेवा केन्द्रको प्रभावकारी कार्यान्वयन, प्रविधिको उपयोग, विद्युतीय सेवा र विद्युतीय भुक्तानी कारोबारको अधिकतम प्रवर्द्धन, औद्योगिक पूर्वाधारका लागि छुट्याइएको बजेटको नियमितता लगायतका

विषयहरू औद्योगिक क्षेत्रमा चुनौतीका रुपमा रहेका छन्। उद्योग क्षेत्रका प्रदेशगत चुनौती तालिका ४.४ दिइएको छ।

**तालिका ४.४ : उद्योग क्षेत्रका प्रदेशगत चुनौती**

| प्रदेश | चुनौती* |
|---|---|
| प्रदेश नं. १ | • नेपालमा उत्पादन हुने छुर्पी तथा चियाका Semi Product निकासी गर्दा प्रशासनिक जटिलताका कारण नेपाली उत्पादनलाई निरुत्साहित गर्ने कार्य न्यूनीकरण गर्दै नेपाली ब्राण्डमा नै Final Goods को रुपमा निर्यात गर्नु।<br>• भारतीय श्रमिक माथिको अधिक निर्भरतालाई कम गरी उद्योग क्षेत्रमा आवश्यक हुने दक्ष जनशक्तिको आन्तरिक आपूर्ति सुनिश्चित गर्न उद्योग क्षेत्रमा कार्यरत श्रमिकको समुचित क्षमता अभिवृद्धि गर्नु।<br>• मलखादको कमीका कारण उखु, चिया लगायतका औद्योगिक कच्चा पदार्थको परिमाण र गुणस्तरमा कमी आएकाले चिनी र चिया उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन गर्नु। |
| मधेश प्रदेश | • प्रदेशको प्रमुख कृषि उत्पादनको रुपमा रहेको उखु किसान तथा चिनी उद्योगीहरूको बीचमा हुने असमझदारीको अवस्था अन्त्य गरी उखु किसान र चिनी उद्योगसँग सम्बन्धित समस्याको दीर्घकालीन समाधान गरी देशलाई चिनी उत्पादनमा आत्मनिर्भर तुल्याउनु।<br>• उत्पादित वस्तुहरू छिमेकी मुलुकहरूमा निकासी गर्ने वातावरण निर्माण गरी स्थानीय उद्योगहरूको उत्पादन क्षमता बढाउनु। |
| बागमती प्रदेश | • ठूला शहरहरुमा रहेका औद्योगिक क्षेत्रहरुमा फोहोर व्यवस्थापनका साथै प्रस्तावित औद्योगिक क्षेत्रहरुमा साना तथा मझौला उद्योग स्थापना र सञ्चालन गर्नु।<br>• प्रदेशका रसुवा, रामेछाप, दोलखा, सिन्धुली लगायतका जिल्लाहरुमा उद्योग दर्ताको संख्या नगन्य रहेकोले त्यस क्षेत्रका जनशक्तिलाई औद्योगिक सीपको विकास गरी उद्योगको स्थापना गर्न प्रोत्साहित गर्नु। |
| गण्डकी प्रदेश | • अधिकांश उद्योगहरुको उत्पादन क्षमता न्यून देखिएकोले त्यस्ता उद्योगहरुलाई पूर्ण क्षमतामा संचालन गर्न आवश्यक विद्युत, कच्चा पदार्थको उपलब्धता, स्वदेशी उत्पादनको लागि उचित बजार लगायत अन्य भौतिक पूर्वाधार उपलब्ध गराउनु। |
| लुम्बिनी प्रदेश | • कंक्रिट र सिमेन्ट उद्योगहरुको स्थापनाले चुरे क्षेत्र मासिने र वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई नियन्त्रण तथा व्यवस्थापन गर्नु।<br>• यस प्रदेशमा कृषि उत्पादनको प्रचुर संभ्भावना रहेतापनि कृषि उत्पादनलाई उद्योगसँग जोड्ने। |
| कर्णाली प्रदेश | • यस प्रदेशबाट भारत लगायत अन्य मुलुकहरुमा रोजगारीका लागि जाने श्रमिकहरुको संख्या अत्यधिक रहेकोले प्रदेशमा उपलब्ध स्थानीय स्रोत र साधनहरुमा आधारित उद्योगहरुमा आकर्षित गरी प्रदेशमा जनशक्ति टिकाई राख्नु।<br>• भौगोलिक रुपमा विकट भएकोले भौतिक पूर्वाधारहरु जस्तै यातायात, विद्युत्, सञ्चार तथा मोटर बाटोको सहज पहुँचको विकास गर्नु। |
| सुदूरपश्चिम प्रदेश | • निर्यातयोग्य वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नु तथा वस्तु विविधिकरण एवम् उत्पादकत्व बढाउनु।<br>• स्थानीय रुपमा उपलब्ध स्रोत तथा साधनहरुको उपयोग गर्नुका साथै, स्वदेशी श्रमशक्तिको दक्षता अभिवृद्धि गर्नु। |

* अधिकांश चुनौतीहरु राष्ट्रियस्तरमा पहिचान गरिएका चुनौतीहरु नै रहेका छन्।

### सम्भावना

जलविद्युत् उत्पादनमा आएको वृद्धिले औद्योगिक क्षेत्रमा पर्याप्त विद्युत उपलब्ध भई उत्पादन लागतमा कमी आउने सम्भावना रहेको छ। यसैगरी, स्वदेशी वस्तुको उत्पादन र प्रयोगमा सरकारको प्राथमिकता, तुलनात्मक रुपमा सस्तो जनशक्तिको उपलब्धता, बढ्दै गएको प्रविधिको प्रयोग, बढ्दो बैंकिङ पहुँच, सरकारले उद्योग स्थापनामा सहजीकरण गर्ने नीति लिएको, निर्यातमा अनुदान, आन्तरिक मागको उच्च हिस्सा आयातबाट पूर्ति हुने गरेकोले आयात प्रतिस्थापनमार्फत् आन्तरिक माग व्यवस्थापन गर्न उद्योग स्थापना गर्ने अवसर समेत रहेको छ। सिमेन्ट, स्टिल, चिया, जस्तापाता, पेन्ट, विद्युतीय केबल तथा कण्डक्टर लगायतका उद्योगहरु आत्मनिर्भरतातर्फ उन्मुख भएकाले यस्ता उत्पादनको आयात घट्दै गई निर्यात प्रवर्द्धन गर्न सकिने सम्भावना छ।

**तालिका ४.५ : उद्योग क्षेत्रका प्रदेशगत सम्भावना**

| प्रदेश | सम्भावना |
|---|---|
| प्रदेश नं. १ | • आशिंक रुपमा वनले ढाकेको भू-क्षेत्र वृद्धि भइरहेकाले वन तथा जडिबुटिमा आधारित उद्योगको स्थापना गरी वनजन्य उत्पादनमा वृद्धि गरी निर्यात बढाउन सकिने।<br>• कृषि तथा वनजन्य उत्पादनहरु अलैंची, अम्रिसो, लोक्ता जस्ता कच्चा पदार्थलाई आधार मानेर कागज उद्योग स्थापना र सञ्चालन गरी विदेशी कागज आयातमा कटौती गरी स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न सकिने।<br>• नेपालमा उत्पादन भएको अधिकांश चिया भारतमा मात्र निर्यात भइरहेको देखिन्छ। भारतभन्दा तेस्रो मुलुकमा निर्यात गर्दा तुलनात्मक रुपमा बढी मूल्य प्राप्त हुने हुँदा प्रशोधन, ग्रेडिङ, ब्रान्डिङ्ग लगायत सम्बन्धित देशको मापदण्ड पूरा गरी तेस्रो मुलुकमा निर्यात गर्न सके तुलनात्मक रुपमा अधिक लाभ लिन सकिने। |
| मधेश प्रदेश | • धान, गहुँ, मकै जस्ता अन्न बालीको प्रशस्त उत्पादन हुनुको साथै सुगम भौगोलिक संरचना रहेकोले यो प्रदेशमा कृषि बालीमा आधारित पिठोजन्य उद्योगहरू स्थापना गर्न सक्ने राम्रो सम्भावना रहेको।<br>• भौगोलिक अवस्थितिका आधारमा यो प्रदेशको अधिकांश हिस्सा भारतसँग जोडिएकोले बजार विस्तार गर्न सकिने। |
| बागमती प्रदेश | • यस प्रदेश भित्रका बजार विस्तारको सम्भावना भएका पानी प्रशोधन, खाद्य प्रशोधन, पेय पदार्थ लगायतका क्षेत्रहरुमा निजी क्षेत्रको लगानीलाई आकर्षण गरी औद्योगिक उत्पादन बढाउन सकिने।<br>• यस प्रदेशमा सञ्चालित प्रधानमन्त्री उत्पादन एवं उपभोग अभिवृद्धि कार्यक्रमको प्रभावकारिता बढाई स्वदेशी सामान उपयोग र निर्यात प्रवर्द्धन गर्नुका साथै नयाँ उद्योग स्थापना तथा हाल सञ्चालनमा रहेका उद्योगहरुको बजार विस्तार गरी उद्योगको क्षमता उपयोग बढाउने सम्भावना रहेको।<br>• सिन्धुलीको मारी र मकवानपुरको मनहरामा औद्योगिक पार्क निर्माणका लागि जग्गा पहिचान भएको तथा चितवन, मकवानपुर र सिन्धुलीमा एकिकृत औद्योगिक विकास परियोजनाको अवधारणा अघि सारिएकोमा उक्त परियोजना यथाशिघ्र अघि बढाउन सकिएमा प्रदेशमा औद्योगिक विकास भई रोजगारी सृजना हुने तथा आर्थिक वृद्धि हुनेमा सघाउ पुग्ने सम्भावना रहेको। |
| गण्डकी प्रदेश | • नवलपरासीस्थित धौबादी फलाम खानीको उत्खनन कार्य प्रारम्भ गर्न सकिएमा फलामको उत्पादन वृद्धि गर्न सकिने सम्भावना रहेको।<br>• प्रदेशभित्र विभिन्न जिल्लामा युरेनियम, टुर्मालिन, चुनढुङ्गा, फलाम, टाल्क, रातोमाटो लगायतका खनिजजन्य वस्तुको सम्भावना रहेको।<br>• गण्डकी प्रदेशमा बिस्कुट, चाउचाउ जस्ता खाद्यवस्तुहरुको उद्योगको संख्या र उत्पादन |

| | |
|---|---|
| | बढी रहेको सन्दर्भमा त्यस्ता वस्तुहरुको आयातमा कडाई गरी उत्पादनलाई थप प्रोत्साहन गर्न सकिएमा उक्त वस्तुहरुमा आत्मनिर्भर हुन सकिने सम्भावना रहेको । |
| लुम्बिनी प्रदेश | • विशेष आर्थिक क्षेत्र (SEZ) मा नयाँ उद्योगहरु स्थापना हुने प्रक्रियामा रहेको, रुपन्देहीको मोतिपुर र बाँकेको नौवस्तामा नयाँ औद्योगिक क्षेत्र निर्माण हुने क्रममा रहेकाले यस प्रदेशमा औद्योगिक क्षेत्रको थप सम्भावना रहेको ।<br>• बेलहिया तथा नेपालगञ्ज भन्सार कार्यालयमा एकिकृत भन्सार कार्यालय निमार्ण कार्य भैरहेको र सीमा नाकासम्म सहज पहुँच रहेको कारण औद्योगिक कच्चा पदार्थ आयात तथा तयारी वस्तु निर्यातमा सहजता हुनुको साथै सोबाट थप रोजगारीको अवसर समेत सृजना हुने सम्भावना रहेको ।<br>• नेपालमा सञ्चालनमा रहेका अधिकांश सिमेन्ट उद्योग लुम्बिनी प्रदेशमा रहेको र अन्य क्षेत्रको तुलनामा खानीजन्य उद्योगको रोयल्टी कम रहेको साथै अर्घाखाँची र पाल्पा जिल्लामा प्रशस्त मात्रामा चुन ढुङ्गा खानी रहेको कारण क्लिंकर तथा सिमेन्टको उत्पादन र निर्यात थप बढ्न सक्ने तथा यस्ता उद्योगले आयात प्रतिस्थापनमा मद्दत गर्न सक्ने सम्भावना रहेको । |
| कर्णाली प्रदेश | • यस प्रदेशमा प्राङ्गारिक कृषि खेतीको प्रचुर सम्भावना रहेकोले कृषि र यससँग अन्तरनिहित उद्योगहरुको स्थापना गरी यस प्रदेशलाई प्राङ्गारिक कृषि खेतीको नमुना क्षेत्रको रुपमा विकास गर्न सक्ने सम्भावना रहेको ।<br>• यस प्रदेशमा ऊर्जामूलक, पर्यटन, खानीजन्य, कृषि तथा पशुपन्छीजन्य, जडिबुटीजन्य र वन पैदावारजन्य उद्योगको प्रचुर सम्भावना भएकोले यस्ता उद्योगहरुको स्थापना, विकास र विस्तार गरी उच्च रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको । |
| सुदूर पश्चिम प्रदेश | • यस प्रदेशस्थित विभिन्न स्थानीय तहमा साना तथा लघु उद्यमहरुको विकास, स्थानीयस्तरका औद्योगिक ग्राम तथा औद्योगिक क्षेत्रको पहिचान, यार्सागुम्बा, मह, पहाडी जिल्लाहरुमा प्रशस्त मात्रामा पाइने सल्लोको प्रयोग गरी रोजिन एण्ड टर्पेन्टाइन लगायतका प्रतिस्पर्धात्मक लाभ भएका बस्तुहरूको निर्यात तथा उपभोग गर्न सकिने ।<br>• डोटी, डडेल्धुरा, बैतडी, दार्चुला, बझाङ तथा बाजुरा जिल्लामा प्रशस्त मात्रामा पाईने बहुमूल्य जडिवुटी यार्सागुम्बा, पाँचऔले, भ्याउ, भुतकेश, भोजपत्र, भ्याकुर, दालचिनी, टिमुर, पाषणवेद, दारुहल्दी, तितेपाती, गुच्ची च्याउ, कुमकुम, सिकाकाई, सतुवा, कुटकी, काफलबोक्रा, ओखरबोक्रा, धुपिपात, अलैंची, अमला आदि प्रशोधनका लागि जडिवुटी प्रशोधन उद्योग स्थापना गर्न सकिने पहाडी जिल्लाहरुमा प्रशस्त मात्रामा पाईने बहुमूल्य जडिबुटी तथा बन पैदावारको पकेट क्षेत्र पहिचान गरी जडिबुटी उद्योग स्थापना गर्न सकिने ।<br>• यस प्रदेशमा चुनढुङ्गा प्रयोग गरी क्लिङ्कर तथा सिमेन्ट उत्पादन गर्ने उद्योग, तामा, फलाम र मार्वल उद्योग, चिनी उद्योग, पल्प तथा कागज उद्योग, प्राङ्गारिक मल उद्योग, दुग्ध उद्योग आदिको अथाह सम्भाव्यता रहेकोले सो सम्बन्धमा उत्खनन, प्रशोधन र अध्ययन अनुसन्धान गर्नका लागि सरकारी तवरबाट प्रयास गर्न सकिने । |


# परिच्छेद ५
# सेवा क्षेत्र

वार्षिक आर्थिक गतिविधि अध्ययनमा सेवा क्षेत्र अन्तर्गत पर्यटन, सार्वजनिक निर्माण तथा रियल इस्टेटसम्बन्धी कारोबार, वित्तीय सेवा, सञ्चार र यातायात सेवाहरु समेटिएका छन्। कोभिड-१९ महामारीका कारण समग्र सेवा क्षेत्रमा नकारात्मक असर परेको छ। पर्यटन र सार्वजनिक यातायात क्षेत्र सबैभन्दा बढी प्रभावित भएको छ भने घर-जग्गा, वित्तीय सेवा लगायतका क्षेत्रहरुमा तुलनात्मक रुपमा कम प्रभाव परेको देखिन्छ।

## ५.१ पर्यटन

सन् २०२२ मा हवाई मार्गबाट पर्यटन आगमन संख्या ४७९.६ प्रतिशतले वृद्धि भई ६ लाख १४ हजार १ सय ४८ जना पुगेको छ। आएका पर्यटकहरुमध्ये ३४ प्रतिशत पर्यटक भारतबाट, १.६ प्रतिशत चीनबाट र ६४.४ प्रतिशत अन्य मुलुकका रहेका छन्। भारतको पर्यटन आगमन वृद्धिदर २२३.३ प्रतिशत, चीनबाट ५४.८ प्रतिशत र तेस्रो मुलुकबाट १०२६.९ प्रतिशत वृद्धि भएको छ। अघिल्लो वर्ष सो आगमन संख्या १ लाख ५ हजार ९ सय ६२ रहेको थियो।

**चार्ट ५.१ : पर्यटन आगमन संख्या (हवाई मार्गबाट)**




*स्रोत: पर्यटन बोर्ड*

नागरिक उड्डयन प्राधिकरणको तथ्याङ्कअनुसार समीक्षा वर्षमा मुलुकमा समग्र हवाइ सेवा दिने कम्पनीको संख्या १५.१ प्रतिशतले वृद्धि भएको छ जसमा आन्तरिक हवाई सेवा कम्पनीको संख्यामा कुनै वृद्धि भएको छैन भने अन्तर्राष्ट्रिय हवाई सेवा कम्पनीको संख्यामा २०.८ प्रतिशतले वृद्धि भएको छ। यसैगरी हवाई सेवा कम्पनीको प्रतिदिनको सिट क्षमता २१.२ प्रतिशतले वृद्धि भएको छ जसमा हवाई सेवा कम्पनीको प्रतिदिनको सिट क्षमता ७ प्रतिशतले वृद्धि भएको छ भने अन्तर्राष्ट्रिय हवाई सेवा कम्पनीको प्रतिदिनको सिट क्षमता २५.३ प्रतिशतले वृद्धि भएको छ।

पर्यटन विभागको तथ्याङ्कअनुसार देशभर ३७ वटा एकतारे, ४३ वटा दुईतारे, ३४ वटा तीनतारे, २७ वटा चारतारे, १७ वटा पाँचतारे होटल, १ वटा पाँच तारा डिलक्स, ३ डिलक्स रिसोर्ट, २ वटा लक्जरी रिसोर्ट, ४

वटा हेरिटेज एवम् बुटिक होटल र १०९ वटा साधारण रिर्सोट गरी जम्मा २७७ वटा होटल तथा रिर्सोटहरु सञ्चालनमा रहेका छन् (तालिका ५.१) ।

**तालिका ५.१: स्तर वर्गीकरण भएका होटल तथा रिर्सोटहरुको विवरण**

| होटलको वर्गीकरण | संख्या | कोठा संख्या | शैया संख्या | कामदार संख्या |
|---|---|---|---|---|
| हेरिटेज एवम् बुटिक होटल | ४ | ३३९ | ५५४ | ४९८ |
| लक्जरी रिर्सोट | २ | २०० | ३२२ | ३९५ |
| डिलक्स रिर्सोट | ३ | १७९ | २६१ | १९० |
| पाँच तारा डिलक्स | १ | १०१ | १८५ | ११० |
| पाँच तारा स्तरका होटल | १७ | २७७६ | ४१६० | ३८६८ |
| चार तारा स्तरका होटल | २७ | २१४८ | ३२३६ | २३६४ |
| तीन तारा स्तरका होटल | ३४ | २१०६ | ३४६० | १८५१ |
| दुई तारा स्तरका होटल | ४३ | १५९७ | २८७३ | १२०३ |
| एक तारा स्तरका होटल | ३७ | ८७२ | १५७३ | ५८१ |
| साधारण रिर्सोट | १०९ | २३३६ | ४०६२ | २४६० |
| **कुल** | **२७७** | **१२६५४** | **२०६८६** | **१३५२०** |

स्रोतः पर्यटन विभाग, २०७९

**बक्स ५.१: गढीमाई मन्दिर**

मधेश प्रदेशको बारा जिल्ला अन्तर्गतको बरियारपुरमा रहेको गढीमाई मन्दिर धार्मिक पर्यटकहरुको लागि महत्वपूर्ण गन्तव्यको रुपमा लिन सकिन्छ । यो मन्दिर राजधानी काठमाडौंबाट १६० कि.मि. दक्षिण र कलैया बजारबाट ७ कि.मि. पुर्व रहेको छ । यो गढीमाई देवीको मन्दिर हो जसलाई हिन्दु शक्तिको देवी कालीको एक पक्षको रुपमा लिइन्छ । यस मन्दिरमा दुष्टताको अन्त्य हुने र समृद्धि प्राप्त हुने विश्वासका साथ भक्तजनहरु आउने गर्दछन् ।

यस मन्दिरमा हरेक ५ वर्षमा मंसिर १ गतेदेखि महिना भरी गढीमाई पर्व मनाइन्छ । हिन्दु पौराणिक कथा अनुसार २५० वर्ष भन्दा अघिदेखि यो पर्व मनाउने परम्परा रहेको मानिन्छ । यो पर्व मुख्यतयाः मधेसी समुदायले मनाउने गर्दछ । यस पर्वमा शक्तिकी देवी गढीमाईलाई खुसी पार्ने लक्ष्यका साथ भैंसी, सुँगुर, बोका, कुखुरा, परेवा लगायतका जनावारहरुको बलि दिइने गरिन्छ । यस मन्दिरमा नरिवल, मिठाई, रातो रङ्गको कपडा आदि पनि चढाउने गरिन्छ ।

यस पर्वलाई संसारको सबैभन्दा ठुलो पशु बलि दिइने पर्वहरु मध्ये एक पर्वको रुपमा लिइन्छ । यस पर्वमा नेपाल तथा भारतबाट लाखौं मानिसहरु उपस्थित हुन्छन् । यस पर्वमा करिव ७० प्रतिशत भक्तजनहरु भारतबाट आउने गर्दछन् । २०७६ साल मंसिर महिनामा सम्पन्न भएको यस पर्वमा नेपाल तथा भारतका लाखौं संख्यामा भक्तजनहरु सहभागी भएका थिए । उक्त पर्व पुनः ५ वर्ष पछि अर्थात् २०८१ साल मंसिर महिनामा सम्पन्न हुनेछ ।

*स्रोतः प्रादेशिक आर्थिक गतिविधि अध्ययन (मधेश प्रदेश), वार्षिक प्रतिवेदन (आ.व. २०७८/७९)*

**बक्स ५.२ : द क्लिफ (The Cliff)**




नेपालको साहसिक पर्यटकीय गन्तव्यका रुपमा परिचित द क्लिफ प्रा. लि. पर्बतको कुस्मास्थित कालीगण्डकी नदीमाथि रहेको छ । करिब रु. ७५ करोड लगानी रहेको उक्त प्रा. लि. अक्टोबर २०२० देखि सञ्चालनमा आएको छ । खासगरी बन्जी जम्पिङ्ग र स्काई साईक्लिङ्ग लगायतको साहसिक खेलको लागि पर्यटक आउने यो स्थल पोखराबाट ७५ कि.मि.को दुरीमा रहेको छ ।

कुश्माको पर्वतमा द क्लिफको शुरुवातले यो क्षेत्रमा पर्यटकको आगमन बढेकाले होटल तथा रेष्टुरेण्ट व्यवसाय पनि बिस्तार हुदै गएको छ । यसबाट दैनिक ८४ व्यक्तिले प्रत्यक्ष रोजगारी पाउनुका साथै स्थानीय उत्पादन बिक्री वितरणमा सहज भएको छ ।

*स्रोत: प्रादेशिक आर्थिक गतिविधि अध्ययन (गण्डकी प्रदेश), वार्षिक प्रतिवेदन (आ.व..२०७८/७९)*

## ५.२ सार्वजनिक निर्माण तथा रियल इस्टेट

समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन संख्यामा गत वर्षको तुलनामा १२.८ प्रतिशत वृद्धि भई ६ लाख १७ हजार ५ सय ६६ कायम भएको छ । गत वर्ष सो संख्या ५ लाख ४७ हजार ३ सय ९२ रहेको थियो । समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व गत वर्षको तुलनामा १६.२ प्रतिशतले घटेर रु.३९ अर्ब ४३ करोड ३५ लाख पुगेको छ । गत वर्ष यस्तो राजस्व ६४.९ प्रतिशतले बढेको थियो । गत वर्ष ३.३ प्रतिशतले घटेको घर/भवन नक्शा पास संख्या भने समीक्षा वर्षमा ०.२ प्रतिशतले घटेको छ । घरजग्गाको रजिष्ट्रेशन संख्या बढेपनि शहरका बाहिरी इलाकामा कारोबार बढेकोले रजिष्ट्रेशन राजश्वमा कमी आएको हो ।


तालिका ५.२ : सार्वजनिक निर्माण तथा रियलस्टेट

| प्रदेश | घरजग्गा रजिष्ट्रेशन संख्या | घर/भवन स्थायी नक्शा पास संख्या | घरजग्गा रजिष्ट्रेशन राजस्व (रु. दश लाखमा) |
|---|---|---|---|
| प्रदेश नं. १ | १३१९१५ | ६८६२ | ३७५५.१९ |
| मधेश प्रदेश | १३०००६ | ४३०८ | ३६०७.३९ |
| बागमती प्रदेश | १६०६२१ | २३७१८ | २४७५९.०३ |
| गण्डकी प्रदेश | ३९६७३ | २९१९ | २४५०.५८ |
| लुम्बिनी प्रदेश | १११९५६ | ८४८६ | ३४०३.१० |
| कर्णाली प्रदेश | १८५५५ | १०९३ | ३००.६८ |
| सुदूर पश्चिम प्रदेश | २४८४० | २०१३ | ११५७.५७ |
| **जम्मा** | **६१७५६६** | **४९३९९** | **३९४३३.५४** |

*स्रोत : भूमि व्यवस्था तथा अभिलेख विभाग, नगरपालिकाहरु, २०७९*

समीक्षा वर्षमा बागमती प्रदेशमा सबैभन्दा बढी १,६०,६२१ र कर्णाली प्रदेशमा सबैभन्दा कम १८,५५५ घरजग्गा किनबेच (रजिष्ट्रेसन संख्या) कारोबार भएको छ। यसैगरी, समीक्षा वर्षमा बागमती प्रदेशमा सबैभन्दा बढी २३,७१८ र कर्णाली प्रदेशमा सबैभन्दा कम १,०९३ वटा घर/भवन स्थायी नक्शापास भएको छ (तालिका ५.२)।

चार्ट ५.२ : घरजग्गा रजिष्ट्रेशनको प्रदेशगत हिस्सा (प्रतिशत)





*स्रोत : भूमि व्यवस्था तथा अभिलेख विभाग, नगरपालिकाहरु*

कुल घर-जग्गा रजिष्ट्रेशन संख्यामा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी २६ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३ प्रतिशत रहेको छ (चार्ट ५.२)। समीक्षा वर्षमा गत वर्षको तुलनामा सुदूर पश्चिम प्रदेश बाहेक सबै प्रदेशहरुमा घर-जग्गा रजिष्ट्रेशन संख्या बढेको छ भने बागमती प्रदेश बाहेकका सबै प्रदेशहरुमा घर-जग्गा रजिष्ट्रेशन राजश्व घटेको छ। यसैगरी, समीक्षा वर्षमा प्रदेश नं १, मधेश प्रदेश र बागमती प्रदेशमा घर/भवन स्थायी नक्शापास संख्यामा वृद्धि भएको छ भने बाँकी प्रदेशहरुमा घर/भवन स्थायी नक्शापास संख्यामा घटेको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १० (क-ख) मा प्रस्तुत गरिएको छ।

## ५.३ वित्तीय सेवा

२०७९ असार मसान्तसम्ममा वाणिज्य बैंकका ५ हजार ९, विकास बैंकका १ हजार १ सय १८, वित्त कम्पनीका २ सय ३७ तथा लघुवित्त वित्तीय संस्थाका ५ हजार १ सय ३४ र पूर्वाधार विकास बैंकको १ गरी जम्मा ११ हजार ५ सय २९ शाखाहरु सञ्चालनमा रहेका छन् । यसमध्ये बागमती प्रदेशमा सबैभन्दा बढी ३ हजार ४ तथा कर्णाली प्रदेशमा सबैभन्दा कम ४ सय ५५ शाखाहरु सञ्चालनमा रहेका छन् । समीक्षा वर्षमा ३९६ शाखाहरु थप भएका छन् । वित्तीय सेवा सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १२ मा प्रस्तुत गरिएको छ ।


**चार्ट ५.३ : बैंक तथा वित्तीय संस्थाको शाखा संख्या**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

२०७९ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप २०७८ असार मसान्तको तुलनामा ८.५ प्रतिशतले वृद्धि भई रु.५१ खर्ब ३९ अर्ब ८० करोड पुगेको छ । गत वर्ष यस्तो निक्षेप २०.५ प्रतिशतले वृद्धि भएको थियो ।


**चार्ट ५.४ : निक्षेप तथा कर्जा स्थिति**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

२०७९ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा २०७८ असार मसान्तसम्मको तुलनामा १२.५ प्रतिशतले वृद्धि भई रु.४६ खर्ब ९२ अर्ब १० करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो कर्जा २८.१ प्रतिशतले वृद्धि भएको थियो। २०७९ असार मसान्तमा कुल कर्जा कुल निक्षेप अनुपात ९१.३ प्रतिशत रहेको छ। २०७८ असार मसान्तमा यस्तो अनुपात ८८.० प्रतिशत रहेको थियो। कर्जा निक्षेप अनुपात मधेश प्रदेशमा सबैभन्दा बढी १६४.३ प्रतिशत र बागमती प्रदेशमा सबैभन्दा कम ७४.७ प्रतिशत रहेको छ।

**चार्ट ५.५ : प्रदेशगत कुल कर्जा कुल निक्षेप अनुपात**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

२०७९ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाले परिचालन गरेको कुल निक्षेपमा बागमती प्रदेशबाट परिचालन गरिएको निक्षेपको अंश सबैभन्दा धेरै ६८.३ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको १.२ प्रतिशत रहेको छ। कुल कर्जा प्रवाहमा बागमती प्रदेशमा गरिएको कर्जा प्रवाहको अंश सबैभन्दा धेरै ५५.९ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको अंश १.२ प्रतिशत रहेको छ। निक्षेप तथा कर्जासम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १२ (क-ख) मा प्रस्तुत गरिएको छ।

## ५.४ सेवा क्षेत्र कर्जा

२०७९ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०७८ असार मसान्तको तुलनामा १३.७ प्रतिशतले वृद्धि भई रु.१८ खर्ब ५७ अर्ब १४ करोड पुगेको छ। गत वर्ष यस्तो कर्जा २६.२ प्रतिशतले बढेको थियो। कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ३९.६ प्रतिशत रहेको छ।

सेवा क्षेत्रमा प्रवाह भएको कर्जामध्ये थोक तथा खुद्रा विक्रेता उपक्षेत्रमा सबैभन्दा बढी ५१.६ प्रतिशत कर्जा प्रवाह भएको छ भने वित्त, बीमा तथा अचल सम्पत्ति उपक्षेत्रमा ११.८ प्रतिशत, पर्यटन उपक्षेत्रमा १०.५ प्रतिशत, यातायात, भण्डारण र सञ्चार उपक्षेत्रमा ५.५ प्रतिशत र अन्य सेवा उपक्षेत्रमा ४.२ प्रतिशत कर्जा प्रवाह भएको छ।


**तालिका ५.४ : प्रदेशगत सेवा क्षेत्र कर्जा**

| प्रदेश | रकम (रु. करोडमा) | हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| प्रदेश नं. १ | २०,१७३.७४ | १०.८६ |
| मधेश प्रदेश | १६,८१०.९८ | ९.०५ |
| बागमती प्रदेश | १०४,६३७.३२ | ५६.३४ |
| गण्डकी प्रदेश | १३,८७७.८२ | ७.४७ |
| लुम्बिनी प्रदेश | २१,५०५.६८ | ११.५८ |
| कर्णाली प्रदेश | २,२६७.६७ | १.२२ |
| सुदूर पश्चिम प्रदेश | ६,४४०.४१ | ३.४७ |
| **जम्मा** | १८५,७१३.६३ | १००.०० |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

सेवा क्षेत्रमा प्रवाहित कर्जामध्ये बागमती प्रदेशमा प्रवाहित कर्जाको हिस्सा सबैभन्दा बढी (५६.३ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम १.२ प्रतिशत रहेको छ (तालिका ५.४, चार्ट ५.७)। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ८ (क-ख) मा प्रस्तुत गरिएको छ।

**चार्ट ५.६ : सेवा क्षेत्रमा प्रदेशगत हिस्सा**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

## ५.५ यातायात तथा सञ्चार

### यातायात

२०७९ असार मसान्तसम्ममा अध्ययन क्षेत्रमा दर्ता भएका कुल सवारी साधनको संख्या २०७८ असार मसान्तको तुलनामा १२.१ प्रतिशतले वृद्धि भई ४४ लाख ६५ हजार ८ सय ४९ पुगेको छ। यसमध्ये मोटरसाईकल संख्या १२.८ प्रतिशत तथा अन्य सवारी साधन ७.५ प्रतिशतले वृद्धि भएको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका २२ (क-ख) मा प्रस्तुत गरिएको छ।

प्रदेशगत रुपमा तुलना गर्दा २०७९ असार मसान्तसम्ममा बागमती प्रदेशमा सबैभन्दा बढी १९ लाख ३ हजार ५ सय ७० सवारी साधन दर्ता भएका छन् भने कर्णाली प्रदेशमा सबैभन्दा कम २० हजार ९ सय १५ सवारी साधन दर्ता भएका छन् (तालिका ५.४) ।

**तालिका ५.४ सवारी साधन दर्ताको प्रदेशगत विवरण**

| प्रदेश | यातायातका साधनको कुल संख्या | हिस्सा हिस्सा (प्रतिशत) |
|---|---|---|
| प्रदेश नं. १ | ७७१९८८ | १७.३ |
| मधेश प्रदेश | ११७११२ | २.६ |
| बागमती प्रदेश | १९०३५७० | ४२.६ |
| गण्डकी प्रदेश | २९४९४१ | ६.६ |
| लुम्बिनी प्रदेश | ११६४९३३ | २६.१ |
| कर्णाली प्रदेश | २०,९१५ | ०.५ |
| सुदूर पश्चिम प्रदेश | १९२३९० | ४.३ |
| **जम्मा** | **४४६५८४९** | **१००** |

*स्रोत : यातायात व्यवस्था कार्यालयहरु, २०७९*


### सञ्चार

नेपालमा सञ्चारको क्षेत्रमा तुलनात्मक रुपमा छोटो अवधिमा उल्लेख्य प्रगति भएको छ । नेपालमा हालसम्म ५ वटा भ्वाइस सेवा प्रदायक, २२ वटा नेटवर्क सेवा प्रदायक, १३७ वटा इन्टरनेट सेवा प्रदायक, २ वटा Global Mobile Personal Communication by Satellite (GMPCS) र १ वटा इन्टरनेशनल ट्रंक टेलिफोन सेवा प्रदायकको अनुमति प्राप्त गरी सञ्चालनमा रहेका छन् । समीक्षा वर्षमा कुल वितरित टेलिफोन संख्यामा ५.५ प्रतिशतले वृद्धि भई ४ करोड १९ लाख २५ हजार १ सय ५४ पुगेको छ भने गत वर्ष यस्तो संख्यामा ५ प्रतिशतले वृद्धि भएको थियो । २०७९ असार मसान्तमा कुल टेलिफोन पहुँच १४३.६ प्रतिशत रहेको छ भने २०७८ असार मसान्तमा यस्तो पहुँच १३१.५ प्रतिशत रहेको थियो । टेलिफोन सेवामा ९८ प्रतिशत मोवाइल र २ प्रतिशत स्थायी सेवाको हिस्सा रहेको छ । समीक्षा वर्षमा ब्रोडब्याण्ड इन्टरनेट सेवा प्रयोगकर्ताको संख्यामा २२.२ प्रतिशतले वृद्धि भई ३ करोड ७९ लाख ८७ हजार ७ सय ३२ पुगेको छ । गत वर्ष ब्रोडब्याण्ड ईन्टरनेट सेवा प्रयोगकर्ताको सङ्ख्या ३९.८ प्रतिशतले बढेको थियो । ब्रोडव्यान्ड सेवामा ७४.६ प्रतिशत हिस्सा मोवाइलको, २४.८ प्रतिशत हिस्सा फिक्ड वायरलेसको र ०.६ प्रतिशत फिक्ड वायरडको रहेको छ । २०७९ असार मसान्तमा कुल इन्टरनेट पहुँच १२५.७ प्रतिशत रहेको छ । २०७८ असार मसान्तमा यस्तो पहुँच १०२.८ प्रतिशत रहेको थियो । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका २३ मा प्रस्तुत गरिएको छ ।

## ५.६ सहुलियतपूर्ण कर्जा

२०७९ असार मसान्तसम्म सहुलियतपूर्ण कर्जातर्फ १ लाख ४७ हजार ३ सय ९३ ऋणीलाई रु.२ खर्ब ८ अर्ब १४ करोड कर्जा बक्यौता रहेको छ । कुल सहुलियतपूर्ण कर्जामा प्रदेश नं. १ को अंश १७.३ प्रतिशत, मधेश प्रदेशको अंश १०.७ प्रतिशत, बागमती प्रदेशको अंश ३४.९ प्रतिशत, गण्डकी प्रदेशको अंश १४.५ प्रतिशत, लुम्बिनी प्रदेशको अंश १६.० प्रतिशत, कर्णाली प्रदेशको अंश १.५ प्रतिशत र सुदूर पश्चिम प्रदेशको अंश ५.१ प्रतिशत रहेको छ (चार्ट ५.७) ।

**चार्ट ५.७ : प्रदेशगत सहुलियतपूर्ण कर्जाको हिस्सा**





*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

## ५.७ विपन्न वर्ग कर्जा

२०७९ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित विपन्न वर्ग कर्जा २०७८ असार मसान्तको तुलनामा १८.७ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ३३ अर्ब ९६ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा ४४.९ प्रतिशतले वृद्धि भएको थियो। कुल विपन्न वर्ग कर्जामा प्रदेश नं. १ मा प्रवाहित कर्जाको अंश १४.१ प्रतिशत, मधेश प्रदेशको अंश ८.७ प्रतिशत, बागमती प्रदेशको अंश ४८.१ प्रतिशत, गण्डकी प्रदेशको अंश ११.३ प्रतिशत, लुम्बिनी प्रदेशको अंश १२.७ प्रतिशत, कर्णाली प्रदेशको अंश १.५ प्रतिशत र सुदूरपश्चिम प्रदेशको अंश ३.६ प्रतिशत रहेको छ।

**चार्ट ५.८ : प्रदेशगत विपन्न कर्जाको हिस्सा**





*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

## ५.८ पुनरकर्जा

आर्थिक वर्ष २०७८/७९ मा कुल रु.१ खर्ब १५ अर्ब ६८ करोड पुनरकर्जा स्वीकृत भई २०७९ असार मसान्तमा रु. १ खर्ब ११ अर्ब ९६ करोड लगानीमा रहेको छ। कुल पुनरकर्जामा बागमती प्रदेशको अंश सबैभन्दा बढी ४१.४ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा २.४ प्रतिशत पुनरकर्जा प्रवाह भएको छ।

**चार्ट ५.९ : प्रदेशगत पुर्नकर्जाको हिस्सा**





*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

## ५.९ सहकारी क्षेत्र

समीक्षा वर्षमा हरेक प्रदेशका १० वटाका दरले नमूना छनौटमा परेका कुल ७० सहकारी संस्थाहरूको कुल पूँजी ११.४ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर २७.९४ प्रतिशत रहेको थियो। समीक्षा वर्षमा उक्त सहकारीहरुको कुल बचत ६ प्रतिशतले घटेको छ भने र कुल कर्जा २१.६ प्रतिशतले बढेको छ।

**चार्ट ५.१० : नमूना छनौटमा परेका वचत तथा ऋण सहकारी संस्थाको विवरण**




*स्रोत: नमूना छनौटमा परेका सहकारी संस्थाहरु।*

अघिल्लो आर्थिक वर्ष बचत ४३.४ प्रतिशत र कर्जा २५.२ प्रतिशतले बढेको थियो । त्यसैगरी, समीक्षा वर्षमा सहकारी संस्थाका सदस्यको संख्या १२.२ प्रतिशत र कर्मचारीको संख्या १४.० प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षमा सदस्य संख्या १४.२ प्रतिशत र कर्मचारीको संख्या १४.६ प्रतिशतले बढेको थियो ।

## ५.१० शिक्षा

शैक्षिक सत्र २०७८ मा कुल विद्यालय संख्या ३४ हजार ३ सय ६८ रहेको छ जुन अघिल्लो शैक्षिक सत्रभन्दा ३.७ प्रतिशतले कम रहेको छ। विद्यालय बन्द तथा समायोजनका कारण सो संख्या घट्न गएको छ। कुल विद्यालयहरु मध्ये सामुदायिक विद्यालय २६ हजार ४ सय ५४ वटा, संस्थागत विद्यालय ६ हजार ७ सय ६० वटा र धार्मिक विद्यालय १ हजार १ सय ५४ वटा रहेका छन्। शैक्षिक सत्र २०७८ मा सामुदायिक र संस्थागत विद्यालयमा गरी कुल २ लाख ८० हजार ७ सय ६५ शिक्षक कार्यरत रहेका छन् जुन आघिल्लो शैक्षिक सत्र भन्दा १२.४ प्रतिशत कम हो। यस अवधिमा कुल अध्ययनरत विद्यार्थीको संख्या ७० लाख ९२ हजार ९ सय ५९ रहेको छ (स्रोतः आर्थिक सर्वेक्षण, २०७८)।

## ५.११ स्वास्थ्य

आर्थिक वर्ष २०७८ फागुनसम्म १ सय ५४ अस्पताल, १ सय ९६ प्राथमिक स्वास्थ्य संस्था, ३ हजार ८ सय ५३ स्वास्थ्य चौकी, ४ सय २४ आयुर्वेदिक औषधालय, २ हजार ७ सय ९१ उपस्वास्थ्य चौकी गरी कुल ७ हजार ५ सय ९८ स्वास्थ्य संस्था रहेका छन्। यसैगरी कुल अस्पताल शैया संख्या १५ हजार ७ सय ९० र जनशक्ति ९७ हजार ४ सय ४९ रहेको छ।

## ५.१२ सेवा क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

बैंकिङ क्षेत्रमा तरलताको अभावले कर्जाको व्याजदर बढ्दै जानु, अन्तर्राष्ट्रिय रुपमा नै पेट्रोलियम पदार्थको मूल्य वृद्धिले ढुवानी, यातायात लगायतका आर्थिक क्रियाकलाप महँगो पर्नु, रुस युक्रेन युद्धको असरले विश्वबजार मन्दी उन्मुख हुनु, प्रति व्यक्ति विदेशी पर्यटकको खर्च प्रवृत्तिमा उल्लेख्य विस्तार नहुनु, सेवा क्षेत्रका प्रमुख चुनौती रहेका छन्। वास्तविक कारोवार मूल्य भन्दा कम मूल्याङ्कन देखाई हुने घरजग्गा कारोबारलाई वास्तविक कारोबार मूल्य उल्लेख गर्नुपर्ने प्रणालीको विकास गर्नु, गुणस्तरीय र भरपर्दो यातायात सेवाको विकास गर्नु, तुलनात्मक रुपमा बढी उत्पादनशील र रोजगारी सिर्जना हुने क्षेत्रमा वित्तीय स्रोत प्रवाह गर्नु, भौगोलिक विकटताका बीच छरिएर रहेका बस्ती तथा गाउँहरुमा सडक, स्वास्थ्य तथा शिक्षाका पूर्वाधारहरु विस्तार गर्दै सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा बढावा ल्याउनु, प्रभावकारी भुक्तानी प्रणालीको विकास एवं विस्तार गरी आम सर्वसाधारणसम्म पहुँच पुऱ्याउनु आदि सेवा क्षेत्रका मुख्य चुनौती रहेका छन्।

**तालिका ५.५ : सेवा क्षेत्रका प्रदेशगत चुनौती**

| प्रदेश | चुनौती |
|---|---|
| प्रदेश नं. १ | • यस प्रदेशको भ्रमणमा आउने बाह्य पर्यटकहरुको धार्मिक विविधताको अध्ययन गरी पर्यटकको रुची/रहनसहन अनुसारको पर्यटन पूर्वाधार विकास गर्न सामुदायिक तथा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीतिगत व्यवस्था गरी बाह्य पर्यटकहरुको संख्या वृद्धि तथा बसाई अवधि लम्ब्याउनु।<br>• प्रदेश नं. १ रहेका १५ वटा विमानस्थलमध्ये ५ वटा सञ्चालनमा नरहेको र सञ्चालन भएकाहरुमा पनि नियमित उडान नभइरहेको अवस्थामा बढ्दै गएको विदेशी पर्यटकहरुको आगमन संख्यालाई प्रर्याप्त हुने गरी हवाई यातायातका साधनहरुको व्यवस्थापन तथा हवाई सुविधा प्रदान गर्ने गरी विमानस्थलहरुलाई |

| | |
|---|---|
| | जुनसुकै समयमा पनि प्रयोग गर्न सकिने स्थितिमा राख्नु । |
| मधेश प्रदेश | • मधेश प्रदेशमा अवस्थित मिथिला क्षेत्रको सांस्कृतिक सम्पदाको रुपमा रहेको मिथिला कला तथा संस्कृति जस्ता मौलिक कला संस्कृति समेट्ने विषय वस्तुहरूको संरक्षण र विकास गर्नु, मिथिला कला तथा मधेश प्रदेशका मौलिक पहिचान भएका सांस्कृतिक क्रियाकलापहरुको संरक्षण र विकास गर्दै आन्तरिक तथा वाह्य पर्यटक आकर्षित गर्नु ।<br>• जनकपुर क्षेत्रमा रहेको मानव निर्मित पोखरी तथा ताल तलैया लगायत शहरको उचित सरसफाई तथा श्रृंगार गरी मनोरञ्जनात्मक गतिविधिहरूको प्रवर्द्धन गरी पर्यटन विकास गर्नु । |
| बागमती प्रदेश | • Utility Corridor को कार्यान्वयन गर्न, विद्युत्तीय फोहोर व्यवस्थापन (E-waste Management) एवम् डिजिटल तथ्यांकको सुरक्षित भण्डारण एवम् सञ्चालन गर्नु ।<br>• उपत्यका तथा ठूला महानगरहरुमा खुला रुपमा छाडिएका कुकुर तथा पशुचौपायाहरुको नियन्त्रण तथा व्यवस्थापनमा एकरुपता कायम गर्नु र सोबाट फैलिनसक्ने रोग नियन्त्रण गर्नु । |
| गण्डकी प्रदेश | • सडक सञ्जालको विस्तारसँगै मासिँदै गएका परम्परागत पदमार्गहरुको संरक्षण गर्नु तथा नयाँ पदमार्गहरु खोजी गरी पदमार्गहरुमा सुरक्षा व्यवस्था तथा अत्यावश्यक सञ्चार सुविधा एवं मौसम पूर्वानुमान सूचना प्रणालीको व्यवस्था गर्नु ।<br>• पर्यटक आगमनको तथ्याङ्क तथा विवरण व्यवस्थित तवरले राख्न नसकिएको सन्दर्भमा आधिकारिक तथ्याङ्क प्रदायक निकायहरुबीच समन्वय कायम राखी तथ्याङ्कमा एकरुपता कायम राख्न तथ्यमा आधारित नीति तर्जुमा गर्नु । |
| लुम्बिनी प्रदेश | • यस प्रदेशका मुख्य नगरहरुमा प्लास्टिक पदार्थ नियन्त्रण कार्यक्रम सञ्चालन गरी वातावरण संरक्षण र प्रदूषण न्यूनीकरण गर्ने कार्य घोषणा अनुरुप सफल कार्यान्वयन गर्नु ।<br>• बाँके, नवलपरासी, रुपन्देही, दाङ र बर्दिया जिल्लामा कर्जा प्रवाह उच्च रहेतापनि रुकुम (पूर्व), रोल्पा, प्यूठान, गुल्मी, अर्घाखाँची र पाल्पा लगायतका जिल्लाहरुमा कर्जा प्रवाह न्यून रहेकाले लगानी विस्तार गर्दै वित्तीय स्रोतमा समान पहुँच पुऱ्याउनु । |
| कर्णाली प्रदेश | • यस प्रदेशमा पर्याप्त स्वास्थ्य संस्थाहरुको अभाव, तथा दक्ष स्वास्थ्यकर्मीहरुको न्यून उपस्थितिले गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु ।<br>• यस प्रदेशमा भौगोलिक बिकटताका कारण शिक्षण संस्थाको सहज पहुँच नहुनु तथा दक्ष शिक्षक यस प्रदेशका हिमाली तथा उच्च पहाडी जिल्लाहरुमा जान नमान्ने अवस्था रहेकोमा आवश्यकता अनुसार सहज रुपमा विद्यालय/क्याम्पस स्थापना गरी दक्ष शिक्षकहरुलाई सेवा दिन प्रोत्साहन गर्नु ।<br>• हिमाली तथा उच्च पहाडी जिल्लाहरुमा इन्टरनेट सेवाको पहुँच न्यून हुनु । |
| सुदूर पश्चिम प्रदेश | • सुदूर पश्चिम प्रदेशको विकासको मेरुदण्डको रुपमा रहेका धार्मिक, सांस्कृतिक, पुरातात्विक पर्यटकीय पूर्वाधारहरुको विकास तथा प्रवर्द्धनमार्फत् आन्तरिक एवम् बाह्य पर्यटकको लागि आकर्षक गन्तव्य स्थल निर्माण गर्नु ।<br>• सार्वजनिक यातायात सेवा गुणस्तरीय बनाई सर्वसाधारणहरुको यात्रालाई सहज र कम जोखिमयुक्त बनाउनु । |

### सम्भावना

सुविधा सम्पन्न होटल तथा रिसोर्टको संख्यामा वृद्धि भएको, थप २ अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको, विद्युत् आपूर्ति सहज हुँदै गएको लगायतका कारणले पर्यटन आगमनमा वृद्धि भई कोरोना महामारीका कारण संकटमा परेको पर्यटन व्यवसाय पुनरउत्थान हुने सम्भावना रहेको छ। यसका साथै, यातायात व्यवस्थापन, सवारी चालक अनुमतिपत्र, राहदानी अनुमतिपत्र, उद्योग तथा व्यवसाय दर्ता लगायतका सेवाहरु डिजिटल माध्यमबाट सञ्चालन हुन थालेको, सर्वसाधारणको बैंकिङ पहुँच विस्तार हुँदै गएको, सञ्चार माध्यम, इन्टरनेट, मोवाइल लगायतमा पहुँच बढेको, अनलाइन डेलिभरी तथा विद्युतीय भुक्तानी कारोबार फस्टाएको कारणले सेवाको गुणस्तरमा सुधार हुने सम्भावना रहेको छ। यसैगरी, साइवर सुरक्षा तथा बौद्धिक सम्पत्ति अधिकारको नीति कसिलो बनाइ कार्यान्वयन गर्न सकेमा सूचना प्रविधिमा वैदेशिक लगानी बढाउन सकिने सम्भावना रहेको छ। वण्ड, डिवेन्चर, रिट्स इक्विटि (REITs Equity) जस्ता विविध किसिमका वित्तीय उपकरणहरु जारी गरी पूँजी परिचालन गर्ने र वास्तविक क्षेत्रमा संचालित उद्योगहरुलाई वित्तीय बजारमा ल्याई पूँजी बजारलाई बिस्तार गर्न सकिने सम्भावना रहेको छ।

**तालिका ५.६ : सेवा क्षेत्रका प्रदेशगत सम्भावना**

| प्रदेश | सेवा क्षेत्रका सम्भावना |
|---|---|
| प्रदेश नं. १ | • यस प्रदेशमा रहेका आँखा अस्पतालमा छिमेकी मुलुक भारतबाट ठूलो संख्यामा विरामीहरु आउने गरेको, स्वास्थ्य सम्बन्धी दक्ष जनशक्तिको उत्पादन बढ्दै गएको, भौतिक पूर्वाधार समेतको विकास र विस्तार हुँदै गएकोले विदेशी नागरिक लक्षित Multispeciality Hospital, प्राकृतिक उपचार केन्द्र तथा योग केन्द्रहरुको स्थापना गरी स्वास्थ्य पर्यटनको विकास गर्न सकिने।<br>• छिमेकी देश भारतसँग रहन-सहन, भाषा संस्कृति, वातावरण आदिमा खासै भिन्नता नहुनु, भारतीय नागरिकलाई सीमा वारपार गर्न कुनै अवरोध नहुनु र भारतीय विद्यार्थीको यस प्रदेशमा जीवनयापन र शिक्षाको खर्च मितव्ययी हुनेहुँदा र यस प्रदेशका धरान, विराटनगर, काँकडभिट्टा, पशुपतिनगर जस्ता शहरहरु भारतीय सीमा नाका नजिक भएकाले उक्त स्थानमा अत्याधुनिक सुविधा सम्पन्न मेडिकल कलेजहरु सञ्चालन गरी मेडिकल शिक्षाको माध्यमबाट भारतीय मुद्रा आर्जन गर्न सकिने। |
| मधेश प्रदेश | • मधेश प्रदेशमा सिम्रौनगढ, गढीमाई, जनकपुर, जलेश्वर र छिन्नमस्ता जस्ता ऐतिहासिक एवम् धार्मिक महत्वका तीर्थस्थलहरू रहेकाले यस प्रदेशमा धार्मिक तथा सांस्कृतिक पर्यटन विकासको राम्रो सम्भावना रहेको।<br>• मधेश प्रदेशको ताजा माछा लोकप्रिय रहेको र हवाई तथा स्थल यातायातको हिसाबले सुगम रहेकोले सोको लाभ लिँदै स्तरीय होटल तथा रेष्टुरेन्टको स्थापना गरेमा माछापालन हुने स्थानहरूमा मत्स्य पर्यटन लगायतका पर्यटकीय विकास गर्न सकिने। |
| बागमती प्रदेश | • बागमती प्रदेश डिजिटल प्रदेश भन्ने सोच सहित यातायात व्यवस्थापन, सवारी चालक अनुमतिपत्र, उद्योग, वाणिज्य, व्यवसाय दर्ता लगायत सेवालाई विद्युतीय माध्यमबाट प्रवाह गर्ने व्यवस्थाले यस प्रदेशको सार्वजनिक सेवा प्रवाहमा सुधार हुन सक्ने।<br>• आँखा, छाला र दाँतको विशिष्टिकृत सेवाको विकास गर्न सके Medical Tourism लाई आकर्षित गर्न सक्ने सम्भावना रहेको।<br>• दोलखाको जिरी उपत्यकामा कृषि फार्म, मानव निर्मित पोखरी, होमस्टे लगायतका कार्यक्रम गरी हरित शहरको रुपमा विकास गर्न सकिने सम्भावना रहेको। |

| | |
|---|---|
| गण्डकी प्रदेश | • पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न भएपश्चात् हवाई सेवामार्फत् यस प्रदेशको सोझै सम्बन्ध अन्तर्राष्ट्रिय जगतसँग जोडिन पुग्ने भएकाले पर्यटन प्रवर्द्धनमा उल्लेखनीय टेवा पुग्ने ।<br>• प्रस्तावित गण्डकी विश्व विद्यालयलाई Mining, Bio-diversity र Hydropower को विशिष्टकृत (Specialized) अध्ययन/अध्यापन गराउने विश्वविद्यालयको रुपमा विकास गर्न सकिएमा वाह्य मुलुकहरुबाट समेत विद्यार्थी आकर्षित गर्नुका साथै उक्त क्षेत्रको विकासमा थप सहयोग पुग्ने । |
| लुम्बिनी प्रदेश | • नेपालकै दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएकोले आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्ने सम्भावना रहेको ।<br>• लुम्बिनी प्रदेश सरकारले प्रत्येक स्थानीय तहमा एक एम्बुलेन्स सेवा उपलब्ध गराउने, सरकारी तथा सामुदायिक अस्पतालहरुमा निःशुल्क रक्त सञ्चार सेवा उपलब्ध गराउने, सुत्केरी महिला र नवजात शिशुको पोषण सुधार गर्नको लागि निशुल्क सुत्केरी पोषण आहार वितरण जस्ता कार्यक्रमहरु ल्याइने घोषणा गरेकोले यस प्रदेशको स्वास्थ्य सेवा विस्तार हुने सम्भावना रहेको । |
| कर्णाली प्रदेश | • यस प्रदेशमा से-फोक्सुण्डो, रारा, बुलबुले ताल, काँक्रेविहार, पचाल झरना, सिँजा सभ्यता लगायतका प्राकृतिक, सांस्कृतिक तथा धार्मिक महत्वपूर्ण पर्यटकीय क्षेत्रहरु रहेकोले आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धनका साथै पर्यटकस्तरीय होटल तथा होमस्टे व्यवसायको उच्च सम्भावना रहेको ।<br>• सुर्खेत विमानस्थललाई स्तरोन्नत्ति गरी प्रदेश अन्तर्गतका जिल्लाहरु डोल्पा, मुगु, हुम्ला, जुम्ला तथा रुकुममा यात्रु वाहक हवाई सेवा नियमितरुपमा सञ्चालन गर्न सकेमा यस क्षेत्रमा रहेका पर्यटकीय क्षेत्रको विकास भई रोजगारी समेत बढ्ने । |
| सुदूर पश्चिम प्रदेश | • सुदूर पश्चिम विश्वविद्यालय तथा गेटा मेडिकल कलेजको स्थापनाबाट गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा उपलब्ध हुनुका साथै यी पूर्वाधारहरुको सञ्चालनले आसपासका क्षेत्रमा आर्थिक गतिविधि विस्तार हुन सक्ने ।<br>• सुदूर पश्चिम प्रदेश सरकारले प्रसूति केन्द्र, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाइ भवनहरुको निर्माण प्रक्रिया शुरु गरेको तथा सबै जिल्लाहरुमा स्वास्थ्य बीमा कार्यक्रम, "एक विद्यालय, एक नर्स कार्यक्रम", ग्रामीण अल्ट्रासाउण्ड जस्ता कार्यक्रम सञ्चालन गरेकाले स्वास्थ्य सेवाको गुणस्तरमा सुधार आउने । |

परिच्छेद ६

# पूर्वाधार क्षेत्र

## ६.१ पूर्वाधार स्थिति

पूर्वाधार क्षेत्रअन्तर्गत प्रमुख पूर्वाधारको अवस्था र यससँग सम्बन्धित आयोजनाहरुको प्रगति स्थितिको अवस्था विश्लेषण गरिएको छ ।

### सडक

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रिय राजमार्गतर्फ २ लेन सम्मको कालोपत्रे ७ हजार २ सय ३७ कि.मी., राष्ट्रिय राजमार्ग २ लेन माथी (द्रुतमार्गसमेत) को कालोपत्र २ सय ४ कि.मी., राष्ट्रिय राजमार्ग नयाँ ट्र्याकको निर्माण १ सय ४५ कि.मी., राष्ट्रिय राजमार्ग पुनर्स्थापना तथा पुनर्निर्माण १ सय ५५ कि.मी., राष्ट्रिय राजमार्गको आवधिक मर्मत सम्भार २ सय ५० कि.मी., राष्ट्रिय राजमार्गको नियमित मर्मत सम्भार ७ हजार ८ सय कि.मी. भएको छ भने २ सय ८२ वटा सडक पुल निर्माण भएका छन् ।

**तालिका ६.१: सडकको हालसम्मको प्रगति विवरण (कि.मी.)**

| विवरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| **कालोपत्रे** | १३७०७ | १४६९५ | १५४२४ | १६६१४ | १७२३२ |
| **ग्राभल** | ७२३१ | ८५९४ | ८६२२ | ८१७१ | ७८८८ |
| **कच्ची सडक** | ९१५० | ९५९० | ९१९८ | ८९३१ | ८८७६ |
| | **३००८८** | **३२८७९** | **३३२४४** | **३३७१६** | **३३९९६** |

*स्रोत: सडक विभाग*

### सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना

सिन्धुली र रामेछापमा मुख्य संरचना रहने गरी निर्माण गर्न लागिएको सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको कुल लागत रु.४६ अर्ब १९ करोड रहेको छ । आ.व २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य लिएको यस आयोजनाको शिलान्यास २०७७ फागुन २० मा तत्कालिन प्रधानमन्त्री के. पी. ओलीले गरेका थिए । राष्ट्रिय योजना आयोगले आर्थिक रुपान्तरणकारी आयोजनाको रुपमा अघि सारेको यस आयोजनाको मुख्य उद्देश्य सुनकोशी नदीको पानी फर्काएर मरिन खोलामा झारी बागमती नदीको बागमती सिंचाइमार्फत् मधेश प्रदेशको बारा, रौतहट, धनुषा, महोत्तरी र सर्लाही गरी ५ जिल्लाका १२२ हजार हेक्टरमा सिँचाई सुविधा पुऱ्याउने रहेको छ । आयोजनाले डाइभर्ट गरिएको पानीबाट ३१.७ मेगावाट विद्युत उत्पादन गर्ने तथा सो विद्युतलाई ४४ कि.मी. विद्युत प्रसारण लाइन निर्माण गरी राष्ट्रिय प्रसारण लाइनमा जोड्ने योजना रहेको छ । आयोजना सुरु गरिएको अवधिदेखि आ.व. २०७७/७८ को चौथो त्रैमाससम्मको भौतिक प्रगति ७.६ प्रतिशत र वित्तीय प्रगति ७.६ प्रतिशत रहेको छ । कार्यान्वयनस्तरमा रामेछाप जिल्लातर्फको डुवान क्षेत्रको जग्गा अधिग्रहणमा र राजमार्गका केही भाग Divert गर्दा माझी बस्तीको Land Reclamation जस्ता केही समस्या देखापरे पनि आयोजना र प्रभावित क्षेत्रका वासिन्दाहरुको समन्वयमा उक्त समस्याहरु समाधानका क्रममा रहेका छन् ।

### नागढुंगा नौविसे सुरुङ मार्ग

काठमाडौं उपत्यका भित्रिन प्रयोग हुने मुख्य नाकामा निर्माण हुन लागेको नागढुंगा नौविसे सुरूङ मार्गको कुल अनुमानित लागत रु.१७.०९ अर्ब (मुआब्जा बाहेक) रहेको छ । काठमाडौंको थानकोट दहचोकदेखि धादिङको सिस्ने खोलासम्म निर्माण गर्ने लक्ष्य रहेको यो सुरुङ मार्ग ३.५ मिटरका दुइवटा लेन र १.५ मिटर

चौडाइको इमर्जेन्सी ट्र्याक रहने यस सुरुङको चौडाई ९.५ मिटर र उचाई ५ मिटरको हुनेछ। निर्माण पश्चात् बाटोको दुरीमा २.३८ कि.मि.ले कमी आउने, काठमाडौं प्रवेश गर्न २३ मिनेट र बाहिरिन १४ मिनेट समय बचत हुने तथा सवारी दुर्घटनामा ५० प्रतिशत कमी हुने आँकलन गरिएको यस सुरुङमार्ग जापान सहयोग नियोग (जाइका) को सहुलियत ऋणबाट निर्माण हुन लागेको हो। आर्थिक वर्ष २०७८/७९ को असारसम्म सुरुङ मार्गको कुल भौतिक प्रगति ४१ प्रतिशत र कुल वित्तीय प्रगति ४७ (मोविलाइजेशनसहित) प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७८/७९ को असारसम्म मुख्य सुरुङ १४७५ मिटर (खन्ने काम) र सहायक इभ्याकुएसन सुरूङ १६१३ मिटर (खन्ने काम) सम्पन्न भएको छ भने टनेल उत्खननको ६० प्रतिशत र कंक्रिट लाइनिङको २१ प्रतिशत काम सम्पन्न भएको छ।

### पुष्पलाल मध्यपहाडी लोकमार्ग

प्रदेश नं. १ अन्तर्गत पुष्पलाल मध्यपहाडी लोकमार्गको कुल लम्बाइ ५१६.३० कि.मी. रहेको छ। दुई खण्डमा विभाजन गरेर निर्माण कार्य भइरहेको छ। यस लोकमार्गको पहिलो खण्ड पाँचथर, तेह्रथुम, धनकुटा र भोजपुर जिल्लामा पर्दछ। वि.सं. २०६९ बैशाखबाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्वाई ३८६ किलोमिटर तथा कुल अनुमानित लागत रु.८ अर्ब ९० करोड रहेको छ। वि.सं. २०७९ माघसम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको यस खण्डको वि.सं. २०७९ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ८५.० प्रतिशत तथा ७५.० प्रतिशत रहेको छ। यस खण्डमा स्वदेशी ३,१०० र विदेशी १५० गरी कुल ३,२५० कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन्। त्यसैगरी, यस लोकमार्गको दोस्रो खण्ड खोटाङ, ओखलढुङ्गा र उदयपुर जिल्लामा पर्दछ। आर्थिक वर्ष २०७१/७२ बाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्वाई १३०.३० किलोमिटर रहेको छ। कुल अनुमानित लागत रु.२ अर्ब १४ करोड रहेको यो खण्ड आ.व. २०७८/७९ सम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०७९ असार मसान्तसम्मको भौतिक प्रगति सडकको ६४.० प्रतिशत र पुलको २४.० प्रतिशत तथा वित्तीय प्रगति ७८.० प्रतिशत रहेको छ। यस खण्डमा कुल स्वदेशी ७८७ कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन्।

### हुलाकी राजमार्ग

प्रदेश नं. १ को झापा, मोरङ र सुनसरी तथा मधेश प्रदेशको सप्तरी जिल्ला अन्तर्गत रहेको हुलाकी राजमार्गको कुल लम्बाइ ३३५ किलोमिटर रहेको छ। साथै, यस खण्ड अन्तर्गत २५ वटा पुलहरु रहेका छन्। रु.१५ अर्ब अनुमानित लागत रहेको यस खण्डको निर्माण कार्यको प्रारम्भ आ.व. २०६६/६७ बाट भएको हो। आ.व. २०७९/८० सम्ममा निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको यस खण्डको २०७९ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ७५.० प्रतिशत तथा ७०.० प्रतिशत रहेको छ।

### भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना

भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना राष्ट्रिय गौरवको आयोजनाको रुपमा जलस्रोत तथा सिंचाई विभागबाट कार्यान्वयनमा रहेको नेपालकै पहिलो अन्तरजलाधर जलस्थान्नातरण आयोजना हो। आर्थिक वर्ष २०७१/७२ बाट निर्माण कार्यको सुरुवात गर्ने गरी मिति २०६८/०५/०७ मा स्थापना गरिएको भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना आ.व. २०७९/८० मा सम्पन्न गर्ने संशोधित लक्ष्य रहेको छ। भेरी बबई डाईभर्सनतर्फ रु.३३ अर्ब १९ करोड ६६ लाख र भेरी करीडोर विकास आयोजनातर्फ रु.३ अर्ब ६१ करोड ११ लाख गरी यस आयोजनाको कुल अनुमानित लागत रु.३६ अर्ब ८० करोड ७७ लाख रहेको छ। यो आयोजनाले नेपालमा पहिलो पटक Tunnel Boring Machine (TBM) को प्रयोग गरी सुरुङ निर्माण कार्यको सफलतापूर्वक सम्पन्न गरेको छ। यो परम्परागत विधि भन्दा धेरै नै छिटो निर्माण गर्न सकिने कुरा पुष्टि भएको छ। यो आयोजना सम्पन्न भएपछि बर्दिया र बाँके जिल्लाका करिव ५१ हजार हेक्टर भूमीमा

बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध हुनेछ। यसका साथै नियमित रुपमा २ वटा युनिट संचालन गरी जम्मा ४६.८ मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य रहेको छ। यो आयोजनाको आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्म समग्र भौतिक प्रगति करीब ८९.२ प्रतिशत र वित्तीय प्रगति करीब ९५.४ प्रतिशत रहेको छ।

### रेलमार्ग

नेपाल रेलवे कम्पनी लिमिटेडको व्यवस्थापनमा सञ्चालन हुने गरी जयनगर-जनकपुर-कुर्था रेलवेको भौतिक पूर्वाधार निर्माणको काम सम्पन्न भई २०७८ चैत २० गतेदेखि सञ्चालनमा आएको छ। भारत सरकारको पूर्ण लगानीमा सम्पन्न भएको भौतिक पूर्वाधार निर्माण अन्तर्गत् रेलवेको लिक बिछ्याउने तथा विभिन्न स्टेशनहरूमा प्लेटफर्म बनाउने र रेलको ईन्जिन र बग्गी खरीद समेतको कुल लागत रु.८ अर्ब रहेको छ। रेलको यात्रु क्षमता १ हजार ३ सय रहेको छ जसमा एसी क्याबिनमा ५६ जना र जनरल क्याबिनमा जम्मा १ हजार २ सय ४४ जना यात्रु अट्ने क्षमता रहेको छ। दैनिक रुपमा रेलको यात्री संख्या २ हजार ५ सयदेखि ३ हजार रहेको छ।

हाल सम्पन्न पूर्वाधार अनुसार धनुषाको कुर्थाबाट, जनकपुर, परवाह, वैदेही, महिनाथपुर, खजुरी, इनर्वा हुँदै भारतीय सीमास्थित बजार जयनगरसम्म चल्ने यस रेल्वेको लम्बाई ३५ कि.मी. रहेको छ। कुर्था-विजलपुरासम्मको ३५ कि.मी. खण्ड भने निर्माणाधिन अवस्थामा रहेको छ। कुर्थादेखि महोत्तरीको भंगहासम्म १७ कि.मि. सन् २०२३ को नोभेम्बरसम्म सम्पन्न हुने लक्ष्यको साथ काम भइरहेको छ। भंगहादेखि बर्दिवाससम्म १७ कि.मी. खण्डमा जग्गा अधिग्रहण एवम् मुआब्जा वितरणको प्रक्रियामा रहेको छ।

### काठमाडौं-तराई मधेश द्रुतमार्ग

काठमाडौ-तराई मधेस द्रुतमार्ग सडक आयोजना राजधानी काठमाडौलाई तराई मधेससँग छोटो दूरीमा जोड्ने रणनीतिक महत्वको देशकै पहिलो स्तरीय सडक तथा द्रुतमार्ग (Asian Highway Standard Primary Class A) हो। आ.व. २०७४/७५ बाट शुरु भएको यस आयोजना आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ। प्रारम्भिक लागत अनुमान रु.१ खर्ब ११ अर्ब अनुमान रहेकोमा संशोधित लागत रु.२ खर्ब १९ अर्ब पुग्ने अनुमान रहेका छ। यसको लम्बाई ललितपुरको खोकनादेखि शुरु भई मकवानपुर हुँदै बारा जिल्लाको निजगढसम्म चार लेनसहितको जम्मा ७२.५ कि.मि. रहेको छ। यस सडकको कुल लम्बाईमध्ये ५५.५ कि.मि. सडक खण्ड, १०.५९ कि.मि. पुल र ६.४१ कि.मि. सुरुङ्ग मार्ग हुने कुरा परियोजनाको विवरणमा उल्लेख छ। आ.व. २०७८/७९ अन्त्यसम्ममा सो आयोजनाको भौतिक प्रगति २१.१८ प्रतिशत र वित्तीय प्रगति १९.५८ प्रतिशत भएको देखिन्छ।

**बक्स ६.१: कालंगा जलविद्युत आयोजना**

सुदूरपश्चिम प्रदेशस्थित बझाङ्ग जिल्लाको बुंगल नगरपालिकामा अवस्थित कालंगा नदीमा निजी क्षेत्रको लगानीबाट कुल ३ वटा परियोजनाहरुमार्फत् निर्माण भईरहेको करीब ६५ मेगावाट क्षमताको जलविद्युत आयोजना प्रदेशकै सबैभन्दा ठूलो जलविद्युत आयोजना हो । यस अन्तर्गत रहेका ३ वटा परियोजनाहरु देहाय बमोजिम रहेका छन ।

| क्र.सं. | हाईड्रोपावर | आयोजनाको नाम | विद्युत उत्पादन क्षमता (मे.वा.) |
|---|---|---|---|
| १. | सान्निगाड हाईड्रोपावर लि. | माथिल्लो कालंगा जलविद्युत आयोजना | ३८.४६ |
| २. | कालंगा हाईड्रोपावर लि. | कालंगा गाड जलविद्युत आयोजना | १५.३३ |
| ३. | बुंगल हाईड्रोपावर लि. | माथिल्लो सान्निगाड जलविद्युत आयोजना | १०.७० |
| **जम्मा** | | | **६४.४९** |

सन् २०१७ देखि निर्माण कार्य शुरु गरिएको यस आयोजना २०२० भित्र सम्पन्न गर्ने लक्ष्य लिईएकोमा कोरोना महामारीको प्रभाव, भौगोलिक विकटता, बनसम्बन्धी कानून, झन्झटिलो प्रशासनिक प्रक्रियाका कारण लक्षित समयमै सम्पन्न गर्न नसकिएको देखिन्छ ।

कुल अनुमानित लागत १० अर्ब ५० करोड रहेको यस आयोजनामा सम्पूर्ण लगानी निजी क्षेत्रको रहेको छ । बैंकहरुले ७५ प्रतिशत, स्थानीयका लागि १० प्रतिशत र प्रतिष्ठित व्यापारीको १५ प्रतिशत लगानीमा निर्माण भईरहेको यस आयोजनामा करिब १५०० जना कार्यरत छन् । यस आयोजनामा ३८.४६ मेगावाट क्षमता, ८.७ कि.मि.सुरुङ्गको माथिल्लो कालंगागाड, १५.३३ मेगावाट क्षमता, ३.४ कि.मि. सुरुङ्गको कालंगागाड र १०.७ मेगावाट क्षमता, २.९ कि.मि. सुरुङ्गको माथिल्लो सान्नीगाड गरी तिनवटा आयोजना छन् । जसमध्ये १५.३३ मेगावाट क्षमता भएको कालंगागाड आयोजना सम्पन्न भई राष्ट्रिय प्रशारण लाईनमा जडान भैसकेको छ भने माथिल्लो कालंगा गाड जलविद्युत आयोजना ३८.४६ मे.वा.को करीब ९९ प्रतिशत काम सम्पन्न भैसकेको छ भने १०.७० मे.वा क्षमता रहेको सान्निगाड जलविद्युत आयोजनाको करीब ८५ प्रतिशत काम सम्पन्न भैसकेको छ ।

*स्रोत: प्रादेशिक आर्थिक गतिविधि अध्ययन (सुदूरपश्चिम प्रदेश), वार्षिक प्रतिवेदन (आ.व..२०७८/७९)*

## ६.२ राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति

राष्ट्रिय गौरवका आयोजनाहरुको स्थिति र समीक्षा वर्षको अन्तसम्मको भौतिक र वित्तीय प्रगति विवरण तालिका ६.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.२ : राष्ट्रिय गौरवका आयोजनाको विवरण**

| क्र. सं. | आयोजनाको नाम | अवस्थिती | शुरु मिति | लक्ष्य | सम्पन्न हुने मिति | संशोधित लागत रु. | २०७९ असार मसान्त सम्मको प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | भौतिक | वित्तीय |
| १. | सिक्टा सिँचाई आयोजना | लुम्बिनी प्रदेश | २०५९/६० | ४२,७६६ हेक्टर | २०८४/८५ | २५ अर्ब २ करोड | ७२.५० | ७५.९ |
| २. | बबई सिँचाई आयोजना | लुम्बिनी प्रदेश | २०४५/४६ | ३६,००० हेक्टर | २०७९/८० | १८ अर्ब | ६२.२३ | ५८.८४ |
| ३. | रानी जमरा कुलरिया आयोजना | सुदूरपश्चिम प्रदेश | २०६८/६९ | ३८,३०० हेक्टर | २०८०/८१ | २७ अर्ब ७० करोड | ६० | ५९ |
| ४. | सुनकोशी मरिन डाइभर्सन आयोजना | बागमती प्रदेश र मधेश प्रदेश | २०७३/७४ | १२२,००० हेक्टर, २८.६ मेगावाट | २०८०/८१ | ४६ अर्ब १९ करोड | ७.६० | ७.५७ |
| ५. | महाकाली सिँचाई आयोजना | सुदूरपश्चिम प्रदेश | २०६३/६४ | ३३,५२० हेक्टर | २०८०/८१ | ३५ अर्ब | १५.७३ | १५.४३ |
| ६. | भेरी बबई डाइभर्सन | कर्णाली प्रदेश, | २०६८/६९ | ५१,००० | २०७९/८० | ३३ अर्ब १९ | ५७ | ४१.९२ |

| क. सं. | आयोजनाको नाम | अवस्थिती | शुरु मिति | लक्ष्य | सम्पन्न हुने मिति | संशोधित लागत रु. | २०७९ असार मसान्त सम्मको प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | भौतिक | वित्तीय |
| | बहुउद्देश्यीय आयोजना | लुम्बिनी प्रदेश | | हेक्टर, ४६.८ मेगावाट | | करोड | | |
| ७. | माथिल्लो तामाकोशी जलविद्युत् आयोजना | बागमती प्रदेश | २०६७/६८ | ४५६ मेगावाट | २०७७/७८ | ५२ अर्ब ८ करोड | सम्पन्न | सम्पन्न |
| ८. | बुढी गण्डकी जलविद्युत् आयोजना | गण्डकी प्रदेश | २०६९/७० | १२०० मेगावाट | २०८३/८४ | २ खर्ब ६० अर्ब | २२ | १५.९५ |
| ९. | विद्युत् प्रशारण आयोजना | बागमती प्रदेश, लुम्बिनी प्रदेश | तयारी चरणमा रहेको | ४०० के.भि. २८९ कि.मि. आन्तरिक २३ कि.मि. अन्तरदेशीय | | अमेरिकी डलर ५२ करोड | ५.०१ | ५.०१ |
| १०. | पश्चिम सेती जलविद्युत् आयोजना | सुदूरपश्चिम प्रदेश | | १२०० मेगावाट | | | - | - |
| ११. | गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल | लुम्बिनी प्रदेश | २०७२/७३ | ३०००×६० एकल धावन मार्ग | २०७७/७८ | ६ अर्ब ८२ करोड | सम्पन्न | - |
| १२. | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | गण्डकी प्रदेश | २०६८ | २५००×४५ एकल धावन मार्ग | २०७९/८० | २२ अर्ब | ९८.५ | ७४.८१ |
| १३. | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल | प्रदेश नं २ | २०७१/७२ | ३६००×४५ एकल धावन मार्ग | २०८५/८६ | १ खर्ब २० अर्ब | - | १०.०४ |
| १४. | रेल्वे तथा मेट्रो विकास आयोजना | प्रदेश नं २ | २०६५/६६ | ७० कि.मि./ १३१७.४ कि.मि. | | ७० अर्ब ६१ करोड | ४० | ३९ |
| १५. | हुलाकी राजमार्ग | प्रदेश नं १, प्रदेश नं २, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेश | २०६६/६७ | १७९२.४२ कि.मि. | २०७९/८० | ६५ अर्ब २० करोड | ८०.९० | ८०.०३ |
| १६. | पुष्पलाल (मध्य-पहाडी) लोकमार्ग | प्रदेश नं १, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश | २०६४/६५ | १८७९ कि.मि. | २०७९/८० | १ खर्ब १ अर्ब ५० करोड | ६४.१६ | ६९.७९ |
| १७. | उत्तर दक्षिण (कोशी) लोकमार्ग | प्रदेश नं १ | २०६५/६६ | १६२ कि.मि. | २०८०/८१ | १६ अर्ब २० करोड | ४१ | ३६.६९ |
| १८. | उत्तर दक्षिण (कालीगण्डकी) लोकमार्ग गैडाकोट राम्दीमालढुङ्गा | गण्डकी प्रदेश | २०६६/६७ | ४३१ कि.मि. | २०८०/८१ | २७ अर्ब | ३०* ८२.१५** | ३०* ७९.३५** |

| क. सं. | आयोजनाको नाम | अवस्थिती | शुरु मिति | लक्ष्य | सम्पन्न हुने मिति | संशोधित लागत रु. | २०७९ असार मसान्त सम्मको प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | भौतिक | वित्तीय |
| | सडक* बेनी जोमसोम कोरोला सडक** | | | | | | | |
| १९. | उत्तर दक्षिण ( कर्णाली) लोकमार्ग | कर्णाली प्रदेश, लुम्बिनी प्रदेश | २०६४/६५ | २८४ कि.मि./ १४५ कि.मि. | २०७९/८० | ४ अर्ब १० करोड | २० | १९ |
| २०. | काठमाडौं तराई-मधेस द्रुत मार्ग | प्रदेश नं २, बागमती प्रदेश | २०७४/७५ | ७२.५ कि.मि. | २०८०/८१ | २ खर्ब १३ अर्ब ९५ करोड | २१.१८ | १९.५८ |
| २१. | मेलम्ची खानेपानी आयोजना | बागमती प्रदेश | २०५५ | ५१ करोड लिटर | २०७७/७८ ( प्रथम चरण) | ३१ अर्ब ३६ करोड | ८९.४७ | ९५.७७ |
| २२. | पशुपती क्षेत्र विकास कोष | बागमती प्रदेश | २०५७/५८ | २८६.६ हेक्टर | २०७८/७९ | १ अर्ब २७ करोड | ८५ | ६२.१३ |
| २३. | लुम्बिनी क्षेत्र विकास कोष | लुम्बिनी प्रदेश | सन् १९७८ | ११५५ विगाह | २०७८/७९ | ७ अर्ब ५० करोड | ८७ | ५२.९४ |
| २४. | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | प्रदेश नं १, प्रदेश नं २, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश | २०७१/७२ | तराई मधेशका ३७ जिल्ला | २०९३/९४ | १० अर्ब २२ करोड | ४.९९ | ४.८४ |

*स्रोत : अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय गौरवका आयोजनाहरु ।*

## ६.३ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### ६.३.१ चुनौती

पूर्व निर्धारित समय र लागतमा आयोजना सम्पन्न गर्नु, पूर्वाधार विकासमा तीव्रता र निर्माणमा गुणस्तर कायम गर्नु जस्ता चुनौती लामो समयदेखि विद्यमान रहेका छन् । भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक जग्गाको पहिचान, मूल्याङ्कन, अधिग्रहण तथा मुआब्जा वितरणको कार्यमा हुने स्थानीय अवरोधको दीर्घकालीन समाधान खोज्नु, निर्माण व्यवसायीहरुको दक्षता अभिवृद्धि गरी पूर्वाधार विकासमा तिव्रता ल्याउनु, सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माणसम्बन्धी कार्यहरुमा विभिन्न सरोकारवाला निकायहरुबीच आपसी समन्वय कायम गर्नु, पूर्वाधार निर्माण आयोजना निर्धारित समय र लागतमा निर्धारित गुणस्तरसहित सम्पन्न गर्नु, निमार्णाधीन पूर्वाधारहरुले निम्त्याउन सक्ने दुर्घटना, विपद तथा जोखिमलाई न्यूनीकरण गर्नु, आयोजनाका लागि गुणस्तरीय स्वदेशी कामदार तथा विशेषज्ञको सुनिश्चितता गर्नु, कार्यसम्पादनमा आधारित नतिजामुखी पूर्वाधार आयोजना व्यवस्थापन गर्नु, पूर्वाधार निर्माणको क्रममा हुने वन विनास र पानीका प्राकृतिक स्रोतमा हुने क्षति न्यूनीकरण गर्दै दिगो विकासको लक्ष्य हासिल गर्नु, स्रोत सुनिश्चित नभई प्रारम्भ गरिएका आयोजनाको लागि आवश्यक स्रोत जुटाई तोकिएको समयमा आयोजना सम्पन्न गर्नु, सम्पन्न पूर्वाधारहरुको समय समयमा अनुगमन तथा मर्मत सम्भार गर्नु, राष्ट्रिय गौरबका आयोजना तथा पूर्वाधारको क्षेत्रमा आवश्यक कामदार, विशेषज्ञहरु, आवश्यक कच्चा पदार्थ, मेशिन र उपकरण एवम् विस्फोटक पदार्थ समयमा आपूर्ति गर्नु चुनौतीपूर्ण रहेको छ ।

**तालिका ६.३ : पूर्वाधार क्षेत्रका प्रदेशगत चुनौती**

| प्रदेश | चुनौती |
|---|---|
| प्रदेश नं. १ | • प्रशारण लाइन तथा सडक विस्तारका क्रममा बन क्षेत्रका रुखहरुको कटानी तथा पानीका प्राकृतिक स्रोत/मुहानमा हुने क्षति न्यूनीकरण गर्दै दिगो विकासको लक्ष्य हासिल गर्नु ।<br>• संघीयता ढाँचाको अभ्यास भइरहेको अवस्थामा प्रदेशस्तरमा परियोजना बैंकको अवधारणा अनुसार परियोजनाको पहिचान, छनोट र कार्यान्वयन गर्नु । |
| मधेश प्रदेश | • रेलसेवाको प्रभावकारी सञ्चालनको लागि दक्ष जनशक्तिको व्यवस्थापन गरी दिगो र भरपर्दो रुपमा रेलसेवा सञ्चालन गर्नु ।<br>• मधेश प्रदेशमा शुरु भएका हुलाकी राजमार्ग, काठमाडौं–निजगढ द्रुतमार्ग, राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल जस्ता राष्ट्रिय गौरवका आयोजनाहरू निर्धारित लागत र समय तालिकामा सम्पन्न गर्नु ।<br>• निर्माण सम्पन्न भएका कमला बाँध, ढल्केबर जनकपुर सडक जस्ता पूर्वाधार आयोजनाहरूको समय समयमा मर्मत संभार गरी यसको दिगोपना कायम गर्नु । |
| बागमती प्रदेश | • मेलम्ची खानेपानी आयोजनाको पाइपलाइन मर्मत् गरी वितरणलाई नियमित गर्नु ।<br>• सडक, यातायात, खानेपानी लाइन, सरसफाई, ढल तथा विजुलीको लाइन/पोल व्यपस्थापन चुस्त बनाई सोको गुणस्तर वृद्धि गर्न सर्वसाधारणलाई पर्न सक्ने भौतिक असुविधा तथा स्वास्थ्यमा पर्ने प्रतिकूल असरलाई न्युनीकरण गरी उक्त कार्यहरु एकीकृत तथा व्यवस्थित रुपमा सम्पन्न गर्नु । |
| गण्डकी प्रदेश | • प्राकृतिक प्रकोपको कारण (बाढी, पहिरो) पूर्वाधार निर्माणमा कठिनाई, समयमा आयोजना सम्पन्न नहुनु ।<br>• सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माण सम्बन्धी कार्यहरुमा विभिन्न सरोकारवाला निकायहरुको आपसी समन्वयमा निर्माण कार्य व्यवस्थित गर्नु । |
| लुम्बिनी प्रदेश | • सडक निर्माण गर्ने क्रममा बिद्युत् पोल, सार्वजनिक स्थलका कृषि कुलो, मठमन्दिर र चौताराहरु स्थानान्तरण गर्ने कार्यमा स्थानीय बासिन्दाको समन्वयमा गर्नु ।<br>• सडक परियोजनाका कारण नदी किनारामा रहेका विभिन्न जातका रुखहरु सडक किनारावाट काटिने हुँदा सोबाट पर्ने पर्यावरणीय असरलाई न्युनीकरण गर्नु ।<br>• स्थानीय निकायहरुले नदीजन्य निर्माण समाग्रीहरुको ठेक्का आह्वान नगरिदिँदा निर्माण सामग्री प्राप्तिमा कठिनाई हुनु । |
| कर्णाली प्रदेश | • यस प्रदेशको करिव ९४.५ प्रतिशत घरधुरीमा खाना पकाउने प्रयोजनका लागि प्रयोग हुने परम्परागत ऊर्जाको स्रोतलाई बैकल्पिक ऊर्जाले प्रतिस्थापन गर्नु ।<br>• कठिन भू-बनोटले सडक बिकासका सम्भावना कम भएका क्षेत्रहरुमा यातायातका वैकल्पिक माध्यमहरुको व्यवस्था गर्नु ।<br>• यस प्रदेशमा रहेका जलाधारहरुको उपयोग गरी विद्युत उत्पादन, प्रसारण तथा वितरण कार्य अगाडि बढाउनु । |
| सुदूर पश्चिम प्रदेश | • पूर्वाधार निर्माण सम्बन्धमा भएका कार्यहरुको अभिलेख व्यवस्थित गर्दै स्थानीय आवश्यकता अनुसारका विकास निर्माणका योजना बनाउनु ।<br>• रणनैतिक महत्वका आयोजना तथा कार्यक्रम सञ्चालनका लागि आवश्यक समन्वय एवं राजनैतिक सहमति जुटाएर पर्याप्त बजेट विनियोजन गरी निर्माण कार्य अघि बढाउनु । |

### ६.३.२ सम्भावना

आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको पूर्वाधार विकास क्षेत्रलाई सरकारले प्राथमिकतामा राख्नाले पूर्वाधार निर्माणले गति लिने सम्भावना रहेको छ । विद्युत प्रसारण लाइन र सडक सञ्जाल विस्तार आयोजना अघि बढेको, जलविद्युत, सिमेन्ट, डण्डी उत्पादनमा देश आत्मनिर्भर उन्मुख रहेको, सरकारले सिँचाई, सडक, विमानस्थल लगायतका पूर्वाधार निर्माण दीर्घकालीन सोँचका साथ प्राथमिकतामा राखेको, पूर्वाधारका क्षेत्रमा लगानी गर्न द्विपक्षीय एवम् बहुपक्षीय विकास साझेदारको प्राथमिकतामा रहेकोले पूर्वाधार क्षेत्र विकासले गति लिने सम्भावना रहेको छ ।

**तालिका ६.४ : पूर्वाधार क्षेत्रका प्रदेशगत सम्भावना**

| प्रदेश | सम्भावना |
|---|---|
| प्रदेश नं. १ | • पहाडी तथा भित्री मधेश लगायतका जिल्लाहरुमा परियोजना/सडक सञ्जाल विस्तार वा निर्माण गर्दा स्थानीयस्तर मै सहज तवरले निर्माण सामग्री जस्तै ढुङ्गा, बालुवा आदि उपलब्ध हुने हुँदा कम लागतमा परियोजना निर्माण गर्न सकिने ।<br>• निरन्तररुपमा जल प्रवाह हुने नदीहरु (तमोर, दुधकोशी, अरुण, तामाकोशी, भोटेकोशी लगायत) रहेकोले जल यातायात विकास गर्न सकिने । |
| मधेश प्रदेश | • मधेश प्रदेश भौगोलिक दृष्टिकोणले समतल भू-भागमा रहेकोले पूर्वाधार निर्माणको लागि तुलनात्मक हिसाबले कम लागतमा अन्तर्राष्ट्रिय विमानस्थल जस्ता ठूला पूर्वाधारहरूको विकास तथा निर्माण हुन सक्ने सम्भावना रहेको देखिन्छ ।<br>• उपयुक्त धरातलीय स्वरुप र भौगोलिक सुगमताको उपयोग गरी यहाँ ठूला विश्वविद्यालय तथा अस्पतालहरू स्थापना गरी रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको । |
| बागमती प्रदेश | • ठूला सहरहरुलाई व्यवस्थित गर्न Intelligent Traffic Light System, Parking Garage, Underpass, Flyover लगायतका पूर्वाधार निर्माण गर्न सकिने ।<br>• रोवालिङ गौरीशंकर क्षेत्रमा High Altitude and Climbing तथा लाङटाङ राष्ट्रिय निकुञ्जमा अवस्थित धार्मिक तथा पदयात्राका लागि प्रसिद्ध गोसाइकुण्ड क्षेत्रमा केवलकार, रिर्सोट, High Altitude Golf Course लगायतका पूर्वाधारहरुको सम्भावना रहेको । |
| गण्डकी प्रदेश | • उत्तर दक्षिण लोकमार्गको रुपमा रहेको कालीगण्डकी करिडोरले यस प्रदेशलाई उत्तरमा कोरला नाकामार्फत् चीनसँग र दक्षिणमा त्रिवेणी नाकामार्फत् भारतसँग अन्तर्राष्ट्रिय व्यापारको ढोका खोलिदिने भएकोले यसको निर्माण सम्पन्न भएपश्चात् यस प्रदेशको वैदेशिक व्यापारमा ठूलो टेवा पुग्ने ।<br>• गण्डकी प्रदेशमा हाल साना ठूला गरी ३६ जलविद्युत् परियोजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन् भने १२०० मेगावाटको बुढीगण्डकी जलविद्युत् आयोजना लगायत अन्य थुप्रै आयोजनाहरु निर्माणको प्रक्रियामा रहेकाले यस प्रदेशमा जलविद्युत उत्पादनको उच्च सम्भावना रहेको । |
| लुम्बिनी प्रदेश | • भैरहवा विशेष आर्थिक क्षेत्रको थप व्यवस्थापन गर्ने सरकारको नीति एवं थप २५ वटा उद्योगहरु स्थापनाका लागि दर्ता भएको अवस्था एवं विद्युतको सहज आपूर्तिका लागि सवस्टेशन समेतको टेन्डर भैसकेकोले अन्य थप उद्योगहरु समेत स्थापना हुने ।<br>• गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य सम्पन्न भएपश्चात् यस क्षेत्रको होटल व्यवसाय तथा सोसँग सम्बन्धित अन्य सेवा व्यवसायहरु जस्तै, यातायात, ट्राभल्स एण्ड टुर्स, घरजग्गा कारोबार लगायत विविध क्षेत्रमा विस्तार भई रोजगारी संख्यामा |

| | |
|---|---|
| | उल्लेख्य वृद्धि हुने र यसको सबै क्षेत्रमा बहुआयामिक प्रभाव पर्ने देखिन्छ । |
| कर्णाली प्रदेश | • यस प्रदेशमा पर्यटन व्यवसायको उपयुक्त गन्तव्य तथा प्राकृतिक सुन्दरताले भरिपूर्ण भौगोलिक बनावट रहेकोले आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउन सकिने सम्भावना उच्च रहेको ।<br>• कर्णाली, भेरी लगायतका ठूला हिमनदीहरु रहेकाले प्रचुर मात्रामा जलविद्युत उत्पादन गरी रोजगारी सृजना गर्न सकिने । |
| सुदूरपश्चिम प्रदेश | • यस प्रदेशमा रहेका सेती, कर्णाली, बुढीगंगा, चमेलिया तथा महाकाली जस्ता नदीहरुबाट जलविद्युत उत्पादन गर्न सकिने सम्भावनाका साथै पूर्वाधारमा विस्तार गरी कृषिजन्य वस्तुहरुको उत्पादन तथा उत्पादकत्व बढाउन सकिने सम्भावना रहेको ।<br>• उत्तर दक्षिण करिडोरका रुपमा रहेका महाकाली लोकमार्ग, सेती लोकमार्ग, खुटिया-दिपायल-चैनपुर-उरै लोकमार्गको निर्माण पश्चात् सहज यातायात सम्पर्कका कारण व्यावसायिक लागत घट्न गई प्रतिस्पर्धात्मक क्षमता बढ्न सक्ने । साथै, सहजपुर-बोगटान-दिपायल सडकको ट्र्याक खोल्ने काम सकिएको तथा महाकाली करिडोरको रुपमा रहेको ब्रह्मदेव-तिंकर सडकको समेत ट्र्याक खोल्ने काम भईरहेकोले यस क्षेत्रमा बसोबास गर्ने जनताहरुलाई यातायातको सुविधामा पहुँच हुनुका साथै, स्थानीय उत्पादनलाई बजारीकरण गर्न समेत सहज भई आर्थिक गतिविधि बढ्ने सम्भावना रहेको । |

# परिच्छेद ७

# बाह्य क्षेत्र र रोजगारी

## ७.१ वैदेशिक व्यापार

आर्थिक वर्ष २०७८/७९ मा कुल वस्तु निर्यात ४१.७ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ३ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो निर्यात ४४.४ प्रतिशतले वृद्धि भएको थियो। गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ क्रमश: ४५.९ प्रतिशत र ३०.४ प्रतिशतले निर्यात वृद्धि भएको छ भने चीनतर्फको निर्यातमा २०.४ प्रतिशतले कमी आएको छ।

आर्थिक वर्ष २०७८/७९ मा कुल वस्तु आयात २४.७ प्रतिशतले वृद्धि भई रु.१९ खर्ब २० अर्ब ४५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात २८.७ प्रतिशतले बढेको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयातमा क्रमश: २३.५ प्रतिशत, १३.२ प्रतिशत र ३६.३ प्रतिशतले वृद्धि भएको छ।

**तालिका ७.१ : आर्थिक वर्ष २०७८/७९ मा नेपालको आयात निर्यात स्थिति**

| निर्यात | | | आयात | | |
|---|---|---|---|---|---|
| **देश** | **रु. अर्बमा** | **प्रतिशत** | **देश** | **रु. अर्बमा** | **प्रतिशत** |
| भारत | १५५.२ | ७७.६० | भारत | १२०० | ६२.४९ |
| अमेरिका | १७.९९ | ९.०० | चीन | २६४.८ | १३.७९ |
| जर्मनी | ४.२ | २.१० | इन्डोनेसिया | ५३.३२ | २.७८ |
| टर्की | ३.७४ | १.८७ | अमेरिका | ५०.०५ | २.६१ |
| बेलायत | ३.१२ | १.५६ | युएई | ४७.९१ | २.४९ |
| फ्रान्स | १.६६ | ०.८३ | अर्जेन्टिना | ३९.६५ | २.०६ |
| अस्ट्रेलिया | १.१७ | ०.५९ | अष्ट्रेलिया | २४.५१ | १.२८ |
| इटाली | १.१४ | ०.५७ | युक्रेन | २१.२३ | १.११ |
| क्यानडा | १.१२ | ०.५६ | मलेसिया | १७.०२ | ०.८९ |
| जापान | १.११ | ०.५६ | ब्राजिल | १२.५३ | ०.६५ |
| अन्य | ९.५५ | ४.७८ | अन्य | १८९.३ | ९.८६ |
| **कुल** | **२००.०** | **१००** | **कुल** | **१९२०.४** | **१००** |

*स्रोत: भन्सार विभाग, २०७९*

आर्थिक वर्ष २०७७/७८ मा कुल वस्तु व्यापार घाटा २३.० प्रतिशतले वृद्धि भई रु.१७ खर्ब २० अर्ब ४२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा २७.३ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा निर्यात-आयात अनुपात १०.४ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ९.२ प्रतिशत रहेको थियो।

**तालिका ७.२ : आर्थिक वर्ष २०७८/७९ को आयात र निर्यातको संरचना (प्रतिशत)**

| क्र.सं. | विवरण | २०७७/७८ | | २०७८/७९ | |
|---|---|---|---|---|---|
| | | आयात | निर्यात | आयात | निर्यात |
| १ | कृषि, वन, माछा, खाद्य तथा पेय पदार्थ | २३.५ | ५९.७ | २१.९ | ६३.० |
| २ | खानी, रसायन, इन्धन, विजुली, फोहोर प्रशोधन | २१.२ | ०.७ | २६.२ | ०.५ |
| ३ | निर्माण, आवास, काठ तथा फर्निचर, आधारभुत धातु, विद्युतीय उपकरण | १४.४ | ३.८ | १३.१ | ३.९ |
| ४ | कपडा, छाला, जुत्ता, गहना | ९.० | २९.३ | ९.३ | २६.५ |
| ५ | यातायात, उपकरण, हुलाक सेवा | १८.६ | १.९ | १५.९ | २.३ |
| ६ | आइटी, मिडिया, कम्पुटर, वित्तीय सेवा | ६.० | ०.५ | ५.७ | १.० |
| ७ | स्वास्थ्य, शिक्षा तथा खेलकुद | ७.० | ४.० | ७.६ | २.८ |
| ८ | सरकार, सेना तथा अन्य | ०.४ | ०.१ | ०.३ | ०.० |
| | **जम्मा** | १००.० | १००.० | १००.० | १००.० |

*स्रोत : भन्सार विभाग, २०७९*

समीक्षा वर्षमा आयात र निर्यातको संरचनामा उल्लेखनीय परिवर्तन भएको छैन । आर्थिक वर्ष २०७८/७९ को कुल निर्यातमा कृषि, वन, माछा, खाद्य तथा पेय पदार्थको हिस्सा सबैभन्दा बढी (६३.० प्रतिशत) रहेको छ भने आयातमा खानी, रसायन, इन्धन, विजुली, फोहोर प्रशोधनको हिस्सा सबैभन्दा बढी (२६.२ प्रतिशत) रहेको छ । आयातमा कृषि, वन, माछा, खाद्य तथा पेय पदार्थको हिस्सा २१.९ प्रतिशत र यातायत, उपकरण, हुलाक सेवाको हिस्सा १५.९ प्रतिशत रहेको छ ।

आर्थिक वर्ष २०७८/७९ मा रु.३ खर्ब ३५ अर्ब ९९ करोडको कृषिजन्य वस्तु आयात भएको छ भने रु.१ खर्ब २२ अर्ब ९९ करोडको कृषिजन्य वस्तु निर्यात भएको छ । कृषिजन्य वस्तुको आयात निर्यात दुबैतर्फ बोसो तथा तेलजन्य वस्तुको हिस्सा उच्च रहेको छ । समीक्षा वर्षमा रु.१ खर्ब २० अर्ब ४६ करोड ४५ लाखको बोसो तथा तेल आयात भएको छ भने रु.९३ अर्ब ७४ करोड ५ लाखको बोसो तथा तेल निर्यात भएको छ । यसका अतिरिक्त धान/चामल, तरकारी तथा दलहन, पशुपन्छीको आहारा, नट्स तथा फलफूल, मकै र कपास क्रमशः आयात रकमको आधारमा दोस्रो, तेस्रो, चौथो, पाँचौ, छैठौं र सातौं स्थानमा रहेका छन् । यसैगरी, मसाला, पशुपन्छीको आहारा, जुट तथा अन्य वनस्पती रेशा, चिया, नट्स तथा फलपुल, तरकारी तथा दलहन र छालाको निर्यात क्रमशः दोस्रो, तेस्रो, चौथो, पाँचौ, छैठौं र सातौं स्थानमा रहेका छन् ।

**तालिका ७.३ : कृषिजन्य वस्तु आयात निर्यातको अवस्था**

(रु. दश लाखमा)

| वस्तुको नाम | आ.व. २०७७/७८ | | आ.व. २०७८/७९ | |
|---|---|---|---|---|
| | आयात | निर्यात | आयात | निर्यात |
| जिवित जन्तु | १६०७.९ | ०.० | १७४३.३ | ०.० |
| मासु | ३१.३ | १०.६ | ४६.३ | १८.१ |
| माछा तथा अन्य जलचर | १६९८.१ | ०.० | १३४६.५८ | ० |
| तयारी माछामासु | ७६.१ | ०.० | १२३.६८ | ० |
| दुग्ध पदार्थ तथा पशुजन्य खाद्य उत्पादन | २०६७.४ | १४६.८ | २१४८.०७ | ९७.०४ |
| जीवित बोटविरुवा तथा फूलहरु | ३८५.४ | ४.८ | ३२७.३ | ७.९ |
| तरकारी तथा दलहन | ३८५००.६ | ६९९.९ | ३६५४४.६ | ७७६.३ |
| नट्स तथा फलफुल | २१३४३.८ | २०.८ | २४९९८.६ | ९२१.३ |

| | | | | |
|---|---|---|---|---|
| चिया | १५१.३ | ३७९७.१ | ८३.६५ | ३४३४.३५ |
| कफी | १०६.७ | ९६.० | १२७.५९ | ११७.०८ |
| मसला | ९१७२.८ | ७८७४.७ | ८८३१.०६ | ९२६४.०२ |
| धान | ५०७८७.३ | २.८ | ४७५७३.६८ | ०.३० |
| मकै | १६०२०.४ | ०.० | १९६४९.६२ | ०.५३ |
| गहुँ | ११९७६.९ | ०.० | ६३२६.१९ | ०.० |
| जौ | १३.८ | ०.० | २२.०१ | ०.० |
| पिठो, मैदा, सुजी, च्याँख्ला आदि | १८७८.२ | ६३.७ | २६७४.५८ | २६.२२ |
| पशुपन्छीको आहारा | २२०३९.४ | ४७९६.१ | २९३१९.६९ | ७३२२.९२ |
| सुर्ती तथा सुर्तीजन्य उत्पादन | ३१८७.१ | ११०.० | ३६९२.७९ | १०१.८५ |
| छाला | ५८.० | १५६.६ | ९८.०१ | ५२०.२५ |
| बोसो तथा तेल | ८२९०७.० | ५५९५९.१ | १२०४६४.५३ | ९३७४०.५३ |
| चिनी | १२२६३.४ | १३.० | ७४११.२८ | ७३.४२ |
| रेशम | ४३६.३ | ०.१ | ८४३.९९ | ०.० |
| ऊन | ३५०७.४ | १७.४ | ५०८२.६१ | १३.६४ |
| कपास | १०४१४.७ | २.१ | ११३६०.८३ | ११.७७ |
| जुट तथा अन्य वनस्पती रेशा | ४३८४.५ | ४७७३.० | ५१४७.८४ | ६५४२.९६ |
| **जम्मा** | **२९५०१५.८** | **७८५४४.७** | **३३५९८८.४** | **१२२९९०.५** |

*स्रोत : भन्सार विभाग, २०७९*

भन्सार बिन्दुको आधारमा विश्लेषण गर्दा मधेश प्रदेशमा रहेका भन्सार नाकाहरुबाट सबैभन्दा बढी वस्तु आयात भएको छ भने सुदूर पश्चिम प्रदेशमा रहेका भन्सार कार्यालयबाट सबैभन्दा कम वस्तु आयात भएको छ । यसैगरी, मधेश प्रदेशमा रहेका भन्सार नाकाहरुबाट सबैभन्दा बढी निर्यात भएको छ भने सुदूर पश्चिम प्रदेशमा रहेका भन्सार नाकाहरुबाट सबैभन्दा कम निर्यात भएको छ । गण्डकी र कर्णाली प्रदेशस्थित भन्सार बिन्दुबाट नगन्य मात्रामा वैदेशिक व्यापार भएको छ (तालिका ७.४) ।

**तालिका ७.४ : भन्सार विन्दुको आधारमा वैदेशिक व्यापारको प्रदेशगत स्थिति**

| प्रदेश | प्रमुख भन्सार विन्दुहरु | आयात (रु. अर्बमा) | निर्यात (रु. अर्बमा) |
|---|---|---|---|
| प्रदेश नं. १ | भद्रपुर, विराटनगर, मेची, सुनसरी | २८१.५४ | ६९.६९ |
| मधेश प्रदेश | बीरगञ्ज, सुख्खा बन्दरगाह, गौर, जलेश्वर, जनकपुर, राजविराज, सर्लाही, सिराहा, ठाडी | ९४१.२५ | ८६.३६ |
| बागमती प्रदेश | रसुवा, तातोपानी, त्रिभुवन विमानस्थल | २५१.२४ | ३२.२७ |
| लुम्बिनी प्रदेश | भैरहवा, कृष्णनगर, नेपालगञ्ज, महेशपुर, सुठौली | ४१४.२९ | १०.८५ |
| सुदूर पश्चिम प्रदेश | कैलाली, कञ्चनपुर, सत्ती | ३२.०० | ०.८६ |
| **जम्मा** | | १९२०.४५ | २००.०३ |

*स्रोत : भन्सार विभाग, २०७९*

आर्थिक वर्ष २०७८/७९ मा आयात गरिएका मुख्य वस्तुहरुमा पेट्रोलियम पदार्थ, सवारी साधन तथा पाटपुर्जा, मेसीनरी उपकरण तथा पाटपुर्जा, औषधि, भटमासको कच्चा तेल, सञ्चार उपकरण, एम.एस.बिलेट, धान/चामल, सुन, कोइला, तथा विद्युतीय उपकरण आदि रहेका छन् । समीक्षा वर्षमा निर्यात

गरिएका मुख्य वस्तुहरुमा भटमासको तेल, पाम तेल, गलैंचा, पोलिस्टर धागो, जुटका सामान, जुस, अलैंची, तयारी पोशाक, कपडा, पश्मिना, पिना, जडीबूटी, आयुर्वेदिक औषधि तथा चाउचाउ आदि रहेका छन् (तालिका ७.५) ।

**तालिका ७.५ : भन्सार विन्दुको आधारमा आयात निर्यात गरिएका मुख्य वस्तुहरु**

| प्रदेश | आयात | निर्यात |
|---|---|---|
| प्रदेश नं. १ | भटमासको कच्चा तेल, कच्चा पाम तेल, एल.पी.ग्याँस, सुर्यमुखीको कच्चा तेल, फलाम वा इस्पातका अर्ध-तयारी उत्पादन, फलामका कच्चा पदार्थ/पाता तथा डण्डी, मकै, शुरु अवस्थाको पोलिप्रोपिलिन, पेट्रोल, डिजल, काँचो सनपाट आदि । | भटमासको तेल, पाम तेल, फलफूलको रस, सूर्यमूखीको दाना तथा तेल, अलैंची, चिया, अदुवा, धागो, बुनिएका कपडा, आदि । |
| मधेश प्रदेश | डिजल, पेट्रोल, भटमासको कच्चा तेल, एल.पी.ग्याँस, कच्चा पाम तेल, कोइला, औषधि, फलाम वा इस्पातका अर्द्ध-तयारी उत्पादन, फलामका कच्चा पदार्थ/पाता तथा डण्डी, सुर्यमुखीको कच्चा तेल, धान आदि । | भटमासको तेल, पाम तेल, सूर्यमूखीको दाना तथा तेल, चिउरा, अदुवा, बुनिएका कपडा अलैंची, चिया, अम्रिसो, तरकारी, पोलिस्टर धागो, रोजिन, पास्ता, चिउरा, अदुवा, फेल्टका सामान, कत्था, गलैंचा, कपडा आदि । |
| बागमती प्रदेश | सुन, खोप मेडिसिन, सेलुलर टेलिफोन, खोप, चाँदी, ल्यापटप, प्रयोगशालाका सामाग्री, मेडिकल औजार तथा उपकरण, नेटवर्क, हवाईजहाज र सम्बन्धित उपकरण, मास्क आदि । | गलैंचा, पश्मिना, फेल्टका सामान, कुकुर/बिरालोको खाना, ऊनको तयारी पोसाक, कस्मिरको तयारी पोसाक, सूतीको तयारी पोसाक, सांगितिक बाद्ययन्त्र, सजावटका सामान आदि । |
| लुम्बिनी प्रदेश | फलाम वा इस्पातका अर्द्ध-तयारी उत्पादन, एल.पी.ग्याँस, सेलुलर टेलिफोन, कोइला, पेट्रोल, डिजल, मोटरसाईकल, तयारी सेरामिक्स, अन्य सवारी साधन (पेट्रोल ईञ्जिन १०००-१५०० सि.सि.), चामल चिनी, गहुँ आदि । | भटमासको तेल, पोलिस्टर धागो, रोजिन गलैंचा, ऊनीका बुनेका कपडा, फेल्टका सामान, बुनेका कपडा, बोरा तथा झोला, कुकुर/बिरालोको खाना आदि । |
| सुदूर पश्चिम प्रदेश | डिजल, पेट्रोल, चामल, गहुँ, एल.पी.ग्याँस, ट्याक्टर/ट्रेलर, कागज तथा बोर्ड, आलु, बिटुमिन, चिनी आदि । | जडिबुटी, कत्था, रोजिन, अन्य तेल, रिट्ठा, अर्द्ध तयारी खयर कत्था, गुँद, सुठो, अलैंची आदि । |

*स्रोत : भन्सार विभाग, २०७९*

समग्र देशको निर्यातमा अलैंची, चिया, अदुवा, जडीबुटी, पश्मिना, धागो, तयारी पोशाक, छाला, जुत्ता, गलैंचा, जुस, दाल, सुन-चाँदीका गहना, चाउचाउ, तयारी पोशाक, मह, कफी तथा जलविद्युत् जस्ता तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका वस्तुहरु रहेका छन् । यसैगरी, सेवा क्षेत्र अन्तर्गत पर्यटन क्षेत्र र सूचना प्रविधि क्षेत्रका दक्ष तथा अर्धदक्ष जनशक्ति प्रतिस्पर्धात्मक लाभका क्षेत्र रहेका छन् । प्रदेशगत रुपमा निर्यातका सम्भावना भएका वस्तुहरु तालिका ७.६ मा दिइएको छ ।

**तालिका ७.६ : प्रदेशगत आधारमा निर्यात सम्भावना भएका वस्तु**

| प्रदेश | वस्तु |
|---|---|
| प्रदेश नं. १ | चिया, अलैंची, अदुवा, रुद्राक्ष, धागो । |
| मधेश प्रदेश | माछा, आँप, छाला । |
| बागमती प्रदेश | पश्मिना शल, ऊनी गलैंचा, फेल्टका सामान(खेलौना), तयारी पोशाक, जुत्ता, हस्तकला । |
| गण्डकी प्रदेश | चामल, गहुँ, मकै, कोदो, फापर, जौ, अदुवा, कफी, अलैंची, सुन्तला, स्याउ, जडीबुटी, जलविद्युत, ऊन । |
| लुम्बिनी प्रदेश | रोजिन र रोजिन एसिड, पोलिष्टर यार्न, कफी, अदुवा । |
| कर्णाली प्रदेश | गहुँ मकै, आलु, स्याउ, ऊन, अदुवा, जडिबुटी । |
| सुदूर पश्चिम प्रदेश | तरकारी, जैतुनको तेल, जडीबुटी, टर्पेन्टाइन तेल, रोजिन र रोजिन तेल, फलफुल, दुग्धजन्य पदार्थ, जलविद्युत । |

*स्रोत : व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, २०७५*

## ७.२ रोजगारी

### प्रधानमन्त्री रोजगार कार्यक्रम

बेरोजगार व्यक्तिहरुलाई रोजगार दिन सरकारले कार्यान्वयनमा ल्याएको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७८/२०७९ को अन्त्यसम्ममा ७ लाख ८ हजार २ सय ४४ जना रोजगारको लागि सूचीकृत रहेकोमा १ लाख ६३ हजार ७ सय ८ जनाले रोजगारी पाएका छन् (तालिका ७.७)।

**तालिका ७.७ : २०७९ असार मसान्तसम्मको प्रधानमन्त्री रोजगार कार्यक्रमसम्बन्धी विवरण तालिका**

| प्रदेश | सूचीकृत बेरोजगार | | | | रोजगारीमा खटिएका संख्या | जम्मा रोजगारी दिन (हजारमा) | आयोजना संख्या |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | अन्य | जम्मा | | | |
| प्रदेश नं. १ | ५६,३७० | ३५,२९० | १०३ | ९१,७६३ | २३,५११ | १,७९६ | ३,०२८ |
| मधेश प्रदेश | ४२,४०१ | ३९,६९८ | २७ | ८२,१२६ | १५,४८० | ९१४ | १५०२ |
| बागमती प्रदेश | ४४,२६१ | ३८,४८५ | १० | ८२,७५६ | २१,३६१ | १,५२८ | २६७८ |
| गण्डकी प्रदेश | २९,०४९ | १९,९५१ | ४७ | ४९,०४७ | १११९३ | ८१६ | १७१४ |
| लुम्बिनी प्रदेश | ४२,३७१ | ४४,५०० | ११ | ८६,८८२ | २१,७४३ | १,६७० | २९४३ |
| कर्णाली प्रदेश | ८३,०५७ | ७०,६१७ | ७२ | १५३,७४६ | ३५,१६२ | २,६२८ | २७०९ |
| सुदूरपश्चिम प्रदेश | ७२,७२३ | ८९,१९० | ११ | १६१,९२४ | ३५,२५८ | २,८६६ | ३६२१ |
| **जम्मा** | **३७०,२३२** | **३३७,७३१** | **२८१** | **७०८,२४४** | **१६३,७०८** | **१२,२१७** | **१८,१९५** |

*स्रोत : प्रधानमन्त्री रोजगार कार्यक्रम, २०७९*

प्रदेशगत रुपमा तुलना गर्दा सुदूरपश्चिम प्रदेशबाट सवैभन्दा बढी १ लाख ६१ हजार ९ सय २४ जना बेरोजगार व्यक्तिहरु सूचीकृत भएको देखिन्छ भने गण्डकी प्रदेशबाट सवैभन्दा कम ४९ हजार ४७ जना बेरोजगार व्यक्तिहरु रोजगारीको लागि आवेदन दिई सूचीकृत भएको देखिन्छ । सूचीकृत बेरोजगारमध्ये १ लाख ६३ हजार ७ सय ८ जना (२३.१ प्रतिशत)ले रोजगारी पाएका छन् । करीव २ लाख जनालाई कम्तीमा

१०० दिनको रोजगारी दिने लक्ष्य रहेको यस कार्यक्रमले विद्यमान अवस्थामा सबै सूचीकृत व्यक्तिहरुलाई रोजगार प्रदान गर्न कठिनाई भएकाले थप गृहकार्य गर्नुपर्ने देखिन्छ ।

## वैदेशिक रोजगारी

कोभिड-१९को प्रभावमा कमी आएसँगै वैदेशिक रोजगारीको अवसरमा वृद्धि आएको छ । वैदेशिक रोजगार विभागबाट आर्थिक वर्ष २०७८/७९ मा पुनःश्रम स्वीकृति समेत जारी गरिएको कुल ६,३०,०९० श्रम स्वीकृतिमध्ये मधेश प्रदेशको सबैभन्दा बढी १,६९,५२१ र सुदूरपश्चिम प्रदेशको सबै भन्दा कम १५,३२५ रहेका छन् । जिल्लागत रुपमा धनुषा जिल्लामा सबैभन्दा बढी ४१,२९३ श्रम स्वीकृति जारी गरिएको छ ।

**तालिका ७.८ : आर्थिक वर्ष २०७८/७९ मा जारी श्रम स्वीकृतिको प्रदेशगत विवरण**

| प्रदेश | पुनः श्रम स्वीकृतिबाहेक | | | पुनः श्रम स्वीकृति समेत | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| प्रदेश नं. १ | ५६,८५० | १३,७७३ | ७०,६२३ | ६१,८३३ | ६९,३६९ | १,३१,२०२ |
| मधेश प्रदेश | ९४,८५९ | ५,२०८ | १,००,०६७ | ९५,५६२ | ७३,९५९ | १,६९,५२१ |
| बागमती प्रदेश | ३७,४२८ | १६,५८९ | ५४,०१७ | ४३,९२५ | ४७,५८५ | ९१,५१० |
| गण्डकी प्रदेश* | ३१,९९५ | ९,२७२ | ४१,२६७ | ३३,७०३ | ५८,२४५ | ९१,९४८ |
| लुम्बिनी प्रदेश* | ५२,२६० | ८,५५३ | ६०,८१३ | ५४,०८३ | ५९,४७९ | १,१३,५६२ |
| कर्णाली प्रदेश* | ११,५४० | १,०२५ | १२,५६५ | ११,७१७ | ५,३०६ | १७,०२३ |
| सुदूर पश्चिम प्रदेश | ८,०७० | १,४४६ | ९,५१६ | ८,२४६ | ७,०७९ | १५,३२५ |
| **जम्मा** | **२,९३,००२** | **५५,८६६** | **३,४८,८६८** | **३,०९,०६९** | **३,२१,०२१** | **६,३०,०९०** |

*नवलपरासी र रुकुम जिल्लाको संख्या सम्बन्धित प्रदेशमा आधा/आधा राखिएको ।

*स्रोतः वैदेशिक रोजगार विभाग, २०७९*

दक्षताको आधारमा तुलना गर्दा आर्थिक वर्ष २०७८/७९ मा जारी गरिएका कुल ६,३०,०९० श्रम स्वीकृतिमध्ये ४४.९ प्रतिशत श्रम स्वीकृति अदक्ष कामदारको लागि जारी गरिएको पाइएको छ । यसैगरी, ४६.३ प्रतिशत दक्ष कामदार र ८.६ प्रतिशत अर्धदक्ष कामदारले श्रम स्वीकृति लिएको पाइएको छ ।

**तालिका ७.९ : दक्षताको आधारमा आ.व. २०७८/७९ मा जारी श्रम स्वीकृति संख्या**

| क्र.सं. | प्रकृति | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | उच्चसिपयुक्त | ११० | १५ | १२५ |
| २. | पेशागत | ६२७ | ५३ | ६८० |
| ३. | अर्धदक्ष | ५०,०६७ | ४,२६१ | ५४,३२८ |
| ४. | दक्ष | २,६८,४५६ | २३,४३३ | २,९१,८८९ |
| ५. | अदक्ष | २,६१,७०२ | २१,३६६ | २,८३,०६८ |
| **कूल जम्मा** | | **५,८०,९६२** | **४९,१२८** | **६,३०,०९०** |

*स्रोतः वैदेशिक रोजगार विभाग, २०७९*

## ७.३ बाह्य क्षेत्र र रोजगारीका सम्बन्धमा रहेका चुनौती र सम्भावना

### ७.३.१ चुनौती

विश्वव्यापीकरणको बढ्दो प्रवृत्तिले एकातर्फ अन्तर्राष्ट्रिय व्यापारको आयतन विस्तार हुँदै गएको छ भने अर्कोतर्फ घोषणा भएकै मालवस्तु आयात भएको नभएको निक्यौंल, मालवस्तुको यथार्थ मूल्याङ्कन, निर्यात गरिने वस्तुको सम्बन्धित देशमा मालवस्तु पैठारी गर्ने सम्बन्धी कानुनमा परिणात्मक वन्देज रहे/नरेको एकिन गर्नु जस्ता चुनौतीहरु भन्सार प्रशासनमा रहेका छन्। प्रत्येक वर्ष बढ्दै गएको व्यापार घाटामा कमी ल्याउनु, आन्तरिक उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापन गर्नु, पर्यटन क्षेत्रलाई प्रवर्द्धन गरी विदेशी मुद्रा आर्जन गर्नु, भारतसँग रहेको १७०० कि.मि. खुला सीमालाई व्यवस्थित गरी भारतसँगको व्यापारलाई औपचारिक माध्यममा ल्याउनु, वस्तु र देशगत विविधीकरण गरी निर्यात प्रवर्द्धन गर्नु, वैदेशिक व्यापार सम्बन्धी अन्तर्राष्ट्रिय मञ्चमा जनाइएका प्रतिबद्धता अनुरुप स्वीकृत मापदण्ड अनुसारको कानुन तथा कार्यविधिको व्यवस्था गर्नु आदि वाह्य क्षेत्रका चुनौतीका रुपमा रहेका छन्। यसैगरी वैदेशिक रोजगारीमा जाने नेपालीको दक्षता अभिवृद्धि गर्नु, वैदेशिक रोजगारीलाई मर्यादित बनाउनु, विप्रेषण आप्रवाह प्रणालीलाई सबल एवं सहज बनाउनु, औपचारिक प्रणालीमार्फत् विप्रेषण भित्र्याउनु, विप्रेषण आयको उल्लेख्य अंश उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु, लगानीयोग्य वातावरण सृजना गर्नु, आन्तरिक रोजगारीका अवसरहरु सृजना गर्नु, सरकारद्वारा ल्याइएका रोजगार कार्यक्रममा वास्तविक वेरोजगार व्यक्तिको पहिचान गरी रोजगारी दिने तथा सूचना प्रणालीमार्फत् बेरोजगारको विवरण प्रविष्टि गर्ने आदि रोजगारीका चुनौती रहेका छन्।

### ७.३.२ सम्भावना

अन्तर्राष्ट्रिय व्यापार तथा भन्सार जाँचपासमा एकद्वार प्रणालीको विकास हुँदै जानु, भन्सारमा स्वचालित प्रणाली लागु भएका कार्यालयहरुमा विद्युत्तीय भुक्तानीसँग आवद्ध गरिएको, प्राथमिकतामा परेका उद्योगहरुलाई निर्यात प्रोत्साहन गर्न नगद अनुदानको व्यवस्था गरिएको, जलविद्युत उत्पादन वृद्धि भई निर्यात गर्न सुरु भएको, प्रशारण लाइन निर्माण कार्य अगाडि बढेको, वैदेशिक रोजगारीबाट आएको विप्रेषण आप्रवाहमा औपचारिक माध्यमको प्रयोग बढ्दै गएको, विप्रेषण खातालाई थप व्याजको व्यवस्था गरिएको, गैरआवासीय नेपालीलाई स्वदेशी बैंकमा सहजरुपमा खाता खोल्न सकिने व्यवस्था गरिएको, बैदेशिक लगानीलाई सहज बनाउन एकद्वार प्रणाली लागु गरिएको, रोजगारी सृजना र उद्यमशीलता विकास गर्न नेपाल सरकारको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान तथा सहुलियतपूर्ण कर्जा कार्यक्रम सञ्चालन भैरहेको, विलासिताको वस्तु आयातमा नगद मार्जिनको व्यवस्थाले आयात निरुत्साहित भएको आदिले व्यापार घाटामा कमी आउने तथा वाह्य क्षेत्रको चाप कम हुने सम्भावना रहेको छ। वैदेशिक रोजगारबाट फर्केका नेपालीलाई स्वदेशमा लगानी गर्न सहुलियतपूर्ण कर्जाको व्यवस्था, प्रधानमन्त्री रोजगार कार्यक्रमको पुनर्संरचना, Startup को लागि उद्यम प्रस्ताव धितोमा सहुलियत कर्जाको व्यवस्थाले अतिरिक्त रोजगार सिर्जना हुने सम्भावना रहेको छ।

# परिच्छेद ८

# संघीय एवं प्रादेशिक कार्यक्रम तथा योजना

यस परिच्छेदमा संघीय सरकार र प्रदेश सरकारको बजेट एवं कार्यक्रमको कार्यान्वयन अवस्था, प्रगति विवरण तथा कार्यन्वयनमा रहेका प्रमुख योजनाहरुको विश्लेषण गरिएको छ ।

## ८.१ संघीय र प्रदेशगत बजेटको वार्षिक प्रगति

आर्थिक वर्ष २०७८/७९ मा संघीय सरकारले कुल रु.१६ खर्ब ३२ अर्ब ८३ करोड बजेट विनियोजन गरेकोमा बजेटको अर्धवार्षिक समीक्षामार्फत् संशोधन गरी कुल रु.१५ खर्ब ४६ अर्ब ३० करोड बनाइएको थियो । उक्त बजेटमध्ये आर्थिक वर्ष २०७८/७९ को अन्तसम्ममा रु.१२ खर्ब ९६ अर्ब खर्च भएको छ । उक्त रकम संशोधित अनुमानको ८३.८ प्रतिशत हो ।

**तालिका ८.१ : आर्थिक वर्ष २०७८/७९ को संघीय बजेटको वार्षिक प्रगति विवरण**

| शिर्षक | बजेट रकम (रु.अर्बमा) | यथार्थ खर्च (रु.अर्बमा) | संशोधित अनुमान (रु.अर्बमा) | यथार्थ खर्च संरचना (प्रतिशत) |
|---|---|---|---|---|
| चालु खर्च | १०६५.३ | ९६१.५ | १०३५.५ | ७४.२ |
| पूँजीगत खर्च | ३७८.१ | २१६.३ | ३४०.० | १६.७ |
| वित्तीय व्यवस्था | १८९.४ | ११८.४ | १७०.५ | ९.१ |
| **जम्मा** | **१६३२.८** | **१२९६.२** | **१५४६.३** | **१००.०** |

*स्रोत : अर्थ मन्त्रालय २०७९, महालेखा नियन्त्रक कार्यालय २०७९*

आर्थिक वर्ष २०७८/७९ मा कुल प्रादेशिक बजेट रु.२ खर्ब ५५ अर्ब विनियोजन भएकोमा ७३.४ प्रतिशत (रु.१ खर्ब ८७ अर्ब ५२ करोड) खर्च भएको छ । जसमध्ये चालु खर्च ७२.८ प्रतिशत र पूँजीगत खर्च ७५.८ प्रतिशत खर्च भएको देखिन्छ । संघीय सरकारको प्रदेश सरकारको तुलनामा पूँजीगत बजेट खर्च गर्ने क्षमता समेत कमजोर रहेको छ ।


**तालिका ८.२ : आर्थिक वर्ष २०७८/७९ को प्रदेशगत बजेटको वार्षिक प्रगति विवरण**

| प्रदेश | बजेट रकम (रु.अर्बमा) | | | खर्च रकम (रु.अर्बमा) | | | खर्च (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | कुल | चालु | पूँजीगत | कुल | चालु | पूँजीगत |
| प्रदेश नं. १ | ३२.४६ | १७.४१ | १५.०५ | ३०.०७ | १३.२१ | १६.८५ | ९२.६ | ७५.९ | १११.९ |
| मधेश प्रदेश | ३४.८९ | १५.३२ | १९.५७ | २२.२६ | १०.३४ | ११.९२ | ६३.८ | ६७.५ | ६०.९ |
| बागमती | ५७.७२ | २२.५१ | ३३.२२ | ३७.९९ | १५.७० | २१.०० | ६५.८ | ६९.८ | ६३.२ |
| गण्डकी | ३०.०३ | १३.०६ | १६.७३ | २२.०८ | ७.६२ | १४.४६ | ७३.५ | ५८.३ | ८६.४ |
| लुम्बिनी | ४२.९४ | १८.१२ | २४.८२ | ३०.३९ | १२.९८ | १७.४१ | ७०.८ | ७१.७ | ७०.१ |
| कर्णाली | ३६.५४ | ११.४९ | २१.६५ | २३.८३ | ९.०८ | १४.७५ | ६५.२ | ७९.१ | ६८.१ |
| सुदुर पश्चिम | २०.९७ | ९.०२ | ११.९५ | २०.९० | ८.९२ | ११.९५ | ९९.५ | ९८.९ | १००.० |
| **जम्मा/समग्र** | **२५५.५** | **१०६.९** | **१४३.०** | **१८७.५२** | **७७.८५** | **१०८.३४** | **७३.४** | **७२.८** | **७५.८** |

*स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालयहरु, महालेखा नियन्त्रक कार्यालय, २०७९*

आर्थिक वर्ष २०७८/७९ मा सबैभन्दा बढी बागमती प्रदेशमा रु.५७ अर्ब ७२ करोड बजेट विनियोजन भएको थियो भने सुदूर पश्चिम प्रदेशमा सबैभन्दा कम रु.२० अर्ब ९७ करोड बजेट विनियोजन भएको थियो। खर्चतर्फ सुदूर पश्चिम प्रदेशमा सबैभन्दा बढी कुल विनियोजनको ९९.५ प्रतिशत र मधेश प्रदेशमा सबैभन्दा कम कुल विनियोजनको ६३.८ प्रतिशत खर्च भएको छ।

**चार्ट ८.१ : आर्थिक वर्ष २०७८/७९ को संघीय बजेटको वार्षिक प्रगति विवरण**




*स्रोत: अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय एवं आर्थिक मामिला तथा योजना मन्त्रालयहरु*

## ८.२ आर्थिक वर्ष २०७९/८० को प्रदेशगत बजेट र कार्यक्रमहरुको संक्षिप्त विवरण


नेपालको संविधान, २०७२ का अनुसार नेपाल संघीय संरचनामा गएको छ। संविधानको धारा-५६ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचनामा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरी संघीयतालाई राज्य सञ्चालनको मूल आधार मानेको छ। जसअनुसार संघ, ७ वटा प्रदेशहरु र ७५३ वटा स्थानीय तहहरु रहेका छन्। संविधानको धारा-११९ बमोजिम संघीय सरकारको अर्थमन्त्रीले हरेक आर्थिक वर्षको जेठ १५ गते संघीय संसदमा बजेट पेश गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ। आर्थिक वर्ष २०७९/८० को लागि संघीय सरकारले २०७९ जेठ १५ गते रु.१७ खर्ब ९३ अर्ब ८३ करोडको बजेट प्रस्तुत गरेको थियो। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद-७ को दफा-२१ अनुसार *"प्रदेशको अर्थमन्त्रीले प्रत्येक वर्ष असार महिनाको १ गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान प्रदेश सभामा पेश गर्नुपर्नेछ"* भन्ने व्यवस्था रहेको छ। सोही ऐनमा गाउँ कार्यपालिका र नगर कार्यपालिकाले असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगर सभामा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। सातवटै प्रदेशहरुले २०७९ असार १ गते आर्थिक वर्ष २०७९/८० को लागि कुलमा रु.३ खर्ब ५ अर्ब ४७ करोडको बजेट प्रस्तुत गरेका छन्।

**तालिका ८.४ : आर्थिक वर्ष २०७९/८० को प्रदेशगत बजेट विवरण**

| प्रदेशको नाम | बजेट (रु.अर्ब) | कुलमा प्रतिशत |
|---|---|---|
| प्रदेश नं १ | ३९.७४ | १३.० |
| मधेश प्रदेश | ४६.८८ | १५.३ |
| बागमती | ७०.९४ | २३.२ |
| गण्डकी | ३५.९१ | ११.८ |
| लुम्बिनी | ४२.६४ | १४.० |
| कर्णाली | ३२.६२ | १०.७ |
| सुदूरपश्चिम | ३६.७५ | १२.० |
| **कुल** | **३०५.४७** | **१००.०** |

*स्रोत : प्रदेशगत बजेट वक्तव्य ।*

**चार्ट ८.२ : प्रदेशको एकिकृत बजेटको वार्षिक प्रगति प्रवृति**




*स्रोत : प्रदेशगत बजेट वक्तव्य ।*


अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था बमोजिम प्रदेश सरकारहरुले आर्थिक वर्ष २०७५/७६ देखि राजस्व र व्ययको अनुमान प्रदेश सभामा प्रस्तुत गर्दै आइरहेका छन् । आर्थिक वर्ष २०७९/८० का लागि प्रदेश सरकारहरुले प्रस्तुत गरेको बजेटको विवरण निम्नानुसार रहेको छ ।

**तालिका ८.३ : आर्थिक वर्ष २०७९/८० को प्रदेशगत बजेटको विवरण** (खर्च अनुमान)

| प्रदेश | कुल बजेट | रकम (रु.अर्ब) | | | | प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०७९/८० | चालु | पुँजीगत | वित्तीय व्यवस्था | अन्तर सरकारी हस्तान्तरण | चालु | पुँजीगत | वित्तीय व्यवस्था | अन्तर सरकारी हस्तान्तरण |
| प्रदेश नं १ | ३९.७४ | १४.८८ | २१.५१ | ०.०० | ३.३५ | ३७.४ | ५४.१ | ०.० | ८.४ |
| मधेश प्रदेश | ४६.८८ | २१.७७ | २५.८२ | ०.१७ | ०.०० | ४६.४ | ५५.१ | ०.४ | ०.० |
| बाग्मती | ७०.९४ | १९.०२ | ४१.५६ | २.०० | ८.३५ | २६.८ | ५८.६ | २.८ | ११.८ |
| गण्डकी | ३५.९१ | १३.२७ | २२.१४ | ०.५० | २.११ | ३७.० | ६१.७ | १.४ | ५.९ |
| लुम्बिनी | ४२.६४ | १३.३३ | २४.४८ | ०.०० | ४.८३ | ३१.३ | ५७.४ | ०.० | ११.३ |
| कर्णाली | ३२.६२ | ९.१७ | १९.४३ | ०.०० | ४.०२ | २८.१ | ५९.६ | ०.० | १२.३ |
| सुदुर पश्चिम | ३६.७५ | १२.३० | २४.१४ | ०.३० | १.३६ | ३३.४ | ६५.७ | ०.८ | ३.७ |
| **कुल** | **३०५.४७** | **१०३.७३** | **१७९.०९** | **२.९७** | **२४.०३** | **३३.९६** | **५८.६३** | **०.९७** | **७.८७** |

*स्रोत : प्रदेशगत बजेट वक्तव्य ।*

**चार्ट ८.३ : प्रदेशगत कुल बजेटमा खर्चको प्रवृति**




*स्रोत : आर्थिक सर्वेक्षण २०७८/७९*

प्रदेश सरकारहरुले आर्थिक वर्ष २०७९/८० को क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न विनियोजन गरेको कुल रु.३ खर्ब ५ अर्ब ४७ करोड मध्ये चालुतर्फ रु.१ खर्ब ३ अर्ब ७३ करोड (३३.९६ प्रतिशत), पूँजीगततर्फ रु.१ खर्ब ७९ अर्ब ९ करोड (५८.६३ प्रतिशत), वित्तीय व्यवस्थातर्फ रु.२ अर्ब ९७ करोड (०.९७ प्रतिशत), र वित्तीय हस्तान्तरण तर्फ रु.२४ अर्ब ३ करोड (७.८७ प्रतिशत) विनियोजन गरेका छन् ।

**आर्थिक वर्ष २०७९/८० का लागि प्रदेश सरकारहरुले बजेटमा प्रस्ताव गरेका मुख्य-मुख्य नीति तथा कार्यक्रमहरुको विवरण तपसिल बमोजिम रहेका छन् ।**

| | |
|---|---|
| **प्रदेश नं. १** | • कृषि विकासका कार्यक्रमहरु सञ्चालन गर्न प्रदेशको आगामी दश वर्षे कृषि विकासको रणनीति तर्जुमा गरी कार्यक्रमहरु सञ्चालन गरिने । खाद्य सुरक्षाका लागि उत्पादन तथा उत्पादकत्व बढाउन उन्नत बिउ बिजनमा कृषकको पहुँच अभिवृद्धि गर्ने । रासायनिक मलको परनिर्भरतालाई क्रमशः कम गर्न प्राङ्गारिक मल उत्पादन गर्ने । व्यावसायिक कृषिको अवलम्बन, स्वरोजगारीको साधन भन्ने ध्येयका साथ कृषि तथा पशुपन्छीजन्य वस्तु उत्पादन गरी स्थानीय तहमै स्वरोजगार हुन चाहने युवाका लागि तरकारी, च्याउ र मह उत्पादन तथा पशुपन्छी पालन व्यवसाय सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गर्ने ।<br>• नव प्रवर्तन कृषि कार्यक्रम अन्तर्गत उपलब्ध गराइने कर्जामा ब्याज अनुदानको व्यवस्था गर्ने ।<br>• प्रदेशको औद्योगिक प्रोफाइल तयार गर्ने । उद्योग तथा वाणिज्य फर्म दर्ता, नविकरण लगायतका कार्यहरुलाई प्रभावकारी बनाउन घरेलु तथा साना उद्योग कार्यालयहरुबाट प्रदान गरिने सेवालाई अनलाइन प्रणालीमा आवद्ध गरिने । बहुमूल्य जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारको पकेट, ब्लक र जोनको रुपमा ब्यापक खेती विस्तार र प्रशोधन गरी निर्यात प्रवर्द्धन गरिने । जडिबुटीको प्रमाणीकरण गर्न अन्तर्राष्ट्रिय स्तरको प्रयोगशाला निर्माणको परियोजना प्रतिवेदन तयार गर्ने ।<br>• विराटनगरमा प्रदेश विपद् व्यवस्थापन केन्द्रको स्थापना गरिने । आगामी वर्ष झापा, मोरङ, सुनसरी र उदयपुरमा एकीकृत सेवा केन्द्र स्थापना गर्ने । |
| **मधेश प्रदेश** | • कृषि तथा पशु सेवा क्षेत्रमा अध्ययन गरेका स्नातकोत्तर वा स्नातक तहको एक/एक जना जनशक्तिको व्यवस्था प्रत्येक स्थानीय तहहरुमा मिलाइने । विभिन्न रोग तथा कीरा |

| | |
|---|---|
| | रोकथाम गर्न सबै कृषि तथा पशु सेवा ज्ञान केन्द्रहरुमा दक्ष प्राविधिक सहायता कक्षको स्थापना गरी हटलाईन सेवा उपलब्ध गराइने ।<br>• प्रदेशलाई दुग्ध र मासु उत्पादनमा आत्मनिर्भर बनाउन दुग्ध तथा मासु मिसन कार्यक्रम लागु गरिने ।<br>• **सिँचाई मे लगानी किसान के खुशहाली** नारालाई सार्थक बनाउन डिप टयुबेल, स्यालो टयुबेल तथा साना सिँचाई आयोजनाहरुको व्यवस्थापन गरिने । जडिबुटी विशेषता र उपलब्धताको आधारमा जडिबुटी प्रशोधन उद्योग स्थापना गरिने ।<br>• प्रादेशिक लगानी सेवा केन्द्रको गठन गर्ने, चार्जिङ्ग स्टेशन निर्माण गर्ने । विद्युतीय सवारी साधनको लागि छुट्टै सवारी साधन करको दररेट निर्धारण । |
| **बागमती प्रदेश** | • उत्पादनमा आधारित प्रोत्साहन बाहेकका सबै अनुदान खारेज गरिएको । वास्तविक किसानलाई सहयोग पुऱ्याउने उद्देश्यले घुम्तीकोष स्थापना गरिने । बाँझो एवं उपयोगविहीन खेतीयोग्य जमिन किसानलाई लीजमा उपलब्ध गराउने व्यवस्था मिलाइने ।<br>• डेरी एक्सेलेन्सी सेन्टर स्थापना गर्ने । व्यावसायिकताका आधारमा किसानहरुको वर्गीकरण गरी किसान परिचयपत्र वितरण गरिने ।<br>• प्रदेशभित्र निर्माणाधिन दश वटा शीत भण्डार आगामी वर्ष सम्पन्न गरिने ।<br>• एक वडा एक पशु स्वास्थ्य क्लिनिक तथा कृषि प्राविधिकको व्यवस्था गरिने ।<br>• निर्माणधीन उद्योग ग्राम सम्पन्न गर्न तथा सिन्धुली जिल्लाको हरिहरपुरगढी र मकवानपुर जिल्लाको मनहरीमा नयाँ औद्योगिक क्षेत्रको निर्माण गरिने ।<br>• आर्थिक वर्ष २०७९/८० लाई घुमफिर वर्षको रुपमा घोषणा गरी कार्यान्वयन गरिने ।<br>• लाङटाङ, जुगल, गणेश तथा गौरीशंकर हिमाली क्षेत्रमा पर्वतीय पर्यटन प्रवर्द्धन गरिनेछ । तामाकोशी, भोटेकोशी, त्रिशुली, नारायणी लगायतका नदीहरुमा जल पर्यटनको विकास गरिने ।<br>• गोसाईकुण्ड एकीकृत विकास परियोजना तथा रुबी भ्याली एकीकृत विकास कार्यक्रम अगाडि बढाउने ।<br>• प्रदेशभित्र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको शहरी विकास र वातावरण विशिष्टिकृत अनुसन्धान केन्द्र स्थापना गरिने ।<br>• मुख्यमन्त्री सीप विकास तथा रोजगार कार्यक्रममार्फत् प्रदेश भित्रका दश हजार युवालाई स्वदेश मै स्वरोजगारमूलक सीप दिने ।<br>• कम्तीमा ५० बेडको सुविधा सम्पन्न प्रदेशस्तरीय सरुवा रोग अस्पताल स्थापना गर्ने तथा हेटौडा अस्पताललाई दुई सय बेडको अस्पतालमा स्तरोन्नति गर्ने ।<br>• निर्माणाधिन गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको काम अघि बढाउने । भैंसे-भिमफेदी सडक खण्ड दुई लेनमा स्तरोन्नति गरिने ।<br>• सिमेन्ट उद्योगहरुमाथि लाग्दै आएको प्रति किलोग्राम प्राकृतिक स्रोत उपयोग शुल्क खारेज गरिएको । |
| **गण्डकी प्रदेश** | • आत्मनिर्भताको लागि कृषि उत्पादन कार्यक्रम कार्यान्वयन गर्ने । विभिन्न बालीका प्रमाणित बीउ उत्पादनका आधारमा र दूध उत्पादनका आधारमा प्रोत्साहन अनुदान उपलब्ध गराउने । स्याउमा आत्मनिर्भर हुन स्याउ विशेष र शितोष्ण फलफुल विकास कार्यक्रमलाई निरन्तरता दिने ।<br>• प्रमुख तालहरुको कनेक्सन ट्रेलको विकास गरिने । एक स्थानीय तह एक प्रमुख पर्यटकीय पदमार्ग निर्माण गरिने ।<br>• होमस्टेमा स्थानीय उत्पादनमा आधारित खाद्यान्न प्रयोगलाई अनिवार्य बनाई एग्रो पर्यटन प्रवर्द्धन गरिने ।<br>• प्याराग्लाईडिङ्गको वैकल्पिक स्थानको खोजी गरी थप पर्यटकीय गतिविधि बढाउने ।<br>• एक स्थानीय तह एक उद्योग ग्राम स्थापना र सञ्चालनलाई निरन्तरता दिने । |

| | |
|---|---|
| | • नेपाल सरकारसँगको साँझेदारीमा धौवादी फलाम खानी सञ्चालन गर्ने । <br>• गण्डकी प्रदेशमा ५० बेडको मुटु रोग अस्पतालको सम्भाव्यता अध्ययन र मृगौला ट्रान्सप्लान्टका लागि उपकरण खरिद गरिने । <br>• गोरखाको आरुघाट हुँदै तिब्बत जोड्ने रुइला नाकासम्म पुग्ने बाँकी सडकको सम्भाव्यता अध्ययन गर्ने । <br>• पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाट पोखराको लेकसाइड र लेखनाथसम्म पुग्न सक्ने वैकल्पिक मार्ग सम्बन्धमा अध्ययन गर्ने । <br>• प्रदेशमा डाटा सेन्टर स्थापना गरी सञ्चालनमा ल्याइने । <br>• कृषि क्षेत्रमा प्रदान गरिने अनुदानलाई लक्षित वर्गसम्म पुऱ्याउन सूचना प्रणालीमार्फत् अनलाइन आवेदन माग छनोट र अभिलेखीकरण गर्ने सफ्टवेयर प्रणालीको व्यवस्था गरिएको । |
| **लुम्बिनी प्रदेश** | • दाङ्गको देउखुरीमा रहेको राप्ती उपत्यकामा राजधानी व्यवस्थापन, लुम्बिनी प्राविधिक विश्वविद्यालय, लुम्बिनी प्रादेशिक अस्पताल र पाल्पाको रामपुरदेखि रोल्पाको पातिहाल्ना सम्मको सडकलाई प्रादेशिक गौरवका आयोजनाको रुपमा कार्यान्वयन गर्ने । <br>• एक स्थानीय तह, एक नमुना उत्पादन नीति अनुसार बाली वस्तु प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गरिने । एक स्थानीय तह एक वन नर्सरी कार्यक्रम कार्यान्वयन गरिने । <br>• यस वर्ष प्रदेशलाई गहुँ बीउमा आत्मनिर्भर हुने गरी बीउ उत्पादन कार्यक्रम कार्यान्वयन गरिने । <br>• **कृषकको अवस्थितिः कृषि प्राविधिकको उपस्थिति** नारा बमोजिम ७५ हजार घरधुरीमा प्रत्यक्ष कृषि तथा पशुपन्छी प्राविधिक सेवा उपलब्ध गराइने । <br>• लुम्बिनी प्रादेशिक अस्पताललाई प्रादेशिक मेडिकल कलेजमा स्तरोन्नति गर्न पहल गरिने । <br>• थारु समुदायमा हुने रगतजन्य वंशाणुगत रोगको स्क्रिनिङ, रोकथाम तथा उपचारका लागि रु.३ करोड ३० लाख विनियोजन गरिएको । <br>• प्रदेशस्तरीय ज्येष्ठ नागरिक ग्राम निर्माण गरिने । <br>• गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नजिक प्रर्दशनी एवम् बिक्री कक्ष (कोशेली घर) सञ्चालन गरिने । <br>• कपिलवस्तुमा कपिल कागज उद्योग स्थापनाको कार्य अगाडि बढाइने । बुटवल धागो कारखाना र नवलपरासीको चिनी मिल पुनःसंरचना गरी सञ्चालनमा ल्याउन र खजुराको कपास खेतीलाई विस्तार गर्न सम्भाव्यता अध्ययन गरिने । <br>• मुख्य सडक र सार्वजनिक स्थलहरुमा सौर्य बत्ती जडान गरिने । प्रदेशका प्रमुख शहर जोड्ने रुटहरुमा विद्युतीय बस सेवा सञ्चालन गरिने । <br>• एक स्थानीय तह एक खेलकुद संरचनाको नीति अनुरुप पालिकास्तरीय खेलकुद पूर्वाधारको निर्माण गरिने । <br>• मायादेवी मन्दिरको उत्तरतर्फ माइक्रो रेल सञ्चालनको लागि परियोजना प्रतिवेदन तयार गरिने । <br>• डिजिटल प्रदेश बनाउने अभियानलाई अगाडि बढाउन सूचना प्रविधि नीति तथा डिजिटल प्रदेश गुरुयोजना तयार गरी डाटा सेन्टर स्थापना गरी सञ्चालनमा ल्याइने । <br>• रोजगारदाता र बेरोजगारहरु बीचको सम्पर्क प्लेटफर्मको रुपमा मोबाइल एप तयार गरिने । |
| **कर्णाली प्रदेश** | • पर्यटकीय सडकको रुपमा रहेका जुम्ला एयरपोटा-उर्थुखाली-न्याउरीघाट-बलुबलु र कालिकोट लालु-लैफु -कोटवाडा-रुप्सा हुँदै सुदूरपश्चिम प्रदेशको रामारोशन जोड्ने सडक निर्माण कार्य अगाडि बढाइने । <br>• प्रदेश राजधानी वीरेन्द्रनगरमा कर्णाली बस पार्क निर्माण गरिने । <br>• विद्युत विकास सम्बन्धी संस्थागत संरचना स्थापना गर्ने । |

| | |
|---|---|
| | • कर्णाली प्रदेशका सम्पूर्ण नागरिकलाई कोभिड-१९ विरुद्धको खोप लगाउने व्यवस्था गरिने ।<br>• प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको स्थापना गरी सञ्चालन गरिने ।<br>• सडक दुर्घटना र अन्य घटनामा परी घाइते हुने व्यक्तिहरुको तत्काल उपचारका लागि दैलेख जिल्लाको राकम कर्णालीमा ट्रमा सेन्टर स्थापना गरिने ।<br>• प्रदेश अस्पताल सुर्खेतलाई स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा विकास गरी ५०० शैयाको बनाउने व्यवस्था मिलाइएको । सुर्खेत जिल्लाको छिन्छुमा प्रदेशस्तरीय सरुवा रोग अस्पताल स्थापना गरिने ।<br>• निर्माणधीन प्रदेश रङ्गशालामा दशौं राष्ट्रिय खेलकुद आयोजना गर्न निर्माण कार्यलाई तिब्रता दिने ।<br>• कृषि प्राविधिक स्वरोजगार प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिई थप २०० जना कृषि प्राविधिकलाई स्वरोजगार बनाउने ।<br>• दुग्ध उत्पादन वृद्धि गर्न औपचारिक क्षेत्रमा दूध विक्री गरेमा कृषकलाई प्रति लिटर रु.१० वा रु.५ का दरले अनुदान दिने ।<br>• बर्दियाको ठाकुरद्वाराबाट सुर्खेतको तेलपानी रानीघाट हुँदै दैलेखको पञ्चकोशीसम्म पर्यटकीय सर्किटको रुपमा विकास गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्ने व्यवस्था मिलाइने ।<br>• गौतमबुद्धको जन्मस्थल लुम्बिनी आउने पर्यटकलाई काँक्रेविहारको भ्रमणसँग आवद्ध गरिने ।<br>• समृद्ध कर्णालीको आधारः सूचना तथा सञ्चार प्रविधिको विस्तार अभियान अन्तर्गत विद्युतीय शासन गुरुयोजना तयार गरी कार्यान्वयन गरिने । |
| **सुदुरपश्चिम प्रदेश** | • धान मिल मोडलमा धान उत्पादन वृद्धिको विशेष कार्यक्रम सञ्चालन गरिने ।<br>• दार्चुला जिल्लामा प्राङ्गारिक अदुवा उत्पादन, व्यावसायिक फलफूल खेती तथा तरकारी, आलु र मसला खेती प्रवर्द्धन तथा विस्तार गरिने ।<br>• जुनोटिक रोग नियन्त्रणका लागि आवश्यक रणनीति तय गरी पशु खोप अभियान कार्यक्रम अन्तर्गत पशुमा खोप लगाउने व्यवस्था गर्ने ।<br>• चिसापानी-राजकाँडा-पण्डौन-बजेडी-खैराला हुँदै खानीडाँडासम्म गुरिल्ला ट्रेल निर्माण गरिने ।<br>• खप्तड क्षेत्र, रामारोशन क्षेत्र, बडिकेदार क्षेत्र र बैद्यनाथ धाम क्षेत्रमा पर्यटन विकास कार्य गरिने ।<br>• पहाडी क्षेत्रका परम्परागत शैलीका घरलाई हेरिटेज होमस्टेका रुपमा विकास गरी पर्यटकीय सेवा विस्तारमा जोड दिइने ।<br>• प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना सञ्चालन गरिने ।<br>• एक जिल्लामा कम्तिमा दुई विशेषज्ञ चिकित्सक वर्षभरी नै सेवामा रहने व्यवस्था मिलाइने ।<br>• कानुनी तथा संरचनात्मक व्यवस्था गरी प्रदेश प्राविधिक विश्वविद्यालय सञ्चालनमा ल्याइने ।<br>• शान्ति सुरक्षा, सडक सुरक्षा, ट्राफिक व्यवस्थापनका लागि प्रमुख राजमार्गमा सि.सि.टि.भी. क्यामरा तथा लाइट जडान गरिने । |

## ८.३ नेपालको सार्वजनिक ऋणको अवस्था

नेपाल सरकार अर्थ मन्त्रालय, सार्वजनिक ऋण कार्यालयको विवरण अनुसार नेपाल सरकारको ऋणको हिस्सा विगतका वर्षहरुको तुलनामा पछिल्लो वर्षहरुमा बढिरहेको देखिन्छ । आर्थिक वर्ष २०७६/७७ मा सार्वजनिक ऋण रु.१४ खर्ब २७ अर्ब १८ करोड रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो ऋण रु.२० खर्ब १३ अर्ब ३० करोड कुल पुगेको छ । जसमध्ये रु.९ खर्ब ८७ अर्ब ४५ करोड आन्तरिक ऋण र रु. १० खर्ब २५ अर्ब

९० करोड वाह्य ऋण रहेको छ। आर्थिक वर्ष २०७९/८० को पहिलो त्रयमास (असोज) सम्ममा रु.२० खर्ब ७ अर्ब ८४ करोड कुल सार्वजनिक ऋण वक्यौता रहेको छ।

**तालिका ८.४ : नेपालको सार्वजनिक ऋणको अवस्था**


रु.अर्ब

| आर्थिक वर्ष | आन्तरिक ऋण | बाह्य ऋण | कुल ऋण |
|---|---|---|---|
| २०७६/७७ | ६१३.२१ | ८१३.९७ | १४२७.१८ |
| २०७७/७८ | ८००.३२ | ९८४.२८ | १७८४.६० |
| २०७८/७९ | ९८७.४५ | १०२५.९ | २०१३.३० |
| २०७९/८०* | ९५७.६१ | १०५०.२३ | २००७.८४ |

**२०७९ असोजसम्मको विवरणमा आधारित*

*स्रोत : सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

**चार्ट ८.४ : नेपालको सार्वजनिक ऋण**




*स्रोत : सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

## ८.४ अन्य कार्यक्रमको कार्यान्वयन

### प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

राष्ट्रिय प्राथमिकता, आवश्यकता र स्थानीय सम्भाव्यताका आधारमा तोकिएको बाली र वस्तुमा तोकिएको न्युनतम क्षेत्र र संख्यामा कृषि उत्पादनलाई प्रोत्साहन गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सुपरजोन, जोन, ब्लक र पकेट कार्यक्रम सञ्चालनमा रहेका छन्। न्यूनतम १००० हेक्टरमा सञ्चालन भएको वृहत् व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्रका रुपमा सुपरजोन र न्यूनतम ५०० हेक्टरमा सञ्चालन भएको व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्रका रुपमा जोनहरु सञ्चालन गरिएको छ। जिल्ला स्तरमा कृषि उत्पादन केन्द्रका रुपमा ब्लक र प्राथमिक उत्पादन इकाईका रुपमा पकेटहरु रहेका छन्। मौरी, च्याउ, हाइटेक ग्रीनहाउस, प्लाष्टिक हाउस र तोकिएको संख्या तथा क्षेत्रफलमा सञ्चालन गरिएको माछापोखरीलाई प्राथमिकतामा राखी न्यूनतम १०० हेक्टरमा सञ्चालित व्यावसायिक कृषि उत्पादन केन्द्रका रुपमा ब्लक र साना व्यावसायिक कृषि उत्पादन केन्द्रको रुपमा पकेट सञ्चालन गरिएको छ।

**तालिका ८.५ : प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको लक्ष्य तथा कार्यान्वयन अवस्था**

| विवरण | लक्ष्य | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|---|---|
| पकेट | १५,००० | १,९३१ | २,०२३ | २,७७६ | ४,३७२ | ६,७४२ | ३२८३ |
| ब्लक | १,५०० | १४३ | १४६ | ३३६ | ६०६ | १,२२७ | ९९९ |
| जोन | ३०० | ३० | ४२ | ७५ | १०६ | १०६ | १७७ |
| सुपरजोन | २१ | ७ | १० | १४ | १६ | १६ | १६ |

*स्रोतः प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, २०७९*

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम अन्तर्गत ५८ कार्यान्वयन इकाईमार्फत् ७७ जिल्लामा १७७ जोन र १६ सुपर जोन सञ्चालनमा रहेका छन्। आर्थिक वर्ष २०७७/७८ सम्म १०६ जोन सञ्चालनमा रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा ७१ जोन थप भएको छ। यसैगरी, आर्थिक वर्ष २०७८/७९ मा ३७८ वटा नयाँ ब्लक र ९६४ वटा नयाँ पकेट थप भएको छ। आर्थिक वर्ष २०७८/७९ सम्ममा यस कार्यक्रमअन्तर्गत ३ हजार २ सय ८३ पकेट र ९ सय ९९ ब्लक सञ्चालनमा रहेका छन्।

आर्थिक वर्ष २०७८/७९ मा थप भएका ७१ जोनमध्ये प्रदेश १ मा ११, मधेश प्रदेशमा ८, बागमती प्रदेशमा ११, गण्डकी प्रदेशमा १२, लुम्बिनी प्रदेशमा १३, कर्णाली प्रदेशमा ९, र सुदूरपश्चिम प्रदेशमा ७ वटा रहेका छन्। आर्थिक वर्ष २०७८/७९ सम्ममा स्थापना भएका १६ सुपरजोनमध्ये ४ धान, १ मकै, १ गहुँ, २ आलु, ३ माछा, १ स्याउ, १ सुन्तला, र १ जुनारसँग सम्बन्धित रहेका छन्।

आर्थिक वर्ष २०७८/७९ मा परियोजनाको वार्षिक अवधिको एकमुष्ठ भारित प्रगति ८९.९७ प्रतिशत र वित्तीय प्रगति ७९.७७ प्रतिशत रहेको छ। वार्षिक अवधिमा सबैभन्दा बढी वित्तीय प्रगति गर्ने मधेश प्रदेश ८५.३२ प्रतिशत र कम वित्तीय प्रगति गर्ने लुम्बिनी प्रदेश ७०.४५ प्रतिशत रहेको छ।

# परिच्छेद ९
# आर्थिक परिदृष्य

## ९.१ मूल्य स्थिति

विश्वव्यापी रुपमा भएको इन्धन तथा खाद्य वस्तुको मूल्यवृद्धि, आपूर्ति प्रणालीमा आएको व्यवधान तथा नेपाली मुद्रा अमेरिकी डलरसँग अवमूल्यन भएका कारणले आर्थिक वर्ष २०७८/७९ का पछिल्ला महिनाहरुमा मुद्रास्फीतिमा चाप पर्न गयो। यद्यपि, आर्थिक वर्ष २०७८/७९ को शुरुवाती महिनाहरुमा न्यून मुद्रास्फीति रहेको कारण वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ६.३२ प्रतिशतमा सीमित रहयो।

गत आर्थिक वर्षको अघिल्ला महिनाहरुमा न्यून मूल्य सूचकाङ्क कायम रहनु, रुस युक्रेन युद्वको अन्त्य तत्कालै हुने सम्भावना नरहुनु, पेट्रोलियम पदार्थको मूल्य तथा ढुवानी खर्चमा तत्काल ठूलो गिरावट आउने सम्भावना कम रहनु, देशभित्र न्यून उत्पादन रहनु, स्वास्थ्य, शिक्षा जस्ता सेवाहरुमा समेत मूल्य समायोजन हुनु तथा आपूर्ति प्रणालीमा सहजता आउन समय लाग्ने सम्भावना रहनु जस्ता कारणहरुले गर्दा चालु आर्थिक वर्ष २०७९/८० को शुरुवाती महिनाहरुमा समेत मुद्रास्फितिमा चाप पर्ने देखिन्छ।

यद्यपी विस्तारै कच्चा पेट्रोलियम पदार्थको मूल्यवृद्धिमा कमी हुँदै जाने, विगतमा अधिकांश केन्द्रीय बैंकहरुले लिएको कडा नीतिहरुका कारण विश्वव्यापी समष्टिगत माग गत वर्षको तुलनामा कम हुँदै जाने तथा छिमेकी देश भारतमा समेत मुद्रास्फिति कम हुँदै जाने आँकलनको आधारमा चालु आर्थिक वर्षका पछिल्ला महिनाहरुमा मुद्रास्फितिको दरमा कमी आउने अपेक्षा गर्न सकिन्छ। समग्रमा चालु आर्थिक वर्ष २०७९/८० को अन्त सम्म वार्षिक औसत उपभोक्ता मुद्रास्फीति मौद्रिक नीतिले निर्धारण गरेको लक्ष्य बमोजिम ७.०० प्रतिशतकै हाराहारीमा रहने सम्भावना देखिन्छ।

## ९.२ कृषि उत्पादन

आर्थिक वर्ष २०७९/८० मा समयमै रोपाई भएको, नेपाल सरकारले कृषिमा आयात न्यूनीकरण गर्दै कृषि उत्पादनमा आत्मनिर्भर बनाउने कार्यक्रम ल्याएको, प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा कृषिलाई प्राथमिकतामा राखिएको र सिँचाई, मल लगायतका कृषि पूर्वाधारको सहजता हुँदै गएकोले कृषि उत्पादन आगामी वर्ष केही वृद्धि हुने अपेक्षा गरिएको छ। कृषि क्षेत्रका सम्बन्धमा नेपाल सरकारले प्रदान गर्ने सहुलियतपूर्ण कर्जा, वैदेशिक रोजगारीबाट फर्केका श्रमिकलाई कृषि अनुदान जस्ता सुविधाहरुले आगामी वर्षमा यस क्षेत्रमा वृद्धि हुने अनुमान गरिएको छ।

यस वर्ष धानबाली लगाउने समयमा भएको मौसम अनुकुलको वर्षाका कारण समयमै सोको खेती लगाइएको, मल बीउ बिजन तथा प्रविधिमा गत वर्षको तुलनामा भएको सामान्य सुधारको कारणले गर्दा धान उत्पादन समीक्षा वर्षको तुलनामा आर्थिक वर्ष २०७८/७९ मा केही वृद्धि हुने अनुमान गरिएको छ। यसैगरी, २०७९/८० को मौद्रिक नीतिमा बैंक तथा वित्तीय संस्थाहरुले कृषि क्षेत्रमा कर्जा प्रवाह गर्नुपर्ने अनिवार्य व्यवस्थालाई कायमै राखिएको, विभिन्न जिल्लाहरुमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको ब्लक, पकेट, जोन एवं सुपरजोन विकास कार्यक्रम सञ्चालनमा आएको, उन्नत तथा हाईब्रिड जातको तरकारीको बीउ बिजनको प्रयोग बढ्दै गएको, आधुनिक प्रविधिको प्रयोग र सिँचाइ सुविधामा वृद्धि लगायतका कारणहरुले तरकारी उत्पादन वृद्धि हुने अनुमान गरिएको छ।

## ९.३ औद्योगिक उत्पादन

बैंकिङ क्षेत्रमा देखिएको तरलता अभाव, व्याजदर वृद्धि, अन्तर्राष्ट्रिय रुपमा भएको तेल तथा अन्य कच्चा पदार्थको मूल्य वृद्धि लगायतका कारण हाल उद्योग सञ्चालनमा केही कठिनाई आएको अवस्था छ ।

तथापि, उद्योगको उत्पादन क्षमता बढ्दै गरएको, विद्युत आपूर्ति बढ्दै गएको, सरकारले उत्पादनमूलक उद्योगका लागि लिएको नीतिगत व्यवस्था, विप्रेषण आप्रवाहमा आएको सुधारले नेपालीको खरिद क्षमतामा आएको वृद्धि, जुत्ता, सिमेन्ट लगायतका उत्पादन निर्यातमा नगद अनुदानका कारण बस्तुको प्रभावकारी माग कायमै रहने तथा वैदेशिक लगानी प्रतिवद्धता लगायतका कारणले उद्योग क्षेत्र क्रमशः सुधार हुँदै जाने अनुमानका आधारमा चालु आर्थिक वर्ष २०७९/८० मा औद्योगिक उत्पादन वृद्धि हुन सक्ने देखिन्छ ।

## ९.४ सेवा क्षेत्र

कोभिड-१९ को महामारीपश्चात् आर्थिक गतिविधि वृद्धि हुँदै गएकोले पर्यटन आगमन दर केही बढेको, होटल क्षेत्रमा लगानी वृद्धि हुँदै गएको, आन्तरिक पर्यटनमा मानिसहरुको रुची बढेको, आन्तरिक तथा बाह्य पर्यटकको संख्यामा वृद्धि हुदै गएको, डिजिटल प्रविधिको प्रयोग बढ्दै गएको, खुद्रा तथा थोक व्यापारमा विस्तार भएकोले आर्थिक वर्ष २०७९/८० मा सेवा क्षेत्रमा पनि सुधारहरु आउने देखिन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई उडानको संख्या बढ्दै गएको र थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विमानस्थलहरु सञ्चालनको क्रममा रहेको सन्दर्भमा आन्तरिक तथा बाह्य पर्यटकहरुको संख्या बढ्दै जाने देखिएको छ । यद्यपी, कोरोना कोभिड-१९ संक्रमणका नयाँ भेरियन्ट देखिन थालेकाले पर्यटन क्षेत्रमा केही अनपेक्षित चुनौतीहरु पनि सृजना हुनसक्ने देखिन्छ ।

## ९.५ पूर्वाधार क्षेत्र

निजी तथा सरकारी क्षेत्रबाट निर्माणाधीन जलविद्युत आयोजना, विद्युत प्रसारण लाइन निर्माण, सुरुङ्गमार्ग निर्माण जस्ता केही महत्वपूर्ण पूर्वाधार आयोजनाहरु तथा सुनकोशी मरिन, सिक्टा, बबई, भेरी बबई डाइभर्सन, रानी-जमरा कुलरिया तथा महाकाली लगायतका सिँचाइ आयोजनाहरुको निर्माण एवं विस्तारले तीव्रता पाउने अनुमान गरिएको छ ।

सिमेन्ट रड लगायतका निर्माण सामाग्री तथा मजदुरको आपूर्ति सहज हुँदै गएको, गौतम बुद्ध तथा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको/आउने क्रममा रहेको, प्रशारण लाइन तथा सडक मर्मत आयोजना सुरु भएको, सुरुङमार्ग लगायतका पूर्वाधारहरुको निर्माण कार्य अघि बढेको जस्ता कारणहरुले पूर्वाधार क्षेत्रको विस्तार हुने देखिन्छ ।

## ९.६ वाह्य क्षेत्र

समग्र माग व्यवस्थापन तथा आयात निरुत्साहित गर्न नेपाल सरकार र नेपाल राष्ट्र बैंकवाट लिइएका नीतिगत व्यवस्थाका कारण आयातको वृद्धिमा केही कमी आएको छ । साथै, विप्रेषण आप्रवाह तथा पर्यटन आयमा भएको बृद्धिका कारण चालु खाता, शोधनान्तर स्थिति तथा विदेशी विनिमय सञ्चितिमा समेत सुधार हुँदै गएको छ भने वाह्य क्षेत्र स्थायित्वमा देखापरेको जोखिम क्रमशः कम हुँदै गएको छ । तथापि, आयात निरुत्साहित गर्न लिइएका नीतिहरु क्रमशः सहज बनाउँदै जाँदा आगामी दिनमा वाह्य क्षेत्रमा पुनः दबाब सिर्जना हुन सक्ने अवस्था विद्यमाननै छ । तसर्थ, मुलुकको आन्तरिक उत्पादन प्रणालीमा सुधार गर्दै सार्वजनिक खर्च व्यवस्थापनमा मितव्ययिता अपनाइएमा मात्र दीर्घकालिन रुपमा वाह्य क्षेत्रको सन्तुलन कायम हुने र विदेशी विनिमय सञ्चिति व्यवस्थापनमा सहजता आउन सक्ने देखिन्छ ।

***